# शारदा

मासिक

वर्ष १ अङ्क २ / २०६३ फागुन






ऐतिहासिक
मौलिक आवरण

२


SPA
CASINO
GOLF
The Fulbari
RESORT & SPA
POKHARA • NEPAL
Destination Paradise
Tel No: 432451,431875, Fax No:431482, Email:resvpkr@fulbari.com.np Website: http://www.fulbari.com

वर्ष १, अङ्क २

वि.सं. २०६३ फागुन

# शारदा

जि.प्र.का.का.द.नं. ५२/०६३

*स्थापना दर्ता नं. ००१*

*प्रथम प्रकाशन मिति वि.सं. १९९१ फागुन*



**संस्थापक सम्पादक/प्रकाशक**

सुब्बा ऋद्धिबहादुर मल्ल

**संस्थापक सदस्य**

सिद्धिबहादुर मल्ल

**संरक्षक**

गोबिन्दबहादुर मल्ल 'गोठाले'

सुरेन्द्रबहादुर मल्ल

डा. फत्तेबहादुर मल्ल

डा. समरबहादुर मल्ल

श्रीमती लक्ष्मी मल्ल

श्रीमती शान्ति प्रधान

सुरेशबहादुर मल्ल

श्रीमती रोहिणी अमात्य

**प्रकाशक**

शान्तबहादुर मल्ल

**सल्लाहकार-मण्डल**

शिव रेग्मी

इन्द्र माली

मोहन दुवाल

उद्धव उपाध्याय

कोमल प्रकाश घिमिरे

**प्रधान सम्पादक**

नरेन्द्रबहादुर श्रेष्ठ

**कार्यकारी सम्पादक**

विमल भौकाजी





फुकाई सत्य–मानवता यही नेपाल भाषामा,
पहाडी जीवनी हाम्रो जगाऔं 'शारदा' द्वारा ।

# सम्पादकीय विचार

सर्वप्रथम त हामी ***शारदा*** को यो दोस्रो अङ्कमार्फत तपाईंहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं । ***शारदा*** को पहिलो अङ्कलाई यहाँहरूले अत्यन्त हार्दिकताका साथ मन पराइदिनु भयो । साहित्यिक पत्रिका भनेपछि मुन्टो बटारिने साहित्यको नाजुक बजारमा एउटै पत्रिका पसलबाट पचासौंप्रति ***शारदा*** बिक्री हुनु ***शारदा*** - समूहका लागि मात्रै होइन सम्पूर्ण साहित्यानुरागीका लागि गौरवको विषय हो । तथापि ***शारदा*** को त्यो पहिलो अङ्कमा धेरै थोक पुग-अपुग, थप-घट हामीलाई आभास नभएको होइन । हामीले भनेकै थियौं- यसलाई परिष्कृत गर्दै लैजाने हाम्रो प्रयास हुनेछ ।

धेरै शुभचिन्तकहरूबाट धेरै किसिमका प्रतिक्रियाहरू हामीलाई प्राप्त भएका छन्- चिठीपत्र, इमेल, टेलिफोन र मौखिक रूपमै पनि । एक जना शुभचिन्तकले अत्यन्त रोचक ढङ्गले भन्नु भयो- गुन्यूचोलो पटुकीमा ***शारदा*** आउला भन्ने लागेको थियो तर जिन्सपाइन्टमा पो आएछ । फेरि अर्को शुभचिन्तकले भन्नुभएको थियो- बढी नै प्रोफेसनल बनाउनु भएछ शारदालाई । फेरि कसैले आशङ्का पनि जाहेर गर्नुभयो- यति महँगो रूपको साज-सज्जालाई सधैं कायम राख्न सक्नुहोला ?

समग्रमा, यी भनाइहरूबाट यो स्पष्ट भएको छ कि राजनीतिले दिनानुदिन गाँज्दै लगिरहेको कारणबाट साहित्यिक चिन्तनहरू धराशयी बन्दै गइरहेको यो विकृतिजन्य अवस्थामा कम्तीमा ***शारदा*** ले नेपाली साहित्यिक बजारमा केही नयाँ तरङ्ग पैदा गराएको छ ।

पाठकहरूको स्वस्थ प्रतिक्रिया नै साँचो अर्थमा हाम्रो ऊर्जा हो, त्यसमा पनि ***शारदा*** प्रति स्नेहभाव राखेर प्रेषित गरिएका लेख रचनाहरूले त्यो ऊर्जामा थप हौसला प्रदान गर्नेमा कुनै शङ्का छैन । त्यो हौसलालाई हामी प्रतिबद्धताका साथ बढीभन्दा बढी जनजीवनको नजिक पुऱ्याउने कोशिस गर्नेछौं ।

धन्यवाद !

कार्यकारी सम्पादक

प्रधान सम्पादक

**शारदा** मासिक
वर्ष १, अङ्क २, वि.सं. २०६३ फागुन

**शारदा** **मासिकको ठेगाना**
लाजिम्पाट, काठमाडौं
पो.ब.नं.१९११३
इमेल:sharadamasik@gmail.com

**मूल्य रू. ५०/-**
**भारतमा भा.रू. ५०/-**
**विदेशमा $ २.००**

Sharada Masik

A Collection of Contemporary Nepali Literature.



*आवरण चित्र*



शशि शाह

**साजसज्जा तथा फिल्म सेपरेशन**
डिजीस्क्यान प्रि-प्रेस प्रा.लि.

**मुद्रण**
इण्डस ग्राफिक्स्, फोन नं. ९८५१०२६२४२



# विषयक्रम


१ ***शारदा*** *का ऐतिहासिक मौलिक पृष्ठहरू* ..... ५
२ कविता / *कृष्णभक्त श्रेष्ठ* ..... १३
३ कथा / *परशु प्रधान* ..... १४
४ संस्मरण / *मञ्जुल* ..... २१
५ लेख / *प्रा.डा. डीपी भण्डारी* ..... २६
६ गीत / *किरण खरेल* ..... २८
७ कविता / *डा. मीनबहादुर विष्ट* ..... २९
८ सामयिकी / *मोदनाथ प्रश्रित* ..... ३१
९ पुस्तक चर्चा ..... ३५
१० कुराकानी / *माधवलाल कर्माचार्य* ..... ३६
११ कविता / *सरस्वती शर्मा 'जिज्ञासु'* ..... ३९
१२ पर्यटन निबन्ध / *श्रीभद्र शर्मा* ..... ४१
१३ दिवङ्गत स्रष्टाको सिर्जना / *भैरव अर्याल* ..... ४६
१४ लेख / *नृपेन्द्र पुरुष 'यादि'* ..... ४८
१५ लघुकविता / *आनन्दराम पौडेल* ..... ४९
१६ कथा / *रमेश क्षितिज* ..... ५१
१७ गीत / *नवराज लम्साल* ..... ५५
१८ लघुकथा / *गोरख ब. सिंह* ..... ५६
१९ रचनागर्भ / *व्याकुल माइला* ..... ५७
२० सिर्जना-मञ्च / *नवराज सुब्बा* ..... ५९
२१ लोकसंस्कृति / *सत्यमोहन जोशी* ..... ६१
२२ व्यङ्ग्य / *चन्द्रप्रसाद भट्टराई* ..... ६८
२३ गजल / *ललिजन रावल* ..... ७१
२४ कथा / *नीलम कार्की निहारिका* ..... ७३
२५ गजल / *सुनील पुरी* ..... ७८
२६ कविता / *सोमनाथ सुवेदी* ..... ७९
२७ व्यक्तित्व / *निर्मलकुमार आचार्य* ..... ८१
२८ गजल / *ईश्वरी कार्की वर्षा* ..... ८३
२९ समालोचना / *लक्ष्मणप्रसाद गौतम* ..... ८४
३० कैफियत / *विमल भौकाजी* ..... ८८

# पत्र-पत्रांश

*शारदा* को पुनः प्रकाशनले मन रोमाञ्चित भएको छ । नवाङ्क २०६३ माघमा डा. वानीरा गिरिको कविता कवि गोपालप्रसाद रिमालज्यूमा समर्पण गर्दा मन शान्त भयो । कविता *छापामार* ले मन छोयो । कथा *एउटा स्वतन्त्र राष्ट्रियताको हत्या* मा समसामयिकता प्रतिविम्वित भएको महसुस भयो । *सूर्योदय* र *पात्रान्तर* ले लेखकीय महत्तालाई उजागर गरेर छाड्यो । निबन्ध र लेख पठनीय एवं हौसलाप्रद रहे भने आत्मवृत्तान्त, संस्मरणका साथै सुझावले यथार्थता बोक्यो । गजल, हाइकुले पनि स्थान पाएकोमा खुशी छु । *शारदा* पुराना ढाँचामा आधुनिकपन बोकेर आएको छ । राम्रो छ तर रू. ५०।- ले मासिक रूपमा हामीजस्ता नियमित पाठकले धान्न सक्छौं ? विचारणीय छ ।

*दिनमान गुर्मछान 'दिगु'*
*बर्दिवास-३, थापाटोल*
*हालः काभ्रे*

नेपालमा साहित्यका पत्रिकाहरू सीमितरूपमा प्रकाशित हुन्छन् र त्यो सीमित पाठकहरूले मात्र अध्ययन गर्छन् । जसको फलस्वरूप ती पत्रिकाहरू हराएर जान्छन् । समस्या भनेको निरन्तरता दिनुमात्रै होइन, पाठकहरूलाई बढीभन्दा बढी साहित्यिक पत्रिका पढ्ने वातावरण सृजना गर्नुपर्दछ । *शारदा* को यो अङ्क पठनीय रहेको छ । एक्काईसौं शताब्दीको यो सँघारमा यसले थुप्रै साहित्यिक व्यक्तित्वहरू जन्माओस् । म यसको प्रगतिको कामना गर्दछु ।

*रेशमकुमार सुनुवार*
*पो.ब.नं. १३९०२, काठमाडौं*

*शारदा* मासिकको पुनःप्रकाशनको पहिलो अङ्क अध्ययन गर्ने अवसर मिल्यो । रचनाको स्तरीयता, छपाइ र साजसज्जा हेर्दा पत्रिका गर्व गर्न योग्य लाग्यो । सृजनात्मक लेखनतर्फ रमेश विकल, माया ठकुरी, वानीरा गिरि, तेजेश्वरबाबु ग्वंग, श्यामप्रसाद, रत्न शमशेर राणा, मदन रेग्मी र क्षेत्रप्रताप अधिकारीज्यूका रचनाहरू मीठा लागे । त्यसैगरी कृष्णप्रसाद पराजुली, प्रकाश ए राज, गार्गी शर्मा, चित्तरञ्जन नेपाली तथा प्रचण्ड मल्लका रचनाहरू पठनीय लागे । *शारदा* को पुरानो अङ्कबाट साभार सामग्री अहिले पनि उत्तिकै ओजपूर्ण लाग्यो ।



आगामी अङ्कहरूमा एकाङ्की, व्यङ्ग्य तथा लघुकथासमेत समावेश हुँदै जाउन् । पश्चिमेली साहित्य तथा समालोचनालाई पनि स्थान दिनु भए विश्वसाहित्यमाझ नेपाली साहित्यको 'स्तर' तुलना गर्न सहयोग पुग्नेछ । यस अङ्कमा देखिएका एकाध भाषागत त्रुटिहरूसमेत शारदाका आगामी अङ्कहरूको लागि सुहाउँदैन । नयाँ स्रष्टाहरू समेतको लागि *शारदा* भरपर्दो डाली बन्न सकोस् । अन्त्यमा, *शारदा* को पुनः प्रकाशनार्थ समय, श्रम, बौद्धिकता र आर्थिक सहयोग पुऱ्याउने व्यक्तित्वहरू धन्यवादका पात्र हुनुहुन्छ ।


*तिलकराज चुँदाली*
*सन्धिखर्क-६, अर्घाखाँची*

*शारदा* को नवाङ्कमा वरिष्ठ सङ्गीतज्ञाता रामशरण दर्नालको लेख *नेपालमा सङ्गीत पत्रिकाहरूको अवस्था* मा मेरो मन अड्कियो । सो लेखमा बन्द भएका पत्रिका अन्तर्गतको सूचीमा उहाँले 'म्यूजिक डायरी'लाई पनि समावेश गर्नुभएको रहेछ । तर विगत १ वर्षदेखि निरन्तररुपमा मैले सो पत्रिकाको प्रबन्ध-सम्पादकको जिम्मेवारी पूरा गर्दै आइरहेको छु । मलाई अचम्म लाग्यो दर्नालजीजस्ता जिम्मेवार व्यक्तिले त्यसरी हचुवाको भरमा *शारदा* मा किन लेख्नुभयो ?

*भूपेन्द्र खड्का*
*क्लासिक एफ.एम. १०१.२ मेगाहर्ज*
*जाउलाखेल, ललितपुर*

# *शारदा* का ऐतिहासिक मौलिक पृष्ठहरू

वर्ष ९ सङ्ख्या १, संवत् २००० वैशाखबाट साभार *आवरण*



# वर्ष ९ सङ्ख्या ७, संवत् २००० कार्तिकबाट साभार *सम्पादकीय*

## सम्पादकीय विचार

गत भाद्र अंकमा हामीले साहित्यलाई गतिशीलता दिनका निम्ति कइयौं कुरा लेखेर त्यसमा लेख्न लायक २० विषय प्रस्तुत गरेका थियौं। निश्चय नै ती विषय-हरूमा लेख्न अहिल्यै हाम्रा कुनै साहित्यिक महानुभाव तैयार हुनु भएका होवोइन। हामीकाहाँ विचार-हरूलाई क्रयाको योग दिन निम्ति निकै समयको आवश्यकताको अनुभव हाम्रो मस्तिष्क गर्दछ। कहाँ-सम्म भने त्यति समय भित्र त्यो विचारहरू परिपुष्ट भएर सुक्न पनि थाल्दछन् र धेरैजसो त सुकेरै समाप्त भैहाल्दछन्। किन्तु आजको युग-गति अत्यन्त वेगमान छ र यै गति लिएर हामीलाई "उन्नति" भन्ने शब्दले आफ्नो नाउँ पर्यन्त उच्चारण गर्न दिने अधिकार दिंदैन।

लेखक पाठक र किताबहरूलाई लिएर साहित्यिक पत्रिकाको स्थान बारे गत अंकमा हामी लेखिसकेका छौं। त्यही विचार क्रममा आज हाम्रो भनाइ के छ भने गत अंकमा दिइएका ती २० वटा विषयहरू मध्ये कमसेकम तीन विषय प्रतिमास शारदामा साना साना लेख प्रकाशित होउन्, त्यसो गर्दा ती विषयहरूको प्राथमिक परिचय र त्यस्को रुचि हाम्रा पाठकहरूलाई प्राप्त हुन्छ। साथै एउटाले लेख्दा अरु लेखकहरूको मगजमा त्यसै सुतिराखेका भावना-लाई चेतना पनि प्राप्त हुन्छ। यस तवरले ती विचार धाराहरूले क्रमशः हाम्रो संस्कार र मस्तिष्क क्षेत्रमा स्थ न बनाउँछन्, अनिपछि आफ्नो प्रौढ रुप लिएर ती विषयहरूका किताप पनि हाम्रो साहित्यमा अवश्यै देखापर्न आउँछ।

प्राथमिक परिचय दिनु र विचारहरूलाई उपस्थित गर्नु मात्र हाम्रो हातमा छ। त्यो कुरा हामी गरि रहेकैछौं। किन्तु ती विचारहरूलाई पढेर हाम्रा साहित्य-सृजक-हरूले र साहित्य उपस्थित गर्नेहरूले त्यसका उपस्थिती-मा क्रयात्मक योग नदिए वास्तविक काम कही पनि हुन सक्दैन। तर यस्ता कुरामा क्रयात्मक योग नदिए पछि हामीले साहित्य र भाषा प्रति गरेका परिश्रम आफ्नो व्यर्थतामा समय र पैसा बिताउने चेष्टा बाहेक अरु कही पनि हुदैन। जत्तासुकै विद्वान् र साहित्यिक कार्यकर्ताहरूले पनि यी कुराहरूका उपेक्षा गरे र यसको प्रति योग नदिनु र यसलाइ क्यै नमानी आफ्ना रुचि वा अरुची कही नदेखाउनु साहित्यको काम र सेवा प्रति वास्तवमा अवज्ञा जस्तो मात्र हुन आउँछ। साहित्यको नाउँ लिएर त्यसका कुनै खँदिलो योजना र गति शील साहित्यको बाटो तथा त्यस्तो साहित्य तैयार नगर्नु र जहाँबाट आए पनि त्यस्ता सबै प्रकारका विचार धारामा व्यापक विचार नदिनु र योग नदिनु र केवल आफ्नो मान्यता लिएरै दगुर्नु साहित्य बारेको वास्तविक कार्य हुँदैन। अतः हाम्रो भनाइ यति मात्रै छ कि यस कामको प्रति साहित्य क्षेत्रमा काम गरिरहेका र हाम्रा जति गनिएका साहित्यिक छन् सबैले संलग्नता पूर्वक योग दिएर यस बारेमा आफ्ना आफ्ना विचार प्रगट गरी त्यस विषयमा लेख आदि लेखी वास्तविक र गतिशील साहित्यको विचारधारा र स्थान तेयार गरेर त्यसको निर्माण गर्नु नै साहित्यको समयापयोगी वास्तविक सेवा होला र सबैबाट त्यही पाउनु नै हाम्रो अनुरोध छ।

## वर्ष ९ सङ्ख्या ७, संवत् २००० कार्तिकबाट साभार *कविता*

वर्ष ६ संख्या ७, कार्तिक

सम्वत

# शारदा

२०००

फुकाई सत्य-मानवता यही नेपाल-भाषामा,
पहाडी जीवनो हाम्रो जगाऔं 'शारदा' द्वारा।

---

# आमाको सपना

[ लेखक—श्री गोपाल प्रसाद रिमाल ]

आमा त्यो आउँछ र ?
"हो बा, त्यो आउँछ।
त्यो बिहानको सूर्यझैं उज्यालो छर्दै आउँछ
त्यसको कम्मरमा झुण्डिएको, शीत जस्तै टल्कने
तिमी एक हथियार देख्ने छौ;
त्यसैले व अधर्मसित लड्ने छ !
त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर
छामछुम गर्ने छौ, तर त्यो हिउ र आगो भन्दा
पनि बढ्ता छोड्ने भएर आउँछ।"
हो र आमा ?

"हो, तिमी जन्मदा, तिम्रो कलिलो अनुहारमा
त्यसकै छाँया देख्ने आशा गरेको थिएँ ;
तिम्रो हिस्सि परेको हँसाइमा त्यसैको सुन्दर छवि;
तिम्रो तोते बोलीमा त्यसैको मधुर ध्वनि ;
तर त्यो मीठो गीतले तिमीलाई आफ्नो बांसुरी
बनाएन छ !
त्यो तिमीनै हौला भन्ने मेरा यौबनभरिको सपना
थियो !
जे होस् त्यो आउँछ ;
म आमा हुँ, सारा सृजन-सक्तिको मुख भएर म
भन्न सक्छु,
त्यो आउँछ, मैले यो कुनै अल्छी सपना देखेको
होइन !
त्यो आएपछि तिमी यसरी मेरो काखमा आएर
घोप्टिने छैनौ ;
सत्य कुरालाई तिमी यसरी चुम्बकिएर कथा सुने
झ सुन्ने छैनौ ;
तिमी त्यसलाई आफैंनै देख्न सक्ने, सहन सक्ने र
ग्रहण गर्न सक्ने हुने छौ ;
मैले यसरी धैर्य दिनुको सट्टा तिमी संग्राममा
जाँदा लाख संझाएर पनि न मान्ने आमाको मनलाई
सान्त्वना दिंदै विदा हुने छौ ;
मैले यसरी रोगीलाई झैं तिम्रो कपाल मुसारी
रहनु पर्ने छैन !
हेरौला, त्यो हुरी भएर आउने छ,
तिमी पात भएर पछ्याउने छौ !
पहिले त्यो जीवन लोकबाट झरेर जुन जस्तै
पोखिंदा सारा जडता सगबगाएको थियो, बा ;
त्यो आउने छ तिमी उठ्ने छौ"
त्यो आउँछ कि आमा,
मधुर उषाले चराहरूको कण्ठलाई जस्तै त्यो आउने
आशाले मेरो हृदयलाई कुत्कुत्याई सक्यो, आमा।
हो, त्यो आउँछ,
त्यो बिहानको सूर्य झैं उज्यालो छर्दै आउँछ।
अब म उठें, गएँ।"

× × × × ×

"तर त्यो तिमी नै हौला भन्ने मेरो यौवन
भरिएको सपना थियो!"

ऐतिहासिक *शारदा* का अङ्कहरू
खोजी खोजी पढौं ।

# आलोचक र आलोचना*

(लेखक-श्री.भिक्षु कपिलवस्तु नेपाल)

कुनै साहित्यलाइ उन्नत गराउनालाइ आलोचनाको एउटा उच्चतम स्थान छ ; तर कुरा कति हुनु पर्दछ भने आलोचना खरो आलोचना मात्र रहोस् । कुनै कलाकारको कृतिको आलोचना गर्नु परेमा आफु पनि उसको स्थानमा उभिएर उसको रचनाको निरीक्षण गर्नु अत्यावश्यक छ । किनभने आलोचना गर्नु भन्दा अगाडि उसको रचनाहरुको भित्तो, जग के केको बनेको रहेछ भन्ने कुरा थाहापाउन सक्नु पर्दछ । यति गरिसके पछि नियालेर हेर्न थाल्यो भने बल्ल त्यस कलाको 'प्राण' को पूर्ण परिचय प्राप्त गर्न सकिन्छ र त्यसको भिन्न भिन्न, मधु कटु तथा तिक्त -जे होस्- सब स्वाद चाख्न सकिन्छ ।

तुलनाले आलोचनालाइ पक्षपात पूर्ण पारि दिन्छ । यस कुराले अलि भ्रम पैदा गर्ला । तराजूको एउटा पल्लामा एक र अर्को पल्लामा अर्को वस्तु राखेर जोखे पछि गरूंगो वस्तु भएतिरको पल्ला त अवश्यै पनि तल झोलिन्छ भने यसमा पक्षपात काहाँ ? भन्ने कुरा स्वभावत: सबैको मनमा पर्न जाला । कुरा त ठीक हो तर अलि प्रष्ट छैन । तौलिइने वस्तुहरु एक जातका भए भने त दुवैको हलुका तथा भारिपनबाट निर्णय गर्न सकिन्छ कदाचित दुवै भिन्न भिन्न थरिका रहेछन् भने त तिनको वास्तविक निर्णय गर्नलाइ केवल गरूँगो मात्र हेरेर निर्णय हुन, सक्दैन तिनको 'क्वालिटी' तथा 'मेटेरियल' (जाति र तत्व) को पनि विचार राख्नु पर्दछ । वजनमा बराबर तुल्याएर मात्र सुन र चाँदि एकै हुन शक्दैन; त्यस्तै एउटाको कृतिलाइ अर्काको कृतिसित तुलना गरेर मात्र आलोचना गर्न सकिन्न । आलोचना गर्नालाइ त त्यसको पूर्ण परिचय थाहा पाउनु, त्यसको प्राण चिन्हु तथा यो विभूतिहरुबाट यस् रचनाको सृष्टि भएको रहेछ भन्ने समेत ज्ञान हुन सक्नु अत्यावश्यक छ । भन्नाको तात्पर्य केहो भने आलोचना भनेको एकदम 'साधा' हुनु पर्दछ । कलाको तुलनात्मक आलोचना लेख्नालाइ कलम उठाउनु भन्दा अगाडि नै एउटालाइ अर्को भन्दा होच्याउने इच्छा वर्तमान रहन्छ । यस्तै हुंदाखेरि आलोचना गर्दा आलोचकको मनमा एउटा स्वतंत्र ध्येयले स्थान जमाउँछ । ध्येय हुने बित्तिकै पक्षपात हुन्छ । तुलना तुलना हो, आलोचना अलोचना । तुलनामा ध्येय पूर्वक स्वयं, ब्रह्माको विधान जस्तो भएर- हराउनु, जिताउनु अथवा बराबर तुल्याउनु अनिवार्य हुन जान्छ । तर आलोचना, एउटा सफा तथा पवित्र दृष्टिबाट कलाको टाउकोदेखि खुट्टासम्म आनन्द पूर्वक 'दर्शन' मात्र गर्नु हो । आलोचकको महानता त 'दर्शक' हुनैमा छ । 'दर्शक-आलोचकले नै साँचो आलोचना गर्न सक्छ । तुलनाद्वारा वजनको अतिरिक्त वास्तवि-

* यो लेख लेखकले हिन्दी साहित्यको निमित्त हिन्दी भाषामा लेखेका थिए । उनैको सम्मति लिएर हामीले जस्ताको तस्तै अनुवाद राख्दछौं । -सम्पादक

कताको निर्णय गर्न शकिंदैन । एउटा गृहस्थजी– वनको – स्तुत्य साधारण तथा निन्द्य – अङ्कको निरीक्षण गर्नालाई , एउटा साधुलाइ सम्मुख राखेर हेर्न खोज्यो भने राम्ररी गर्नै सकिन्न ; किनभने ' साधु ' निवृत्तिमार्गमा हुन्छ , गृहस्थ प्रवृत्त मार्गमा ; त्यो आफ्नो साधु जीवनलाइ त्याग बाट बनाउँदछ , यो आफ्नो गृहस्थ– जोवनलाई ' नीती ' बाट ; त्यो सबै कुरा त्याग गरेर , अत्यन्त उदास भएर सफल हुन्छ , यो अनेक ठाउँ समातेर , अनेक ठाउँ छोड़ेर , अनेक ठाउँमा तृष्णार्त भएर , अनेक ठाउँमा उदास भएर सफल हुन्छ । एउटाको अर्कासित पूर्व र पश्चिम जत्तिकै फरक छ ; परन्तु दुवै आफ्ना आफ्ना क्षेत्रमा सफल हुन्छन् अथवा हुन सक्छन् । यस्तो अवस्थामा दुवैलाइ सम्मुख राखेर मात्र जाचन खोज्यो भने कत्तिको भ्रम तथा असफल प्र्यास हुन जाला यो सबैले सजिलैसित बुझन शक्छन् । यसैले आलोचना तथा तुलनामा सामञ्जस्य हुनै शक्तैन भन्नु पर्दछ । यो त भयो आलोचना तथा तुलनाको कुरा ; अब अलिकति आलोचना र ' रुचि ' को निरोक्षण गरौं।

हरेक मनुष्यको आफ्नो आफ्नो एउटा विशेष ' रुचि ' हुन्छ । त्यो त्यस रुचिको अनुकूल स्वादलाइ अन्य स्वादहरु भन्दा तीव्र अनुभव गर्दछ। यस्तो अवस्थामा यदि त्यसको अगाडि आफ्नो ' रुचि ' को प्रतिकूल कुनै वृत्तिहरु आइलाग्यो भने त्यसलाइ स्वाभाविक भन्दा कम मीठो अथवा 'फिक्का' मान्दछ । यस कुरालाइ असल भन्दा असल मान्छे पनि बचाउन तथा सँभाउन असमर्थ हुन जान्– छन् । हाम्रा हिन्दीका आलोचकहरुमा वहुधा के देखिन्छ भने उनीहरुमा आफ्नो रुचि विशेषलाइ आफ्नो ऐंचमा राख्ने हुति नहुनाले भिन्दै स्वाद भएका कृत्तिहरुलाइ फिक्का ( केही रहनेछ, कलाकार महोदय त चित्ता खाएछन इत्यादि ) भनेर आफ्नो अक्ष– मता अनँभिरता तथा छुद्रोपनाको परिचय दिइ हाल्दछन् । यस माथि पनि तिनको यदि कुनै वद्धधारणा परेको रहेछ भने त जस्तो कि अक्सर पर्दछ , झन् मजा निकाल्दछन । न्याय गर्नु कठी- नको काम हो भन्ने कुरामा उनीहरु एक रत्ति पनि अनकन्वाउदैनन् उक्त ' आलोचनामा तुलना ' को अतिरिक्त ' आलोचना र रुचि ' को यो विषम कठीनता दोश्रो कुरा भयो । यस्तै यसको तेश्रो कुरा आलोचनामा ' दृष्टिकोण ' अथवा सिद्धा– न्त ' छ ।

' तुलनाले ' जस्तै, 'दृष्टिकोण' अथवा 'सिद्धान्त' ले पनि आलोचनालाइ सत्य भन्दा धेरै टाढा राखिदिन्छ । दृष्टिकोण , सिधान्त , अथवा कुनै लक्ष नभएको कृतिको ' पारख ' गर्ने कसिदुङ्गो के होला ? भन्ने शङ्का हुन आउँदछ । कसिढुङ्गो त आवश्य हुनै पर्‍यो – यो त म पनि भन्दछु । दृष्टिकोण नभइकन आलोचनाको भित्तो कायमै गर्न सकिन्न तर यस वाक्यमा म यति अरू जोडिदिन चाहान्छु कि " त्यो दृष्टिकोण कलाका- रैको हुनु पर्द छ न कि आलोचकको " उसैको लक्षलाइ हेरेर आफ्नो ' पारख ' को मक्खि मिलाउनु पर्दछ । त्यस कलाकारले कुन ठाउँमा बसेर आफ्नो लक्ष हेरिरहेछ भन्ने कुरो पत्ता लगाउनै पर्दछ। त्यसो गरे पछि मात्र त्यसले तारो लाउन सकेको

रहेछ वा रहनेछ भन्ने थाहा पाउन सकिन्छ। कसैले कुनै कामको निमित्त घर बनाउँदा आफुलाई सजिलो पारेर कोठा इत्यादि बनाउँदछ। यदि त्यही घरलाई कसैले अरू कुनै काममा लगाउन खोज्यो भने अवश्य पनि त्यसमा भएको ' कमी ' अथवा दोष प्रतीत हुन थाल्दछ। तर यसलाई जाँच भनिदैन। जाचनु अथवा केवल निरीक्षण गर्नालाई जुन मान्छेले जुन आवश्यकताको निमित्त त्यो घर बनाएको छ त्यसको ठीक ज्ञान राख्नु पर्दछ। रासबाट आफ्नो दृष्टिकोणले, मात्र आफ्नो सिद्धान्त अनुसार गरिएको आलोचना भ्रम पूर्ण हुन्छ भन्ने सफा थाहा हुन्छ। सिद्धान्त विशेषबाट गरिएको कुरामा एउटा आफ्नो ' प्रेरणा ' पैदा हुन्छ। त्यस कुराले पाठकहरूलाइ प्रभावित गरेर कलाको उल्टो दिशातिर प्रेरित गरेर– वास्ताविक स्वादबाट पनि वञ्चित गरिदिन्छ। यस प्रकारसित आलोचक प्रवृत्ति राख्ने विचारा पाठक आफ्नो कमजोरिले गर्दा कुनै कृत्तिको रसस्वादनबाट आफुले आफुलाई नै बञ्चित गरिदिन्छन्। ( तिनीहरू माथि बडो दया लाग्दछ ) त्यसैले कुनै कलाकारको स्तुत्य, निन्द्य, साधारण, असाधारण रचनालाई नियालेर हेर्नालाई, त्यसैलाई हेर्नु पर्दछ, केवल त्यसैको भएर। आलोचना भन्ने कुरा कलाको वास्तबिक रंग, रूपको विकाश गराउनाको निमित्त हो। आफ्नो विचारहरूलाइ तथा सिद्धान्तहरूलाई पालिस चढाउनको निमित्त होइन। आलोचकहरूलाइ स्वयं पाठकहरूलाई कतैतिर प्रेरित गर्नाको अधिकार छैन। कलाको ठीक ठीक रूप रंग हेरी सके पछि त्यसको एउटा आकर्षण पैदा हुन्छ जस्ले आफ्नो हृदयलाइ ढल्काइ हाल्दछ। यति भय पछि मात्र हामी वास्तविक सत्यसम्म पुग्न पनि शक्छौं। तर यदि केवल तत्वहरुलाइ स्पष्ट गर्न सक्ने क्षमता आलोचक महोदयमा कदाचित नभए ता पनि केही लेख्नै चाहान्छन् भने आफुले अनुभव गरेको " मेरो यो विचार छ " भन्ने रायसम्म प्रकट गरून्। यतिसम्म मात्र भयो भने पनि पाठकलाई आफ्नो स्वतंत्र सम्मति काममा लगाउनामा कम बाधा पर्दछ। तर हाम्रा हिन्दीका आलोचक त्यत्तिले मात्र सन्तुष्ट हुदैनन्। उनीहरू आफ्ना शब्दहरूमा त " म चढता केही भन्न चाहान्न, पाठक स्वयं विचार गरून् इत्यादि " भनि हाल्दछन् परन्तु त्यस माथि बाँधिएको भूमिका तिनको वक्तव्यको मूल भावनानै केवल ' प्रेरणा ' मात्र हुन्छन्। आलोचक महोदयको रायनै सर्वोतम तथा ठिक हो भन्ने कुरा मान्नालाई हृदयलाइं एउटा दबाउ पर्दछ। यो दबाउनै बडो दुःखको विषय हो। *

---

* पाठकहरुले आफ्नो रुचि अनुसारको कृतिहरुलाइ खोजी खोजी पढ्नु तथा त्यसको आनन्द लिनु आफुलाइ प्रसन्न राख्नु पर्दछ। साथै, शक्छन् भने आफ्नो रुचिको प्रतिकुल रचनाहरुका कलालाइ पनि त्यसैमा डुबेर, त्यसैमा रंगिएर, त्यसैमा लुटपुटिएर, आनन्द उठाऊन्, सुख भोगून्। तर आलोचना गर्ने अनाधिकार चेष्टा गरेर आफुलाइ त्यस आनन्दबाट पनि वञ्चित नराखून्। त्यसै गरेर कलाकारहरुले पनि आफ्नो प्रवृत्ति, रुचि तथा बुद्धिको अनुसार रचना गर्नामानै आफ्नो शक्तिलगाऊन्। सिङ्न पुच्छरको इर्षा लिएर–कसैलाइ खसाल्नलाइ -आफ्नो बुद्धिको दुरुपयोग नगरून्। दुवै थरिले आफु जो छन् सो नै रहन्छन् भन्ने विचार राख्नुपर्दछ। आलोचनै गर्नालाइ पैदाभएका आलोचकको विशाल क्षमता बहुतै कममा हुन्छ। –लेखक

आलोचना सम्बन्धी उपरोक्त तिनवटा वृत्तिहरू लाई हेरेर तथा विचार गर्नाले आलोचना एउटा बड़ो कठीन कला तथा आलोचक एउटा बड़ो उत्तरदायी पुरुष हुदोरहेछ भन्ने तत्थ्य निस्कन्छ । असल भन्दा असल पाठक र असल भन्दा असल कलाकार 'आलोचक' हुन शक्तैनन् । दुवैलाई केवल असल पठन तथा असल रचना शक्ति छ भन्दैमा आलोचक समेत वननाको क्षमता मिल्दैन * आलोचक बडो, धीर, वीर तथा बडो संयत तथा संयमी हुनु पर्दछ । त्यसले आफ्नो स्वतंत्र रुचि, प्रवृत्ति र सिद्धान्तलाइ तिलाञ्जलि दिनु पर्दछ। फेरि चतुर्दिक व्यापिनी दृष्टि तथा साहित्यका हरएक अंग, रसको अद्वितीय ज्ञान हुँदा हुँदै पनि निर्विकार तथा निर्लिप्त रहनु पर्दछ । यत्तो-समुद्र झैं शान्त तथा गम्भीर, आफु आफैसित सँधै अधिक भन्दा पनि अधिक सशंक रहने, ऋषि झैं क्षमताशाली आलोचकको अगाडि कुनै वृत्ति पर्न आयो भने, त्यो आफ्नो संचित ज्ञानको कोपबाट-केवल त्यसैको निमित्त लायक 'पारख' ज्ञानलाई बाहिर निकाल्दछ र त्यसै द्वारा त्यस वृत्तिको हरएक-कटु, तिक्त, मधुर सेतो र कालो-तत्थ्यहरुको विश्लेषण गरेर ठीक रसायन-वेत्ताले झैं अगाडि राखिदिन्छ । यति भइ सके पछि तो तत्वहरुको शुद्ध, रूप, रंग गुणको स्वाभाविक 'आकर्षण' स्वयं हृदयलाइ आकर्षित गर्द छ । त्यसै आकर्षणको सहायताले पाठक कुनै प्रेरणै न भएपनि सत्यलाई ग्रहण गर्ने सामर्थ राख्त छ ।

प्रेरणामा भ्रम तथा अस्वाभाविकता छ। आकर्षणमा सत्य तथा स्वाभाविकता छ । यसको महत्व तथा खारिपनलाई सम्हाल्दै गरिएको आलोचनानै साँचो आलोचना र यस्तो लेखने क्षमता राख्ने मान्छे नै साँचो आलोचक हुन सक्त छ । जुन कुरा सबै जनामा हुन शक्तैन । हिन्दी भाषा सतृष्ण आँखाले यस्ता जौहरी तथा पारखीहरुको प्रतीक्षा गरिरहेछ ।


---


* यति मात्र होइन मेरो भनाइ त असल पाठक, कलाकार तथा आलोचक वन शक्तैन, फेरि असल कलाकार, असल पाठक हुन शक्तैन । त्यस्तै असल आलोचक पनि असल कलाकार तथा असल पाठक बन्न शक्तैन। तर यसलाइ बताउनाको निमित्त अझैं मनोवैज्ञानिक विश्लेषण पूर्ण एउटा स्वतंत्र लेखको आवश्यकताछ जुन यस लेखको विषय होइन। त्यसैले त्यस कुरालाइ कुनै वखतको निमित्त छोडि दिन्छु। –लेखक

*शारदा* का मौलिक ऐतिहासिक पृष्ठका सौजन्य– *शिव रेग्मी*

कविता

# आजको कविता





कृष्णभक्त श्रेष्ठ

आफ्नै आकृतिमा
आफैलाई दुरूस्त कुँदेको
सर्वशक्तिमान भगवानको
अन्ततः आज हामी आफैंले
विधिवत् हत्या गऱ्यौं
र ससम्मान अन्तिम संस्कार पनि ।

मानें ऊ एउटा अस्तित्व थियो-
काल्पनिक
मात्र एउटा भ्रम थियो
एउटा अन्धविश्वास
तर संस्कारजन्य
हाम्रो मन मस्तिष्कमा
अँध्यारै भए पनि कतै न कतै उसले
सानो एउटा ठाउँ ओगटेको थियो
आज त्यो रिक्त भएको छ

तर आश्चर्य !
हामीमध्ये कसैले पनि
उसको साटो
त्यो खाली ठाउँ ओगट्ने
सुरसार नै गर्न सकेको छैन
न कसैले त्यस्तो साहस नै
देखाउन सकेको छ
न त कोही योग्य नै पनि

हो, गाँठी कुरा त्यहीं हो
आजको हाम्रो त्रासदी पनि

हो त्यहीँबाट सुरू हुन्छ
र त्यहीँ नै अन्त्य पनि
यही हो हाम्रो युगको
हाम्रो पुस्ताको
अहम् उपलब्धिको कथा
आजको कथा ।

# सीताहरू-२५



परशु प्रधान

तपाईंले आजको गोरखापत्र पढ्नुभयो ? तपाईंलाई अनुरोध गर्छु- आजको गोरखापत्र पढ्न जरूरी छ- विशेषतः तपाईंले । त्यसको पहिलो पानामा मेरो विषयमा यौटा समाचार-कथा छ । अर्थात् हालै मैले गरेको बिहेबारे । जसमा हाम्रो तस्बिर पनि छ । तपाईंलाई आश्चर्य लाग्यो होला- यौटा साधारण बिहेको पनि कहीं समाचार-कथा बन्छ ? त्यही समाचारपछि मेरो टेलिफोनको घण्टी बजेको बज्यै छ । मैले उठाएर फुर्सद पाएकी छैन । पत्रकारहरूले उत्ति हैरान गरिरहेका छन् । मेडियाको क्रेज वा प्रभाव हाम्रो समाजमा बढेर नै गएको रहेछ । के ? किन ?? र कसरी ??? जस्ता प्रश्नहरूको जवाफ दिंदा दिंदा म थाकिसकें ।

के त्यस्तो समाचार थियो ? तपाईंको उत्सुकता बढेर गयो । यसलाई धेरैले फैन्टेसी समाचार भने । तर वास्तवमा यसमा एक सय एक प्रतिशत सत्य छ । मलाई जिन्दगीको यौटा ठूलो लडाइँ जितेको अनुभूति भएको छ । तपाईंलाई यस्तो अनुभूति नहुन सक्छ अथवा युवा-मनको खोक्रो भावुकता लाग्न सक्छ । तर मलाई त्यस्तो लाग्दैन ।

कसैले मलाईं भोलिका दिनहरू बारेमा प्रश्न गरे । तिनलाई मैले सीधा जवाफ दिएँ- म भोलि सोच्तिनँ आज मात्र सोच्तछु । धेरैले मलाईं यो तेरो भ्रम मात्र हो भने, म त्यसको प्रतिवाद गर्छु । यो भ्रम होइन, यथार्थ हो- शाश्वतता हो ।

तपाईंलाई समाचारको यथार्थबारे थाहा पाउने उत्सुकता बढेर गयो ? यो स्वाभाविक मानवीय धर्म हो । त्यसमा पनि यो गोरखापत्रमा छापिएको समाचारको भिन्नै महत्व हुन्छ । ल थाहा पाउनुस् समाचारको सार यही हो- "...तीस वर्षीय एक शिक्षित युवती सीताले पैंसठी वर्षका वृद्धसँग बिहे गरी- धुमधामसँग । दुलहा सहरका प्रतिष्ठित व्यापारी हुन्, भने सीता यौटी नर्स ।

दुलहाका छोरी र सीता फेरि अत्यन्त मिल्ने साथी । सीताले संक्षेपमा भनिन् - कर्फ्यूको सहरमा मैले यो बिहेमार्फत यौटा सानु ब्रेक दिएको, दङ्गाग्रस्त दूषित सहरमा फरक विषय प्रस्तुत गरेको ।..."

तपाईंलाई थाहा छ- रीता मेरो सानैदेखिको साथी । बाल्यकालमा हामी सँगै खेल्थ्यौं, सँगै यौटै स्कूलमा पढ्थ्यौं र सँगै हुर्क्यौं । सानैदेखि रीता हाम्रो घरमा आइरहन्थी र म उनको घरमा गइरहन्थें । अझ पढ्दा पढ्दै कति रात म रीताकै कोठामा सुत्थें । कहिलेकाहीं ऊ पनि मकहाँ सुत्ने गर्थी । दिनानुदिन हामी नजिक हुँदै गयौं । यौटै बगैंचाका दुई फूलहरू जस्ता, यौटै आकाशका दुई तारा जस्ता भयौं । बोर नमान्नुहोला, म यस हट् न्युजको पृष्ठभूमि वा पूर्वकथा जानकारी दिँदैछु । मलाई हक छ आफ्नो कुरा सुनाउने ।

रीताकी आमाले पनि मलाई आफ्नी छोरीभन्दा बढी माया गर्थिन् । नयाँ बानेश्वरको डाँडामा त्यस फराकिलो, रमाइलो घरमा पस्नासाथ मलाई एक किसिमको सम्मोहन हुन्थ्यो । लाग्थ्यो मेरो सारा आकाश त्यस पर्खालभित्र छ । त्यहाँको सुन्दर बगैंचामा फुल्ने विभिन्न जात-जातिका फूलहरूले मभित्र यौटा अनौठो मादकता वा रोमाञ्चकता दिन्थ्यो । यसैले रीता र म एक प्राण एक ज्यान थियौं । हामीले सँगै एस.एल.सी. पास गर्‍यौं- दुवै प्रथम श्रेणीमा । सानैदेखि मेरो रुचि नर्सिङमा थियो-रीताको लेखामा । रीताले आई. कम. पढ्न थाली भने मैले नर्सिङ । तर हाम्रो सम्पर्क र सम्बन्धमा कुनै कमी आएन । अनि सानैदेखि हामी दुवैमा आत्मसम्मान वा स्वाभिमानको आगो थियो । लोग्नेमान्छेहरूले हामीप्रति राख्ने धारणा र परम्परावादी सोचको हामी बिल्कुल विरोधी थियौं । स्वास्नीमान्छे भनेको घर र चुल्हो चौको मात्र हो भन्ने कुराको विरोधी मानसिकतामा हामी हुर्केका थियौं ।

सुन्नहोस् महाशय ! जिन्दगीलाई हामी जसरी सरल रेखा सोच्छौं, त्यो होइन रहेछ । उमेरको क्रमसँगै बाङ्गाटिङ्गा रेखाहरूले, घटनाहरूले यसको मोडमा परिवर्तन ल्याउँदो रहेछ । एक रातको सानुँ अप्रत्याशित घटनाले जिन्दगीको प्रवाह बदलिन सक्दोरहेछ । त्यो रात म रीताको घरमा थिएँ । राति अबेरसम्म हामीले कुनै हिन्दी सिनेमा हेर्‍यौं । सेक्स र प्रेमका कुरा गर्‍यौं र सुत्यौं । राति १/२ बजेतिर अचानक यौटा सपना देखे जस्तो भयो । कहींबाट यौटा कालो छायाँ आयो र बिस्तारै मेरो ओठमा म्वाइँ खायो । एक किसिमले सानोमा आमा बाको वात्सल्यपूर्ण म्वाइँपछिको यो पहिलो तर स्वादिलो म्वाइँ थियो । त्यस छायाँले म्वाइँ खाइरह्यो, मैले आनन्दको अनुभूति गरिरहें । मानौं म सपनाको कुनै रङ्गिन सहरमा थिएँ, स्वर्गीय आकाशमा थिएँ । अचानक म ब्यूँझे र सोचें- यो कुनै सपना थियो । मैले यसबारे रीतासँग केही कुरा गरिनँ अथवा त्यसको आवश्यकता ठानिनँ । आफूभित्रै घोत्लिरहें -सायद यो मेरो भ्रम हो, यौनेच्छाको भावना हो ।

म नर्सिङ क्याम्पसमा, रीता वाणिज्य क्याम्पसमा पढ्दै रह्यौं । क्याम्पसका उरन्ठेउला केटाहरूको बयान सुनाएर रीता थाक्दिनथी । एक छिन रीताले सुनाई- हेरन ! केटाहरूले हैरान गरिसके । एक दिन क्लासबाट बाहिर निस्कँदा सारा केटाकेटी मलाई हेरेर हाँस्छन् । कोही केही भन्दैनन्- म भित्र या मेरो अनुहारमा के त्यस्तो आठौं आश्चर्य देखेर ती हाँस्छन् । अलि पर पुगेपछि यौटी साथीले मुस्काउँदै भनी- तिमीलाई बाँदर्नी हुन मन पर्‍यो ? कुर्ताको पछाडि किन पुच्छर बाँधेकी । क्लासमा बस्दा कुन बेला कसले मलाई थाहा नदिई कपडाको टालोलाई पुच्छर बनाएर बाँधिदिएछ । त्यस कुराले म हाँसें । तर रीता कठोर भई- यो हाँस्ने, यसलाई ठट्टामा लिने कुरा होइन सीता । यो कुनै क्लासकै केटोको काम हो, मलाई उल्लु बनाउने । के हामी तिनका डोल्स हौं, खेलौना हौं, वस्तु हौं ? के तिमी-हामी मान्छे होइनौं ? के हाम्रा भावनाहरू छैनन् ?

त्यस घटनाले रीता अझ दह्री भएकी थिई । ऊ सिंगारपटारमा उत्ति ध्यान दिन्नथी, न खास गहना नै लाउँथी । ऊ पैन्ट र सर्ट अर्थात् केटोको ड्रेस बढी मन पराउँथी । रीताको सोच नै एक किसिमको विद्रोही, क्रान्तिकारी, निर्भयी र पुरुषप्रति आक्रामक थियो । ऊ स्पष्ट भन्थी- हामी सेकेन्ड सेक्स् होइनौं, फस्ट सेक्स् हौं- हुनुपर्छ । म उनको कुरा सुन्थें- कुनै विरोध गर्दिनथें ।

अर्को कुनै रात म रीताकहाँ थिएँ- रीतासँग थिएँ । रीता एकदमै फ्रेस मुडमा थिई । खाना खाएपछि उसले

जोसका साथ सुनाई - 'सुन सीता ! मैले आज क्रान्तिको प्रारम्भ गरें । आफूमाथि अपमानित गर्नेको बदला लिएँ ।'

'यो कस्तो क्रान्ति हो ? भनन'

'सामन्तवादी पुरुष-सोच र हैकमवादी विरुद्धको क्रान्ति हो । तिमीलाई अस्ति मैले सुनाएकी थिएँ- क्याम्पसमा कुनै केटोले मेरो कुर्ताको पछाडि पुच्छर बाँधिदिएर मलाई हास्य-पात्रा बनाएको कुरा । आज मैले पत्ता लाएँ- त्यो केटो मेरै क्याम्पसको कृष्णराम थियो । जसलाई क्लासमा नै मैले सेन्डिल चखाइदिएँ । 'बिचरा! कसरी पत्तो लगायौ, त्यस्तो उट्पट्याङ काम गर्ने त्यही हो भनेर..' मैले सोधें ।

किन पत्ता नलाउनू । क्लासमा साथीहरू को कस्ता छन् ? कुन किसिमका छन् भन्ने कुरा यसै थाहा हुन्छ । कृष्णराम त्यस्तै काम गरिहिँड्थ्यो- पढाइमा जिरो- गुण्डागिरीमा एक नम्बर । कहिलेकाहीं छिट्टै आउने र बोर्डमा क्लासका केटा-केटी साथीहरूको जोडी बाँधिदिएर नाम लेख्ने । कहिले सेक्सका चित्रहरू बनाएर राखिदिने । सबैलाई थाहा थियो, यो काम कृष्णरामकै हो भनेर । परन्तु त्यसलाई दण्ड दिने हिम्मत कसैले गरेका थिएनन् । आज मैले चखाइदिएँ आजका नारी के कस्ता छन् भनेर..' रीताले स-सानो भाषण नै हाँकी- कुनै मन्त्रीको जस्तो ।

'तिमीलाई बाटोघाटो ढुकेर गुन्डा लगाउला । त्यसका यस्तै साथीहरू होलान् ... होस गर !' म डराएँ । तर रीता डराइन, देखा जाएगा... म यस अश्लीलताविरुद्ध पुरुष शोषणविरुद्ध लड्छु सीता...' उसले भनी । केही समय अङ्ग्रेजी सिनेमा हेरेर हामी दुवै सुत्यौं । मेरा मनमा नानाथरीका कुराहरू आइरहे- धेरै पछि निदाएँ ।

मस्त निद्रामा थिएँ- कसैले विस्तारै ढोका खोल्यो । बिरालो चालमा एउटा कालो छायाँ भित्र पस्यो । विस्तारै थाहा नहुने गरी त्यो छायाँको हात मेरो शरीरमा चलमलायो । म अर्ध बेहोसीमा आएँ र त्यो हातलाई समाएँ । त्यो हात एकदमै नरम थियो । कुनै फूलको थुँगाजस्तो । तर मैले त्यस हातलाई हटाउन चाहिनँ । मलाई कुनै मनतातो पोखरीमा डुबेर पौडी खेलिरहेको अनुभूति भयो अथवा बिजुलीको हलुका करेन्टजस्तो । त्यस हातले धेरैबेर मेरो शरीरसँग खेलिरह्यो । मेरो सारा शरीरमा एक किसिमको तरङ्ग पैदा भयो- कुनै पोखरीमा ढुङ्गा हानेजस्तो अथवा कुनै मीठो आइसक्रिम खपाखप खाएजस्तो । केही समयपछि त्यो छाया हरायो । जसरी आएको थियो- उसरी नै फर्क्यो । मलाई राम्रो चेत आएपछि मैले अनुमान गरें- सो नरम हात अरू कसैको नभई रीताको थियो ।



*चिहानमा प्रेमः न्युयोर्कको ब्रन्क्सस्थित वुडलन सिमेट्रीमा राखिएको समलिङ्गी महिलामा आधारित चिहान छोप्ने मार्बलको मूर्ति । ब्रकलिनले तयार पारेको उक्त मूर्तिमा उनी र उनकी महिला प्रेमी सुतिरहेको देखाइएको छ । मार्बल ग्रेभ स्टोनलाई अनुमति दिने थोरै चिहानहरूमध्ये वुडलन पनि एक हो ।*

बिहान उठ्दा रीता स्वाभाविक थिई । मलाई देख्नासाथ उसले 'हाई' भनी र मुस्काई । मैले पनि 'हाई' भन्दै यति भनें- 'रीता ! आज रातभरि बोक्सीले दुःख दिएर... ।' ऊ धेरैबेर मुस्काई र छोटो जवाफ दिई- 'म त बोक्सीमा विश्वास गर्दिनँ । त्यो तिम्रो मनको भ्रम मात्र हो ।'

हामीले बिहान चिया खायौं, चियासँग केही कुकिज पनि । म रीतासँग शीघ्र बिदा भएर घर जान चाहन्थें, तर रीताकी मम्मीले रोकिन्- 'रीता छोरी ! मेरो आज तिमीसँग अलिकति काम छ । तल बगैंचामा बस्दै गर है-म आउँछु ।'

यस्तो घनाबस्तीको दुर्गन्धपूर्ण सहरमा पनि रीताको बगैंचा राम्रो थियो । त्यहाँ सबै किसिमका फूलहरू फुलिरहेका थिए । बगैंचाको स्याहार सम्भारका लागि माली राखिएको होला, नत्र किन यस्तो सुन्दर हुन्थ्यो । तर त्यस हरियाली र सुन्दरताभित्र म रमाउन सकिरहेकी थिइनँ । रातीको रहस्यमय घटना मभित्र जाँतोभैं पिनिरहेको, घुमिरहेको थियो । म छुट्याउन सकिरहेकी थिइनँ- यो भ्रम हो कि ! यो सत्य हो कि ! अथवा कुनै सम्मोहन वा मोहनी । जीवनको यस मोडमा यस्तो अनुभव सुखद र दुःखद दुवै थियो । लाग्यो, म कुनै अभेद्य खाडलभित्र पस्दैछु । त्यो धर्मको हो कि पापको हो ? त्यस अन्धकार गुफामा थाहा पाई नपाई पस्दैछु । रीताकी मम्मी आउनुभयो चूपचाप कुर्सीमा बस्नुभयो । मैले उहाँको अनुहार हेरें- त्यसभित्र गहिरो गम्भीरता थियो, अव्यक्त पीडा र आँसु थियो । उहाँले के भन्नुहुन्छ वा सोच्नुहुन्छ भनेर म डराइरहेकी थिएँ । केही बेरमा अलि सहज भएर भन्नुभयो - 'छोरी सीता ! तिमी र रीतामा मैले केही पनि फरक देखेकी छैन । तिमीहरूको उमेर यौटै हो यस्तो मिल्दो जोडी अरू मैले देखेकी छैन । रीताको दाजु अमेरिका भासिएको भासियै भो । को कुइरिनी लिएर बसेको छ भन्ने सुन्छु । कहिल्यै यौटा फोन गर्दैन । कस्तो अपराधी छोरो जन्माइएछ । मेरा अरू धेरै इष्टमित्र, साथी-सँगीहरूका छोराहरू पनि विदेश गएका छन् । तिनलाई छोराहरूको बरोबर फोन र डलर आउँछ भन्ने सुन्छु । यिनले बिर्से पनि नेपालका हरेक चाड-पर्व ती सम्भन्छन् र कम से कम टेलिफोनबाट 'दर्शन' भन्छन्। आफ्नो भने..... ।'

'तिमी त नर्स पढ्न लागेकी । म धेरै वर्षदेखि पाठेघरको क्यान्सरसँग लड्दैछु बाहिर कसैलाई भनेकी छैन । आफ्नो दुःख पीडा अरूलाई सुनाएर के गर्नु । सीता छोरी ! मेरो जीवनको अब कुनै टुङ्गो छैन । कुनै पनि बेला म केही हुनसक्छु । रीताको बा पनि सुगर, ब्लड प्रेसर अनेकको रोगी हुनुहुन्छ । कसको के भर ! काल आउँछु भनेर आउने होइन रहेछ ।' रीताकी मम्मीले अब अलिकति कुरा मोड्नु भयो- 'सीता नानी ! तिमीहरू दुवै राम्रो मिल्छौ, अत्यन्त राम्रो घनिष्ठता छ । तिमीहरूका बीचमा बिहेबारीका कुरा पनि होलान् । हेरन राम्रै घरबाट रीतालाई माग्न आएका छन् ।'

मलाई घरमा गएर बिछ्यौनामा पल्टन मन थियो । अनि धेरैबेर सोच्ने इच्छा थियो, केलाउने रहर थियो- रातिको अप्रत्याशित घटनाबारे । मैले कुरा छोट्याउन चाहें- राम्रो कुलीन केटो आएको छ भने रीतालाई दिने, बिहे गर्ने नि ! आफू पो एक्ली हुने भएँ ।

'तिम्रो कुरा राम्रो हो । तर रीता बिहे गर्दिनँ भन्छे । हामी आमा बा दुवैले सम्भाइसक्यौं- यस्तो मौका आउँदैन । केटो डाक्टर छ-फेरि अस्ट्रेलियामा काम गर्न जाँदैछ रे ! तर ऊ ज्यान गए मान्दिन । अब तिमीले नै सम्भाइदिनुपर्‍यो...।' रीताकी मम्मीले अभ थप्नुभयो - 'पुरुष बिना एक्लै बाँच्न सकिन्न र ! म पुरुष हैकम र बन्धनमा फस्न चाहन्न भन्छे । अब तिम्रो जिम्मा ! आफ्नो साथीलाई के कसरी सम्भाउने हो ।'

'म कोशिस गरुँला रीता धेरै हठी छे' भनेर म त्यहाँबाट उम्कें । घरमा पाइला टेक्नासाथ अर्को तनाव सुरु भयो । 'बा हराएको तीन दिन भयो, तिमी पनि बेला बेलामा हराउँछौ । हिंसै हिंसाले भरिएको यस सहरमा कुन दिन मेरो हत्या हुन्छ ।' यति भनेर आमा रुन थाल्नुभयो । रातिको घटनाले यसै पनि मन अमिलो थियो बासी पाउरोटीजस्तो, आमाको रुवाइले म भन् दिक्क भएँ । केही जवाफ नदिई आफ्नो कोठामा पसें र Human Anatomy विषय पढ्न थालें । शरीरको विचित्र बनावट र मानसिक प्रक्रिया आफैंमा जटिल लाग्यो ।

आमा-छोरीले खाना खाइसकेर धेरैबेर सुखदुःखका कुरा गर्‍यौं । पहिलेदेखि बाको रक्सी खाई हिंड्ने र हराउने बानी बारे विश्लेषण गर्‍यौं । तर पाँच दशकमा टेकिसकेका बालाई कुनै सीधा रेखामा ल्याउनु नदी फर्काउनु जत्तिकै गाह्रो थियो । त्यही साँभ रीता घरमा आइपुगी । उसको पनि जाने ठाउँ, दिल बहलाउने ठाउँ

साह्रै सीमित छ । आमाले मासु, चिउरा, अचार बनाएर ख्वाउनुभयो । रीताका प्रत्येक पाइला आमाका लागि पनि सयौं ऊर्जाशील हुन्छ । रीताकी आमाको प्रसङ्गलाई मैले स्वाभाविकरूपमा अगाडि सारें- 'रीता ! तिम्रा लागि राम्रो डाक्टर केटो माग्न आएको छ रे हो ?

उसले 'हो'को टाउको हल्लाएपछि मैले सोधें- 'डाक्टर पाउँदा, त्यो पनि शीघ्र विदेश जान लागेको सुन्दा मलाई त तिम्रो भाग्यदेखि ईर्ष्या लाग्यो । अब छिट्टै बिहेभोज खान पाइने भयो । टीकाटालो कहिले हो ?'

रीता गहिरोसँग मुस्काई । त्यस मुस्कानभित्र सधैं कुनै रहस्य हुन्छ । ऊ गम्भीर भई- 'म कुनै लोग्नेमान्छेसित बैवाहिक सम्बन्ध राख्तिनँ । मलाई विश्वास छ सीता ! कुनै लोग्नेमान्छेविना, उसको शोषणयुक्त सहयोगविना पनि तिमी हामी बाँच्न सक्छौं । म समाजमा देखाउन चाहन्छु लोग्नेमान्छे हाम्रा अग्रगामी पाइलाका काँडा हुन्, बाधक हुन् । ती हाम्रो शारीरिक, मानसिक, आर्थिक सबै किसिमका शोषण र उत्पीडन गरी आइरहेका छन्, अब त्यो चल्दैन ।

तपाईं थाहा पाउनोस्- रीताको यो अभिव्यक्ति आजको समाचारको भूमिका वा पृष्ठभूमि थियो ।

रीताको कुरा सुनें, सुनिरहें । तर कुनै प्रतिक्रिया जनाउन मैले ठीक ठानिनँ । एक त रीताको कुनै कुरा काट्ने हिम्मत ममा थिएन भने, उसलाई कुनै किसिमको तनाव दिन चाहन्नथें । मेरो जाँच पनि नजिकै आइरहेकाले म पाठ्यपुस्तकहरूमा नै हराउन चाहन्थें । मेरो जीवनको पहिलो र अन्तिम आवश्यकता राम्ररी नर्सिङ पास गर्नु नै थियो । तर समय र परिस्थितिले, नियमितको चक्रले हामीलाई यसरी घुमाइरहेको थियो कि हामीले कुनै नयाँ आविष्कारको पृष्ठभूमि तयार गर्दैथियौं ।

बीचमा अचानक रीताकी मम्मी खस्नुभयो । यत्ति छिटो क्यान्सरले उहाँको ज्यान लेला भन्ने हामी कसैले सपनामा पनि सोचेका थिएनौं । तर यस नियतिलाई रीताका वृद्ध बा, रीता र हामी सबैले स्वीकार्नुबाहेक अन्य कुनै विकल्प हामीसँग थिएन । रीताको दाजुले अमेरिकाबाट यौटा समवेदना पठाउनेबाहेक केही गरेन । यौटा छोराले आमाको मृत्युलाई कुनै अर्थ दिएन । समवेदनामा आफूले हिन्दु धर्म त्यागिसकेको कुरा पनि उल्लेख थियो ।

रीताकी मम्मीको मृत्युपछि रीताको एकाकी शून्यता र पीडाको झन् नजिक भएँ म । एक किसिमको त्यस घरको अघोषित सदस्यका रूपमा परिवर्तित भएँ । रीताका पिताजीलाई ख्वाउनुपर्ने औषधिका र हेरविचारका सम्बन्धमा पनि मैले समय दिन थालें ।

अब म भ्रम भन्दिनँ, अर्धबेहोसी वा छायाँ पनि भन्दिनँ । रीताको मप्रति आक्रमण बढ्न लाग्यो अथवा पहिलेभन्दा बढी ऊ सम्मोहित हुन लागी । ऊ रूख भई, म लहरा भएँ । ऊ चौतारी भई, म बटुवी । गोरेटाहरूबाट हामी राजमार्गतिर लागेको चोखो अनुभव भयो । एक रातको कुरा हो- म निदाएकी थिइनँ, निदाउने उपक्रममा थिएँ । ऊ अर्थात् रीताले ढोका खोली र बधिनी चालले भित्र पसी । सरासर म छेउ आई र मेरो स्लिपिङ गाउन खोलेर फ्याँकिदिई । मैले कुनै प्रतिकार गर्नु ठीक ठानिनँ- निदाएजस्ती भइदिएँ । अनि सुरू भयो मेरो शरीरसँग खेल्ने उसको क्रम ।

क्रमशः यो क्रम दिनहुँ, हरेक राति दोहोरिन लाग्यो । रीताको आक्रमण क्रमशः सहज हुन लाग्यो । ऊ मलाई म्वाइँ खान्थी, मेरो शरीरसँग खेल्थी र अन्ततः स्खलित हुन्थी । रीताको क्रियाकलापको उस्तै प्रतिक्रिया वा सहभागिता मैले पनि जनाउन थालें । तर रीताभित्र जत्ति पुरुषीय शक्ति, मर्दीपना वा ऊर्जाशक्ति थियो म थोरै कमजोर अथवा सहिष्णु नै थिएँ । यो क्रम घटेन बढ्दै गयो । त्यस घरको मूलीका रूपमा रीता स्थापित भई म सहायक पात्रजस्ती भएँ ।

एक रात रीताले घोषणा गरी- 'म तिमीविना बाँच्न सक्तिनँ सीता ! अब तिमी मेरी प्राण हौ । ठान म तिम्रो राम हुँ, म तिम्रो कृष्ण हुँ, म तिम्रो अर्जुन हुँ ।' म बोलिनँ मैले मुस्काएर आफ्नो सहजता जनाएँ ।

अब घटनाहरू छिटो बढ्न थाले । हामी प्रत्येक रात केही स्न्याक्स् र बियर खाएर आफूहरूलाई समर्पित गर्न थाल्यौं । सहरमा भर्खरै नीलो हीरा वा ब्लु डायमण्ड संस्था बनेको र क्रियाशील भइरहेको थाहा भयो । हामी दुबै त्यस संस्थासँग सम्बद्ध भयौं । विभिन्न किसिमका

अश्लील ? अथवा थ्री एक्स भिडियो हेरेर थाकेनौं । मलाई लाग्यो यो सम्पूर्ण सृष्टिको, यो नारी नारी सम्बन्धको अर्को पक्ष वा पाटा पनि छ । देखिने आकाशीय क्षितिजभन्दा पर तेस्रो पोखरी पनि छ, यौटा नयाँ आकाश पनि छ । हामी मात्र होइन, हामीजस्ता हज्जारौं नारीहरू यस देशमा आफ्नो नयाँ मोड खोजिरहेका छन्, नयाँ सूर्यको खोजीमा छन् वा रहेछन् भन्ने हाम्रो विश्वास बढ्दै गयो ।

रीताका बाको सुगर बढ्दैगयो, यस्तै प्रेसर पनि । रीता र हाम्रा अगाडि विविध समस्या एकैपटक आए पढाइ कसरी पूरा गर्ने, मेरो घरको समस्या के कसरी मिलाउने अनि समाजमा हामी दुई वैवाहिक रूपमा आबद्ध भएको सन्देश कसरी दिने ? ... । पढाइ क्रमशः पूरा हुन लागेको थियो । मेरी आमाले सबै थाहा पाएर मलाई घरमा आउन बन्देज भइसकेको थियो । त्यो मेरा आमा-बाको आफ्नो समस्या हो भनेर मैले वास्ता गर्न पनि छाडिसकेकी थिएँ । बाँकी थियो हाम्रो सम्बन्धलाई कुनै कानुनी मान्यताको अभाव । कि हामी स्वीडेन जानुपर्ने भयो वा क्यानेडा वा अन्य कुनै राष्ट्र जो हाम्रा लागि बिल्कुलै असम्भव थियो एक किसिमले हुनै नसक्ने ।

रीताका बा अस्पताल भर्ना हुनुभयो । उहाँलाई हेरविचार गर्न म बाध्य भएँ । रीताले आफ्नो घर हेर्न थालिन्- म उनका पिताजीलाई अस्पतालमा बालाई उठाउन, सुताउन, दिसा-पिसाब गराउन, औषधि ख्वाउन, उपयुक्त आहार ख्वाउन सबै मैले जिम्मा लिएँ । रीता कहिलेकाहीं आउँथिन्, सामान्य प्रश्नहरू सोध्थिन् अथवा जानकारी लिएर जान्थिन् । उपचारको क्रममा रीताका बालाई मैले धेरै नजिकबाट हेर्ने मौका पाएँ । उहाँभित्र यौटा विशाल छाती रहेछ, त्यसभित्र मानवता र संवेदनाको अथाह पोखरी रहेछ, मैले थाहा पाएँ, जानें-बुझें र प्रभावित भएँ ।

बीचमा रीताले कुनै वकिलको सल्लाह पनि लिएकी रहिछिन् । एक रात गजबको प्रस्ताव राखिन्- सीता ! हामी जुन बन्धन वा सम्बन्धमा छौं, त्यसलाई अहिलेसम्म सामाजिक र कानुनी मान्यता छैन । यसका लागि तिमी हामीले सङ्घर्ष गर्दै जानुपऱ्यो, लड्दै जानुपऱ्यो । कुनै दिन हाम्रो जित निश्चित छ । तर हाललाई समाजमा बाँच्न, सङ्घर्षको अर्को चरणमा जान तिमीले मेरो पिताजीसँग बिहे गर्नुपर्ने भयो, एक किसिमले सानु नाटक गर्नुपर्ने भयो ।

म आफूभित्र चक्कराएँ । मेरो भाग्यमा सधैं अप्रत्याशित, अकल्पनीय घटनाहरू हुन लेख्यारहेछ- मैले भोग्नुपर्ने रहेछ । रीताले के भन्दैछे, के अर्थमा यो ठीक वा बेठीक छ, यसले भोलि मेरो र हाम्रो भविष्य के होला ? मैले सोच्न सकिनँ । म अलमलिएको देखेर रीता गम्भीर भई- यसले तिम्रो मेरो सम्बन्ध रत्तिभर फरक हुनेछैन सीता ! तिमी यसलाई अन्यथा नलेऊ । यसबाट एउटै ढङ्गले हामी चरा मार्न सक्छौं । अथवा तीन चरा भने पनि हुने - पहिलो बुबाको हेरविचार राम्रो पुग्ने, उहाँको आयु बढ्ने र स्वतः तिमी यो सारा जायदाद सम्पत्तिको मालिक हुने, दोस्रो तिम्रो मेरो जुन आत्मीय र यौनिक सम्बन्ध छ त्यो अझ दह्रिलो हुने र तेस्रो हामी स्वतन्त्र आकाशमा चरा झैं उड्न पाउने ।

'तिम्रो बा ले मान्नुहुन्छ ?' - मैले सोधें ।

'भोलि बा डिस्चार्ज हुनुहुन्छ । बालाई मैले केही दिनअघि मनाइसकेकी छु । उहाँले सहर्ष स्वीकार गर्नुभएको छ, दङ्ग पर्नुभएको छ । तिमी हुन्छ मात्र भन ।' रीताले स्पष्ट गरी, अझ थपी- 'आधुनिक ढङ्गले बिहे गर्ने मेडियालाई बोलाएर- संक्षिप्त र भव्य ! त्यो पनि यही साता-आउँदो शुक्रबार-गुड फ्राइडे.... ।'

केही दिन यता रीताका बाको आँखामा मैले जुन मादकता, कामुकता, जुन रङ्ग र भावना देखेको थिएँ- त्यसभित्रको सत्यता मलाई प्रस्ट भयो । यौटी नारीलाई हेर्ने पुरुष-वासना वा आक्रामकता जो हो- त्यो बुझें र आफूभित्र यौटा सत्यको बीउ रोपें ।

अब तपाईं भनेको गोरखापत्रका लाखौं पाठक हुनुहुन्छ र पहिलो पानामा फोटोसहित छापिएको त्यस समाचार-कथालाई राम्ररी आत्मसात् गर्नु हुनेछ भन्ने कुरामा म सीता विश्वस्त छु- आश्वस्त छु । ■

*(सीताहरू- २५ मा कथाको शृङ्खला समाप्त भएको छ ।)*

# शारदा मासिकको सूचना

नेपालको जेठो साहित्यिक पत्रिका ***शारदा*** ले नेपाली वाङ्मयका क्षेत्रमा पुर्‍याएको योगदानलाई निरन्तरता दिने उद्देश्यले पुनः थालिएको ***शारदा*** को प्रकाशनमा टेवा पुर्‍याउन यहाँले ***शारदा*** को सदस्यता ग्रहण गरिदिनु भई सहयोग गरिदिनु हुनका साथै यसमा आफ्नो संस्थाको विज्ञापन दिई तपाईंको संस्थागत विकासमा ***शारदा***लाई सहभागी हुने अवसर प्रदान गर्नहुन हार्दिक अनुरोध गर्दछौं ।

| | |
|---|---|
| **वार्षिक सदस्यता शुल्क** | रु. ५००।- |
| **आजीवन सदस्यता शुल्क** | रु. १०,०००।- |
| **संस्थागत सदस्यता शुल्क** | रु. २५,०००।- |

## विज्ञापन दर

| विवरण | एक अङ्क | तीन अङ्क | छ अङ्क | बाह्र अङ्क |
|---|---|---|---|---|
| अन्तिम पृष्ठ रङ्गिन | ३०,०००।- | ७२,०००।- | १,०८,०००।- | १,४४,०००।- |
| कभर भित्री पहिलो पृष्ठ रङ्गिन | २७,०००।- | ६६,०००।- | ९९,०००।- | १,३२,०००।- |
| कभर भित्री अन्तिम पृष्ठ रङ्गिन | २५,०००।- | ६०,०००।- | ९०,०००।- | १,२०,०००।- |
| पूरा पृष्ठ रङ्गिन | २०,०००।- | ४८,०००।- | ७२,०००।- | ९६,०००।- |
| आधा पृष्ठ रङ्गिन | १२,०००।- | २८,८००।- | ४३,२००।- | ५७,६००।- |
| एक पृष्ठ एकरङ्गि | १०,०००।- | २४,०००।- | ३६,०००।- | ४८,०००।- |
| आधा पृष्ठ एकरङ्गि | ६,०००।- | १४,४००।- | २१,६००।- | २८,८००।- |

(अतिरिक्त १३% मूल्य अभिवृद्धि करबाहेक)

संस्मरण

# स्मृतिपटमा त्यो बेलाको राल्फा


मञ्जुल

एक दिन म तत्कालीन रोयल नेपाल एकेडेमीको कविता विभागको कविता पत्रिकामा छापिएको दुईवटा गीतहरूको पारिश्रमिक बापत पाएको रकमको चेकको भुक्तानी लिन आफ्नै कार्यालय नेपाल राष्ट्रबैङ्कको बैङकिङ् कार्यालयको दर्ता फाँटबाट लेजर शाखामा गएँ । मेरो नामको चेक हातमा लिने बित्तिकै मेरो साथीले मलाई जिस्क्याउँदै भन्यो, "बाफ रे यसको त जताजतैबाट पैसा आउँछ बा ! हिजै मात्र रेडियो नेपालबाट पैसा लियो, आज फेरि एकेडेमीबाट !"

"कहाँ लिएँ मैले हिजो पैसा ?" मित्रवत् रूपमा मैले उसलाई हकार्दै भने ।

"ढाँट्छस् ? म तँलाई देखाइदिऊँ ?" उसले पनि मेरो अनुहारमा सोझो गरी हेर्दै दृढ विश्वासका साथ भन्यो । फटाफट लेजरका पानाहरू पल्टायो । साँच्चै त्यहाँ मेरै नाम थियो - मेघराज मञ्जुल । म जिल्ल परें । त्यो पैसा त मैले लिएको थिइनँ बा !

मैले हत्तपत्त फोन गरें रेडियो नेपालमा- एकजना राम्ररी चिनेको मान्छेलाई । त्यो मान्छेले नै मलाई रेडियो नेपालमा कविता पाठ गर्न बोलाउनुभएको थियो । त्यो कविता रेडियोबाट वाचन गरे बापत पारिश्रमिक पनि दिन्छु भन्नुभएको थियो त्यो मान्छेले मलाई । करार-पत्र आउँछ पर्खिनु न पर्खिनु भनेको हुनाले म पर्खिरहेको थिएँ ।

त्यो मान्छेबाट के पत्ता लाग्यो भने चेक पनि मेरै हो; रकम पनि मेरै हो । उहाँले मलाई कतै केही नभन्न र चुप लाग्न सल्लाह दिनुभयो । गल्ती भएको हुनाले पैसा पनि मिलाइदिने सल्लाह दिनुभयो । म उहाँले भनेकै जस्तो गर्थें होला । तर कुरा अरू थपियो ।

रामेश र रायन (त्यति बेलाका रामेश्वर श्रेष्ठ र नारायणभक्त श्रेष्ठ) लाई पनि रेडियो नेपालका त्यति बेलाका कर्मचारीहरूले त्यस्तै आश्वासन दिँदै झुलाएका

रहेछन् । ए मञ्जुल हाम्रा पनि चेकहरू छन् कि हेर, हेर भनेर उनीहरूले मलाई भने । उनीहरूका नामबाट दश-एघार वटा भुक्तानीहरू देखिए । चेकहरू राखेको ठाउँमा गएर हेर्दा चेकहरू पनि भेटिए । चेकका पछाडि सहीहरू फरक-फरक किसिमका थिए । रिसले मेरो कनपारा तात्तिएर आयो । चारैतिर तोरीका फूलहरू देखें मैले । त्यस दिन सञ्जोगले किरण खरेल दाइ मेरो कार्यालयमै आउनुभएको थियो- सायद कुनै रकमको भुक्तानी लिन । मैले किरण खरेल दाइलाई गुनासो पोखें । उहाँ मलाई एकदम माया गर्नुहुन्थ्यो । उहाँले मलाई स्नेहले सुम्सुम्याउँदै भन्नुभयो, "त्यहाँका मान्छे त्यस्तै छन् मञ्जुल भाइ । कतिजना सोझा मान्छेहरूलाई रुवाइसके तिनीहरूले । यस्तो गर्नेहरूको त्यहाँ डफ्फै छ ।"

"के गर्ने त ?" मैले जिल्ल पर्दै सोधें ।

नामुद गीतकार । कवि हृदयको मान्छे । हृदयले बोल्ने मान्छे । उहाँले मलाई तिनीहरू विरुद्ध विशेष पुलिस विभागमा उजुरी गर्ने सल्लाह दिनुभयो । हामीले यसो गरिदिए धेरै सोझा मान्छेहरूको पनि कल्याण हुने कुरा गर्नुभयो । उहाँको कुरा मलाई एकदम ठीक लाग्यो । त्यसै गर्ने दृढ विश्वास लिएर म डेरामा गएँ ।

जागिर केही नभएका, त्यही रेडियोको करारमा जीविका पाल्नुपर्ने बाध्यता लिएर बाँचेका, आर्थिक रूपले गरिब मेरा साथीहरूलाई मेरो कुरा सुनेर कति रिस उठ्यो, कसरी वर्णन गर्ने शब्दमा ? रेडियो नेपालका भ्रष्ट कर्मचारीहरू विरुद्ध हामी आगोको मुस्लोझैं भएर बल्यौं ।

विशेष पुलिस विभागमा भन्न गयौं हामी यो कुरा । त्यहाँको हाकिम भोजपुरको हुनुहुँदो रहेछ - मकरबहादुर बान्तवा । मैले मेरो बाबाको नाम भन्नेबित्तिकै उहाँले मलाई एकदम माया गर्नुभयो । (त्यतिबेला उहाँले मलाई गर्नुभएको त्यो माया म कहिल्यै बिर्सन सक्दिनँ ।) त्यो अफिसमा त्यतिबेला अर्को एकजना पनि हुनुहुन्थ्यो - भोजपुरकै । मेरै दाजुको साथी । मेरो बाबालाई धेरै आदर गर्ने मान्छे - रामेश्वर श्रेष्ठ । त्यो अफिस त मलाई ढुङ्गा खोज्दा देउता मिलेजस्तो पो भयो ।

हामीले त्यहाँ सबै कुरा भन्यौं । हामीलाई ठग्ने बदमासहरू त्यो अफिसमा पनि निकै बदनाम रहेछन्- खाँचो रहेछ केवल सबुद प्रमाणको ।

दशैंको छुट्टी सुरु हुने बेला थियो । सबुद प्रमाण बटुल्नुपर्ने हुनाले अब यस कुरालाई त्यति हल्ला नगर्न हामीलाई सल्लाह दिइयो । हामीले पनि त्यो कुरालाई हृदयङ्गम गर्‍यौं । तर चोरका मतियारहरू कहाँ हुँदैनन् र ? कसरी-कसरी कुरा बाहिर आयो । रेडियो नेपालका बदमासहरू बेस्सरी कुर्लन थाले । हामीलाई काट्छौं, मार्छौं गर्न थाले । तिनीहरू आफ्नो कुकर्ममा लजाइरहेका थिएनन्, पछुताइरहेका थिएनन् । तिनीहरू त आफूलाई धेरै शक्तिशाली ठान्थे - रहेछन् पनि ती त्यस्तै । धेरै बलिया ठाउँहरूबाट आशीर्वादप्राप्त ।

यो ठूलो चर्चाको विषय भयो । हामीलाई मुद्दा फिर्ता लेओ भन्नेहरूको सानो जमात नभएको होइन तर हामीलाई स्याबासी दिनेहरूको, धाप मार्नेहरूको भीड कति हो कति ठूलो !

हाम्रो इज्जत कहाँ हो कहाँ ! त्यसैले हामीहरूले पनि फटाहा र तिनीहरूलाई आउरे-बाउरेहरूलाई बाल गनेनौं । गन्नु पनि किन र ?

यो मुद्दा दिएपछि वास्तवमा हामीले राम्रो काम गर्दा कस्तो माया पाइँदो रहेछ, त्यसको परिणाम कुन किसिमको हुँदोरहेछ र जनताको साथचाहिँ कसरी सबभन्दा बलियो हुँदोरहेछ भन्ने कुरा गहिरो गरी अनुभूत गर्ने मौका पायौं । राम्रो कुरा सिक्यौं हामीले जीवनमा ।

एकदमै लोकप्रिय लोकगायक भए पनि, भर्खरै मात्र उनीहरूका सातवटा लोकगीतहरू रिकर्डिङ भएका भए पनि त्यति बेलाका रामेश्वर श्रेष्ठ, नारायणभक्त श्रेष्ठ र अरूण श्रेष्ठलाई अब रेडियो नेपाल जाने बाटो रोकियो । मेरा लागि पनि अब त्यो बाटो खुला थिएन । (हामीलाई घीन पनि लाग्यो त्यहाँ जान ।) निरङ्कुश एकतन्त्री पञ्चायती शासनको बेला । फटाहाहरू औधि नै बलियो भएको बेला - हामीले जान चाहे पनि हामी जानसक्ने अवस्था थिएन । चोरलाई चैतारो साधुलाई शूली भनेजस्तो बेला थियो त्यो ।

हामीले पारिजात दिदीलाई भेटिसकेका थियौं । हामी उहाँको डेरामा बरोबरजस्तो जाने गर्थ्यौं । त्यतिबेलाका नाम चलेका राम्रा कवि-लेखकहरू पनि त्यहाँ

आउनुहुन्थ्यो । हामी उहाँहरूलाई हाम्रा गीतहरू सुनाउँथ्यौं । उहाँहरूबाट बरोबर स्याबासी पाउँथ्यौं । कसरी रोक्ने हामीले हाम्रो गायन कलालाई ! कसरी रोक्ने हामीले गीतहरूमार्फत विशाल श्रोताहरूमा जाने हाम्रा रहरहरूलाई !

रेडियो नेपालको बाटो बन्द भएपछि हामीले विकल्पका बाटाहरू खोज्न थाल्यौं ।

एउटा समूह बनाउने निर्णय गर्‍यौं हामीले । त्यही समूहमार्फत श्रोताहरूमा जाने निर्णय भयो । मानिसहरू काँग्रेस, कम्युनिस्ट र पञ्चहरूमा विभाजित थिए । हामी-जो समूह बनाउन चाहन्थ्यौं, प्रायजसो कम्युनिस्ट र पञ्चहरूमा विभाजित थियौं । रामेश - रामेश्वर श्रेष्ठ, रायन नारायणभक्त श्रेष्ठ र अरिम - अरूण श्रेष्ठ ओखलढुङ्गाका वामपन्थी नेता भीमप्रसाद श्रेष्ठ र प्रेमनारायण प्रेमीको स्नेहमा हुर्केका थिए । म धरानमा भेटिएका वामपन्थी नेता गोविन्द भट्ट, आनन्ददेव भट्ट, बि. ए. कृष्ण (कृष्णप्रसाद श्रेष्ठ) र इन्द्रबहादुर थापाको स्नेहमा हुर्केको थिएँ । गणेश रसिक - अनेकौं दुःख र पीडाहरूसँग जुध्दै हुर्केको हुनाले उसको रगतमा पनि टमाटम जनपक्षीय विचारधारा भरिएको थियो ।

एउटा रमाइलो कुरा हामीहरू सबैलाई सबभन्दा पहिले राजनीति सिकाउने अगुवाहरू नेपाली काँग्रेसका नेताहरू हुनुहुन्थ्यो । रायन, रामेश र अरिमले जनताको जुझारू राजनीतिको पाठ सबभन्दा पहिले रामेश र अरिमको आफ्नै ठूलो दाइ, ओखलढुङ्गाका नेपाली काँग्रेसका नेता मेघबहादुर श्रेष्ठबाट सिकेका थिए । मैले पनि राजनीतिको पहिलो पाठ भोजपुरको नेपाली काँग्रेसको नेता हाम्रो आफ्नै घरको ठूलो दाइ हरिप्रसाद नेपालबाट सिकेको थिएँ । गणेश रसिकले त झन् नेपाल र नेपाल भन्दा बाहिर पनि चिनिएको नेपाली काँग्रेसको सुपरिचित नेता आफ्नै ठूलो बा नारदमुनि थुलुङबाट सिकेको थियो ।

रामेश, रायन र अरिम तीनैजनामा सङ्गीतकार र गायकको व्यक्तित्व थियो । रामेश र रायनको भागमा त्यति बेला हार्मोनियम बाजा थियो भने अरिमको भागमा चाहिँ ताल वादनका बाजाहरू थिए । त्यतिबेला यी तीनैवटा नामहरू सुन्दर-सुन्दर लोकगीतहरू गाउने गायकका नामहरू हुन् भने रेडियो नेपालले एक किसिमले राम्ररी नै चिनाइसकेको थियो ।

गणेश रसिक चाहिँ गीत, कविता र कथाहरू लेख्थ्यो । आफ्ना गीतहरूमा आफैं सङ्गीत पनि भर्थ्यो । गाउँथ्यो । हार्मोनियम उसको बाजा थियो ।

निनु - निरञ्जन चापागाईं र विमल - कीर्तिरमण चापागाईं, यी दुवैजना किताब, पत्रपत्रिका खुब पढ्नुपर्ने स्वभावका थिए । उनीहरूलाई क्रान्तिकारी विचार मन पर्थ्यो । क्रान्तिकारी लेखकहरू उनीहरूका प्रिय व्यक्तिहरू थिए । निनु निबन्ध लेख्थ्यो । विमल निबन्ध र कविता दुवै लेख्थ्यो ।

नोरेम - हरिप्रसाद श्रेष्ठ र सिमोस - खगेन्द्र बस्नेत, पनि एकदमै लडाकू साथीहरू थिए । हामी एक अर्कासँग खुब मिल्थ्यौं । नोरेम कविता र निबन्ध लेख्थ्यो भने सिमोस चाहिँ कविता मात्र लेख्थ्यो । शिरीष - केदारप्रसाद न्यौपाने, मेरो ठूलो मामाको ठूलो छोरा । हामी दुवै दाजुभाइ काठमाडौंको सङ्घर्षमय जीवनलाई अगाडि ठेलिरहेका थियौं । शिरीष कविता लेख्थ्यो अलि-अलि । तर ऊ कविभन्दा बढी भाइ थियो - मेरो मात्र होइन सबैको ।

राष्ट्रबैङ्कमा सँगै काम गर्ने,एकदमै मिल्ने, काठमाडौं, बानेश्वरको अर्को एउटा जुझारू साथी थियो निरन - निरञ्जन सापकोटा । ऊ कविता लेख्थ्यो, कवितामय गीत लेख्थ्यो । ती कवितामय गीतहरूमा सङ्गीत भर्थ्यो । उसले मेरा कविताहरूमा पनि सङ्गीत भर्‍यो । तिनीहरूलाई मीठा गीतहरू बनाएर गायो । बच्चुकैलाश दाइका कवितामय गीतहरूको साँच्चिकै होनहार उत्तराधिकारी थियो ऊ ।

म के थिएँ ? कवि र गीतकार । गाउँथें तर आफ्नै मस्तीमा । ताल सुरको मलाई खासै जानकारी थिएन । सङ्गीतको औपचारिक शिक्षा मैले कहीं पनि, कहिल्यै पनि लिएको थिइनँ । म निबन्ध पनि अलि-अलि लेख्थें ।

हामी सबैभित्र देशको विकास हुनुपर्छ भन्ने भावना थियो । सबै देशबासीले खान, लाउन पाउनुपर्छ भन्ने भावना थियो । सबैले पढ्न पाउनुपर्छ, औषधि-उपचार गर्न पाउनुपर्छ भन्ने भावना थियो । हामी लडाकू थियौं र स्वतन्त्रताको पक्का हिमायती थियौं । देशभित्र लेखकीय स्वतन्त्रता होस् भन्ने हाम्रो चाहना थियो ।

यी सबै साथीहरू मिलेर हामीले राल्फा बनायौं ।

पारिजात दिदी, सुकन दिदी हाम्रो संरक्षक हुनुहुन्थ्यो । अलि पछि दाजु गोरखबहादुर श्रेष्ठ पनि संरक्षकको रूपमा थपिनुभयो । उहाँको प्रेम साँच्चिकै फराकिलो र भावना उच्च भएको कारणले गर्दा रामेश र अरिमको मात्र नभएर म, रायन र मेरा अरू साथीहरूको पनि प्रिय दाइ हुनुभयो । उहाँ हामीलाई हामी जस्तै भएर सघाउनु हुन्थ्यो ।

त्यति बेलाका प्रिय साथीहरूको सम्झना गर्दा मलाई योगेश्वर - राजेन्द्र कोइराला, ओ के बोथ - ओमकृष्ण सिटौला र दिव्य भुर्तेलको पनि खुब याद आउँछ । खुब ठूलो मन दिएर सजाउँथे तिनीहरू हामीलाई । तिनीहरू हाम्रो आन्दोलनमा नङ र मासुजस्तै गरी मिलेका थिए । तिनीहरूको न्यानो मित्रता र महान् सहयोगलाई झलझली सम्झन्छु म । योगेश्वर त्यतिबेला नोकरी लिएर पोखरा नगएको भए, काठमाडौंमै रहेको भए, शङ्कै छैन, ऊ पनि राल्फा भनेरै चिनिन्थ्यो ।

राल्फा विद्रोही समूह भए पनि त्यतिबेला त्यो काँग्रेस वा कम्युनिस्ट थिएन । त्यो एउटा नयाँ समूह थियो । कति नयाँ भने पहिले नै अर्थ बोकेर आएको शब्दले पनि त्यसले आफूलाई चिनाउन चाहेन । त्यो समूहका व्यक्तिहरूले जे गर्छन्, जे बोल्छन् त्यही नै त्यसको अर्थ हुनेछ - यस्तो भनियो । नयाँ हो, नितान्त नयाँ त्यतिबेला त्यसको त्यस्तो सोचाइ थियो ।

म नयाँ- नयाँ शब्दहरू बनाउँथें । ती शब्दहरूको नयाँ-नयाँ अर्थ दिन्थें । त्यस्तो बानी थियो मेरो । एक दिन मैले एउटा लेख लेखें, राल्फा- गितारमा सलबलाउँदो धुन । त्यही लेखमा प्रयोग गरिएको नयाँ शब्द राल्फालाई हाम्रो समूहको नाम जुराइयो ।

राल्फा सौभाग्यशाली थियो । त्यसले सुन्दर-सुन्दर गीतकारहरू पायो । सङ्गीतकारहरू पायो । गायकहरू पायो । एकल गायन र युगल गायनको मात्र चलन भएको त्यो बेला राल्फाले चारजनाको समूह पायो । (दुईजनाभन्दा बढी व्यक्तिहरू भएको समूह योभन्दा अगाडि नेपाली सङ्गीताकाशमा भए जस्तो मलाई लाग्दैन ? भएको भए र मैले थाहा नपाएकोमा माफ पाऊँ ।)

लाग्छ, राल्फा सुरु भएको झण्डै डेढ वर्षपछि गणेश रसिकले राल्फा समूह छोड्न चाह्यो र बनायो अर्को समूह - लेकाली । झण्डै-झण्डै राल्फै जस्तो सुन्दर समूह ।

रसिकले राल्फा समूह छोडेपछि उसले उभिएर गाउने ठाउँमा दाजु गोरखबहादुर श्रेष्ठले साह्रै ठूलो करले गर्दा म उभिन पुगें । चारजनाको समूह फेरि पनि चारैजनाको भयो ।

निरन राम्रो गीतकार, सङ्गीतकार र गायक भए पनि ऊ समूहमा प्रायः गाउँदैनथ्यो । उसले गीतहरू बनाउँथ्यो र उसले बनाएका गीतहरूचाहिँ समूहले मज्जाले गाउँथ्यो ।

हार्मोनियम र तालका बाजाहरूपछि राल्फामा गिटार र बाँसुरी थपिए । गिटार रामेश, रायन, अरिम तीनैजनाले बजाउने बाजा थियो । पछि-पछि त्यो बाजा मेरो पनि बाजा भयो । बाँसुरी चाहिँ अरिमले मात्र बजाउनुहुन्थ्यो । जाने पनि रामेशले बजाउँदैनथ्यो । म फुक्थें, बजाउन खोज्थें तर सक्दिनथें ।

भाइ न्हुछेबहादुर डङ्गोलले एकपल्ट हाम्रो समूहमा मिसिएर तालका बाजाहरू बजाउनुभयो । तर के भएर हो कुन्नि उहाँको संलग्नताको निरन्तरता भने पछि टुटेर गयो ।

गीत, सङ्गीत, गायन र वाद्यवादनको कुरा यस्तो थियो । त्यो झन् विकसित हुँदै गयो ।

पारिजात दिदीले पनि गीत लेख्नुभयो । युगकवि सिद्धिचरण श्रेष्ठको कविता ओखलढुङ्गा पनि गीत बन्यो । पछि-पछि जसराजको कवितालाई पनि रामेशले गीत बनायो । त्यस्तै गरी महाकवि लक्ष्मीप्रसाद देवकोटाका गीतहरू पनि हामीले गायौं ।

साहित्यको क्षेत्रमा पनि मज्जाका कविहरू, निबन्धकारहरू, कथाकारहरू र उपन्यासकारहरू पाएकै हो राल्फाले ।

एउटा कुरा, सुरुमा पारिजात दिदी राल्फा हुनुहुन्थ्यो । हामी राल्फाहरू हुनसम्मका आशावादीहरू थियौं । पारिजात दिदी चाहिँ त्यतिबेला हुनसम्म निराशावादी हुनुहुन्थ्यो । हाम्रो रमाइलो वादविवाद हुन्थ्यो लेखनमा । पछि दिदीलाई हामीजस्तै हुन मन लाग्यो । हाम्रो आशावादी, जीवनवादी विचारले, हाम्रो माया र आदरले जित्यो । छेकुडोल्माको भूमिका लेख्दा उहाँले आफ्नो

नामको पछाडि राल्फा राखेर आफू पनि राल्फा भएको घोषणा गर्नुभयो । वाह ! हामी हुनसम्म धनी भयौं ।

राल्फालाई हामीले त्यतिबेला एउटा सन्ततिको रूपमा सञ्चालन गरेका थियौं । अमेरिकामा चलिरहेको बिट जेनरेसनको प्रभाव यसमा कहीं कतै देखिन्थ्यो । हामी पनि लेखक कलाकारहरू थियौं । आन्दोलनकारी थियौं । एलेन गिन्सबर्ग र उनका साथीहरूका रचनाहरू हामी मन पराएर पढ्थ्यौं । समाजमा देखिने उनीहरूको उच्छृङ्खलपक्ष हामीहरूलाई मन पर्दैनथ्यो तर गरिब दुःखी मानिसहरूलाई माया गर्ने उनीहरूको मानवीय पक्षचाहिं हामीलाई साह्रै मन पर्थ्यो । त्यतिबेलै भारतमा हङ्ग्री जेनरेसनको आन्दोलन पनि चलिरहेको थियो । त्यो आन्दोलनका कतिपय साथीहरूलाई भेटेर हामीले मित्रतापूर्ण रूपले कुरा गरेका थियौं । रचनाहरू आदानप्रदान पनि गरेका थियौं । बङ्गाली भाषामा मेरो कविताको अनुवाद सबभन्दा पहिला तिनै साथीहरूको मद्दतले छापिएको थियो ।

एउटै समयमा चलेका आन्दोलनहरू भएका हुनाले मात्र हामी ती आन्दोलनसँग जोडिएका थियौं । हामी त आन्दोलनका नक्कल वा अनुयायी चाहिं थिएनौं । हामी हाम्रो आन्दोलनलाई मौलिक आन्दोलन मान्थ्यौं र अहिले पनि मलाई लाग्छ, हामी ती आन्दोलनहरूभन्दा फरक थियौं र मौलिक पनि ।

पारिजात दिदीको मदन पुरस्कार प्राप्त उपन्यास शिरीषको फूलको अङ्ग्रेजी अनुवाद भइसकेको थियो । तर त्यसको अङ्ग्रेजी पाण्डुलिपि अङ्ग्रेजी मातृभाषा भएको व्यक्तिले हेरे राम्रो हुन्थ्यो भन्ने इच्छाले हो वा पारिजात दिदीको पहिलेदेखिकै मित्रता भएको कारणले हो पारिजात दिदीको घरमा हाम्रो भेट सान्द्रा जेडिस्टाइनसँग हुनगयो । उहाँले हाम्रा गीतहरूलाई साह्रै मन पराउनुभयो । थुप्रै अङ्ग्रेजी गीतहरूका रेकर्डहरू र रेकर्डप्लेयर भएको सुविधाजनक एउटा राम्रो कोठा हाम्रो लागि सधैं खुला थियो उहाँको घरमा । उहाँकै सहयोगले हामी परिचित भयौं बब डेलन, जोन बायज, पिट सेगर अनि पिटर, पावल र मेरीसँग । बिटल्सहरूलाई चाहिं हामीले अलि-अलि पहिल्यै पनि चिनिसकेका थियौं । त्यसै गरी नोर्मा खरबर्गले साइमन एन्ड मार्फुङ्गेलका सुन्दर गीतहरूसँग परिचित गराइदिनुभयो ।

विदेशी साहित्यमा कामु, काफ्का, सार्त्र, ज्या जेने, चेगुभेरा आदि हाम्रा प्रिय लेखकहरू थिए । मग्न भएर पढ्थ्यौं हामी यी स्रष्टाका रचनाहरू ।

राल्फाभित्र गीतकार, सङ्गीतकार, गायक, कवि, लेखक त छँदैथिए । गोरख दाइलाई सक्रिय गराएर चित्रकलामा पनि हात हाल्ने हाम्रो विचार थियो । उहाँले हामीलाई माया गरिरहनुभयो (आज पर्यन्त उहाँले हामीलाई माया गरिरहनुभएको छ) । तर हामीले उहाँलाई दिन चाहेको कुराको जिम्मा लिएर अगाडि बढ्न चाहिं उहाँले मन गर्नुभएन । न त उहाँले आफूलाई राल्फा भनेरै चिनाउन चाहनुभयो न चित्रकारितालाई नै निरन्तरता दिनुभयो ।

हामीले राल्फा सुरु गरेपछि दुईवटा हस्तलिखित पत्रिका निकाल्यौं । मलाई लाग्छ, त्यसको सम्पादन विमलले गर्‍यो । ती दुवै पत्रिका त्यतिबेलाका बुद्धिजीवीहरू माझ खुबै लोकप्रिय भए । त्यसबाट प्रेरित भएर पछि विमलको सम्पादनमा विरुद्ध एक अङ्क र नरिमको सम्पादनमा यन्त्रणा तीन अङ्क मुद्रणबाट पनि निस्के ।

हामी जो साहित्यमा सक्रिय थियौं साहित्य लेखेर सक्रिय हुनथाल्यौं । जो गीत सङ्गीतको क्षेत्रमा सक्रिय थियौं गीति कार्यक्रमहरू दिएर सक्रिय हुनथाल्यौं ।

हामी रानीपोखरी जस्तो काठमाडौंमा मात्र बसिरहेनौं; बागमती, विष्णुमती वा अन्य-अन्य नदीहरू जस्तो बहँदै-बहँदै देशका विभिन्न भागहरूमा पनि हामीले गीति-कार्यक्रमहरू दिन थाल्यौं । खुब स्नेह कमायौं हामीले देशवासीहरूबाट । हाम्रो आन्दोलन गजबको आन्दोलन भयो ।

राल्फा विचारमा क्रान्तिकारी थियो, परिवर्तनप्रेमी थियो । भोकानाङ्गा देशवासीहरूको लागि अनन्य मित्र थियो । प्रस्तुतिमा यो एकदमै कलात्मक थियो । कसले रोक्नसक्ने यसको लोकप्रियतालाई ?

लेख

# हाम्रो शिक्षा, शिक्षक र शिक्षार्थीहरू



प्रा.डा. डीपी भण्डारी

एक अनुत्तरित प्रश्न सधैं- एक्लै हिँड्दा, बस्दा, गोष्ठीमा भाग लिँदा, भाषण दिँदा - नेपाली बुद्धिजीवी र मजस्तै बुद्धिहीन व्यक्तिको मनमा उठिरहन्छ, "यदि व्यक्ति र समाजको यही स्थिति हो भने हाम्रो यति लामो शिक्षाको इतिहासलाई कसरी व्याख्या गर्ने ?" शिक्षाको इतिहासको स्मृति धेरै प्राचीन छ- कम्तीमा वैदिककालसम्म जानमा हामीहरू आफूलाई गौरवान्वित ठान्दछौं । शिक्षाको वर्तमान र निकट अतीत जहिले पनि रहस्यमय, दुर्बोध्य पाइन्छ । व्यक्तिगत स्मृतिजस्तै जातीय स्मृतिमा आनन्द लिने मानिसको स्वभाव धेरै पुरानो जस्तो लाग्छ । जुन समाज अर्थपूर्ण क्रियाकलापमा र लक्ष्यबाट विमुख हुन्छ त्यो समाज अतीतको गुणगानको नै धेरै शब्द, समय र ऊर्जा खेर फाल्दछ । प्रश्न त दोहरी दोहरीकन आउँछ 'हामीहरू शिक्षित हुने यति ठूलो प्रयत्नको वाबजूद पनि हाम्रो नैतिक, सामाजिक र आर्थिक स्थितिमा किन सुधार आउँदैन ।' सायद कुनै सूक्ष्म कारण वा कारणहरू छन् । हेरी ल्यायो भने कुनै पनि देश- साम्यवादी र अधिनायकवादी देशहरू पनि- प्रचलित शिक्षा नीति र नीतिको कार्यान्वयनबाट सन्तुष्ट देखिँदैनन् तर शिक्षाको उद्देश्यबारे केही देशहरू सिद्धान्त र व्यवहारमा अरू देशहरूभन्दा बढी सन्तुष्ट र सफल भने अवश्य देखिन्छन् । शैक्षिक रूपले लथालिङ्ग भएका देशहरू आर्थिक र अरू कतिपय दृष्टिले हेर्दा खेरी पनि लथालिङ्ग छन् । उदाहरण दिन सकिन्छ एसिया र अफ्रिकाका बहुसङ्ख्यक देशहरूको ।

तर जे भए पनि शिक्षा सामाजिक, व्यक्तिगत र राष्ट्रिय उन्नयनको लागि एक सबल माध्यम मानिन्छ ।

सभ्यताको प्रारम्भदेखि नै मानव जाति शिक्षित हुने प्रयास गर्दैछ र जे जति सभ्यता र संस्कृतिको विकास भएको छ त्यसको पछाडि सम्यक् शिक्षाको भूमिका देखिन्छ । मानव जीवनको सामूहिक वा व्यक्तिगत

अनुभूतिहरूमध्ये शिक्षा पनि एक विषय हो जस बारे न हामी पूर्ण सन्तुष्ट हुनसक्छौं, न त पूर्ण असन्तुष्ट नै । शिक्षाको स्वभाव नै अन्तर्निहित असन्तोष हो । क्रिस्चियन र यहुदीहरूको असन्तोषको काव्य-प्रतीकको रूपमा आदम र इभको ज्ञानको वृक्षको वर्जित फल खानुलाई मानिन्छ, त्यो प्रतीक अत्यन्त अर्थपूर्ण पनि छ । आफ्नो मौलिक र आदिम शान्ति, सुख, निश्चलता र आनन्दबाट वञ्चित हुन्छन् आदम र इभको जोडी जुन त्यो फलको स्वाद लिन्छन् । अमृतबाट मृत लोकमा पनि खस्छन् । पूर्वीय दर्शन अनुसार पनि विद्या र अविद्यामा स्पष्ट भेद देखाइएको छ । विद्याको अर्थ टाउकोमा सूचनाहरू जम्मा गर्नु होइन, आत्म ज्ञान प्राप्त गर्नु हो, आध्यात्मिक बोधको उपलब्धि हो । यदि शिक्षाबाट आन्तरिक ज्ञान र बोधको सट्टा अहङ्कार र दम्भ र बाह्य संसारको बारेमा सूचना र तथ्याङ्क मात्र प्राप्त हुन्छ भने पूर्वीय मनीषामा त्यसलाई विद्या भनिँदैन । उल्टो ज्ञानीहरू अज्ञानीभन्दा पनि धेरै तल्लो कोटीका व्यक्ति भनिन्छन् । त्यस्ता ज्ञानीहरूको ज्ञान अज्ञानीहरूको अज्ञानताभन्दा बढी खतरनाक मानिन्छ । रावणको विद्वत्ताको वर्णन धेरै प्रमुख हिन्दु शास्त्रहरूले गरेका छन्, राम त्यो अर्थमा त्यति विद्वान थिएनन् । राम आत्म ज्ञानी थिए । त्यति ठूलो विद्वता हुँदा हुँदै पनि रावण अविद्याको प्रतीक भएर आयो, राम विद्याका प्रतीक भएर आए हाम्रो मानसमा । मानिसको नैसर्गिक अहङ्कारलाई शिक्षाले अक्सर विवेकशीलता, विनम्रता, नैतिक र आध्यात्मिक अन्तरमुखताको स्थानमा उल्टो पोषण गरेको पाइन्छ । जब पठित व्यक्ति अहङ्कारी हुन्छ तब त्यस्तो व्यक्ति अहङ्कारको पराकाष्ठामा रावण नै हुन्छ । शिक्षित व्यक्तिहरूबाट संसारलाई धेरै लाभ भएको छ भने धेरै हानि पनि तिनीहरूबाट नै भएको छ ।


नेपालमा शैक्षिक व्यवहार बारे विचार गर्दा हामी आफ्नो परम्परा र सांस्कृतिक पृष्ठभूमिलाई उपेक्षा गर्न सक्तैन । व्यक्ति जस्तै समाज र देश पनि बहिर्मुखी र अन्तर्मुखी हुन्छन् । पश्चिमको सांस्कृतिक वा वैचारिक भूमिकामा ग्रीकका दार्शनिकहरू छन् । इतिहासको प्रवाहको साथसाथै पश्चिम तर्क र विज्ञानमा प्रकृतिमाथि, बहिर्जग माथि विजय गर्न हिँड्यो, सफल भयो र भौतिक रूपले र धेरै किसिमले सम्पन्न भयो । हाम्रो अतीतबाट आउने प्रेरणाको पछाडि आत्म ज्ञान प्रकृति विजयको ठाउँमा प्रकृति-प्रेम प्रकृति-साहचर्य रह्यो; जीवनमार्ग चार खण्डमा विभाजित भयो-ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास । जीवनको प्रथम चरणदेखि नै हाम्रा पुर्खाहरू अरण्य आनन्दको कल्पना गर्न थाल्थे । अन्तर्मुखता हाम्रो केन्द्रीय चरित्र रह्यो भने बहिर्मुखता पश्चिमको केन्द्रीय चरित्र रह्यो । त्यहि चरित्रअनुसार हामी जीवन यात्रामा हिँड्यौं र आजको हाम्रो जीवन पद्धति, असफलता अथवा सफलता त्यही शास्त्र र त्यही जीवन दृष्टिको परिणति हो । समष्टिमा हेर्दा हाम्रो शिक्षा, शिक्षक र शिक्षार्थीहरू पनि सुदूर अतीतबाट प्रभावित छन् । अदृश्य कारण यही हो, दृश्य र अनुभवजन्य कारण धेरै छन् ।

नेपालमा पश्चिमी शिक्षाको प्रभाव पर्न थालेको करिब एक सय वर्ष भइसक्यो तर अझै हामीहरू त्यो गहिरो आदिम कालदेखि आएको परम्परा र आधुनिकताबीच राम्रोसित समायोजित भइसकेका छैनौं । शिक्षा, शिक्षक र शिक्षार्थीहरूको पनि समाजका अरू वर्ग जस्तै त्यही पीडा हो । गहिराइको थाहा नभएर हामीहरू सतहमा अल्झिरहेछौं ।

थरीथरीका शैक्षिक विचार र धारणाहरू लगभग सबै पश्चिमबाट नै आइरहेछन् । अनुकरण गर्नुमा हामीहरू आफूलाई गौरवान्वित ठान्दछौं । प्रत्येक अनुकरण र प्रत्येक प्रभाव हाम्रो जातीय चरित्रसित टक्कराउँछ । त्यो टक्करबाट पीडाको जन्म हुन्छ । अनि प्रश्न गर्न थाल्छौं हाम्रो पछौटेपनको कारण के हो ? हाम्रो शिक्षा अर्थपूर्ण नहुनुको कारण के हो ? हाम्रा शिक्षकहरू अल्छी, कामचोर, असक्षम हुनुको कारणहरू के हुन् ? हाम्रा शिक्षार्थीहरू उद्दण्ड, अराजक, अनुशासनहीन, लक्ष्यहीन, गन्तव्यहीन हुनुका कारणहरू के हुन् आदि प्रश्नहरू निरन्तर आइरहन्छन् । मेरो विचारमा हामीहरू जीवनप्रति आस्थाहीन छौं । शास्त्र र तेत्तीसै करोड देवीदेवताप्रति आस्थाहीन छौं । हाम्रो पाखण्डता, क्षुद्रता, भ्रष्टाचार आदि रोगहरूको मूलमा हाम्रो अस्वस्थ स्वार्थ र जीवन-अनास्था हो । शिक्षालाई हाम्रो समाजका अन्य पक्षहरूबाट अलग्गै राखेर हेर्न सक्दैनौं । सिद्धान्त र व्यवहार, योजना र कार्यान्वयनबीच अरू क्षेत्रमा पनि दयनीय विसङ्गति छ भने शिक्षाको सिद्धान्त र

सिद्धान्तको कार्यान्वयनको विसङ्गतिलाई मात्र अपवाद लिन सकिदैन किनकि देशका व्यवस्थापक, सञ्चालक र उपभोक्ताहरू ती व्यक्ति नै हुन् जो एक अर्कालाई प्रभावित गरिरहेका हुन्छन्- आलस्य, किंकर्तव्यविमूढता, अनैतिकता, मिथ्याचार अरू विधायक गुणहरूभन्दा बढी सङ्क्रामक हुन्छन् । आज मलाई लागिरहेछ हाम्रो शैक्षिक जगतमा आएको सङ्क्रान्तिलाई समग्रतामा हेर्नुपर्ने हुन्छ । मेरो लागि एउटै आशा छ, त्यो हो युवक र युवतीहरूको जागरूकता । बाहिरी क्रान्तिमा युवकहरूले जहिले पनि अग्रिम भूमिका खेले, अब आन्तरिक क्रान्ति ल्याउनुमा सहयोगी मात्र होइन अग्रवाहक नै हुनुपर्ने भएको छ । यसमा समय लाग्छ । मार्ग बढी कठिन छ । युवकहरू सकारात्मक रूपले सचेत र कर्मठ भए भने शिक्षा, शिक्षक र शिक्षार्थीहरू सबै स्वतः ठीक हुनेछन् । अझै युवकहरूमा कौमार्य छ, पवित्रता छ, संसारका प्रौढ र वृद्धहरूको प्रपञ्चबाट उनीहरूको मन र मस्तिष्क अझै कलुषित भइसकेको छैन । नत्र भने शिक्षाको विस्तार मात्र हुनेछ, केही टाठा बाठा व्यक्तिहरूले फाइदा नै उठाइरहन्छन्, शिक्षार्थीहरू ससाना बहानामा झगडा गरि नै रहनेछन्, बहुसङ्ख्यक प्रजाहरूमा कुनै प्रभाव पर्नेछैन, विद्यार्थीहरू जाँचमा चोरी गर्दा गर्दै किताब चोर्न, किताब च्यात्ने अभ्यास गर्दागर्दै पछि कालान्तरमा घूस, कमिसन खाएर देशलाई नै आघात पार्नेछन् । म चाहन्छु कि शिक्षार्थीहरू राजनीतिक चेतना र पारस्परिक कलहमा नफसुन् । ऊर्जा र सम्पत्ति नास गरेर कसैलाई पनि फाइदा हुँदैन-व्यक्ति, संस्था र देशलाई ।

# गीत





किरण खरेल

यो कस्को गीत होला सङ्गीत कस्को होला
चराहरूको स्वरझैं कस्को आवाज होला ?

कति रङ्गिचङ्गी फूल बास्ना छरी फुलेका
मिर्मिरे लाली पोखी नौलो किरण खुलेका
छमछम छहरा हो कि केको ताल होला ?
यो कस्को गीत होला ......

हरियाली पहाड मैदान देख्दै दङ्ग
बेहुलीझैं चिटिक्क हँसिलो रूप रङ्ग
यो पञ्चेबाजा हो कि नौमती धून होला ?
यो कस्को गीत होला ......

थरिथरीको भाषा थरिथरीको भेष
स्वर्गको सानो टुक्रा धर्तीमै छ यो देश
सबैको मीठो प्यारो सुन्दर नेपाल होला ।
यो कस्को गीत होला ......

यो हाम्रो गीत होला सङ्गीत हाम्रो होला
करोडौं साजबाज एउटै आवाज होला ।

कविता

# एउटा बासी सपना





डा. मीनबहादुर विष्ट


अब छाडा छाडिनेछन्
खोरभित्र थन्केर बसेका
कुकुरका हूलहरू
र तिनीहरूले सुङ्नेछन्
सडकमा आउने जाने प्रत्येक मानिसका जीउ
र सके टोक्नेछन् तिनीहरूले

अब रेडियोले घरी घरी बजाउनेछ
राष्ट्रिय गीत
टेलिभिजनका समाचारमा आउनेछन्
तक्मा थापिरहेका
मानिसका जुलुसहरू
अब दौरा-सुरुवाल र
टोपीमा सजिएर
निस्कनेछन् मानिसहरू जन्मोत्सव मनाउन

अब अग्ला काला घोडामाथि चढेर
सिपाहीहरूले गर्नेछन् देशको रखबारी
अब बन्नेछन् विकासका पञ्चवर्षीय योजनाहरू
र योजनाहरूमा हुनेछन्
देशभर भ्यालखाना खोल्ने कार्यक्रम

अब एन्टेलिजेन्सले राख्नेछ
हरेक नागरिकको हर-हिसाब
स्कुलहरूले केटाकेटीलाई पढाउनेछन्
मक्किएको वंशावली

अब खुल्नेछन् भजन-मण्डलीहरू
टोल टोलमा
र गाउन थाल्नेछन् तिनीहरूले
एकोहोरो किसिमले
उही गान्
श्रीमान् गम्भीर नेपाली
प्रचण्ड प्रतापी भूपति !


MANAKAMANA
The wish fulfilling
GODDESS
A very popular pilgrimage now made easily accessible by Manakamana Cable Car in only 10 minutes
Conveniently located enroute to Pokhara & Chitwan
MANAKAMANA CAFE
Located at bottom station serving Nepali, Indian and Continental Cuisine
22
मनकामना दर्शन (प्रा.) लि.
MANAKAMANA DARSHAN (P) LTD.
P.O.Box: 4416, Manakamana Marg, Naxal,
Kathmandu, Nepal
Fax: 977 1 4434515
Ph: 4434648, 4434690
email: mdpl@chitawoncoe.com
www.chitawoncoe.com/manakamana

# परिवर्तित नयाँ सन्दर्भमा धर्मनिरपेक्ष राज्य

मानव संस्कृतिको आदिम चरणमा जीवन पद्धति प्रकृतिको नियममा आधारित थियो । रातमा विश्राम गर्नु, दिनमा प्राकृतिक आहार खोज्नु, घाम, पानी, हावा, गुफा आदिको आश्रयमा जीवन चलाउनु, हिंसक जीव-जन्तुबाट आफ्नो रक्षा गर्नु त्यसबेलाको जीवन चर्या थियो । त्यसबेला ईश्वरीय आस्था-अनास्था र धर्म-अधर्मको कल्पना भएको थिएन ।

समय क्रममा मानिसमा न्यानो र उज्यालो दिने सूर्य, शीतल र प्राण दिने हावा, पानी दिने बादल, खोला र नदी, फल कन्दमूल दिने वनस्पति र जङ्गल, सुरक्षित बास दिने गुफा, जन्म दिने आमा आदि प्रति क्रमशः श्रद्धा र कृतज्ञताको भाव चलाउन थाल्यो । मानव विश्वको सबभन्दा उन्नत प्राणी भएकोले उसमा कल्पना, तर्क र विचारको क्रमिक विकास हुँदै गयो । दिन-रात, जाडो, गर्मी, बर्खा, जन्म, जीवन, मृत्यु आदिबारे 'किन' र 'कसरी' जस्ता प्रश्न मगजमा नाच्नथाले । विश्व बारेको जिज्ञासाका त्यस खाले तर्क बढ्दै गए । त्यसै प्रक्रियाले विभिन्न दर्शन र धर्मको सूत्रपात भयो ।

कृषि युगको थालनी र समाजमा मालिक र दासको सम्बन्ध विभाजनले दर्शनको विकासमा विशेष भूमिका खेल्यो । मानिसको श्रम शोषणबाट समृद्ध जीवन बाँच्ने र जति श्रम गरे पनि राम्रो गाँसबास नपाउने विरोधी वर्गका तर्क, चिन्तन र व्यावहारिक जीवनमा दुई विपरीत प्रवृत्ति बढ्दै गए । मालिक वर्गले दासदासीलाई कज्याउनु र तिनलाई कम सहुलियत दिएर आफूले सुखी जीवन बिताउनुलाई आफ्नो अधिकार ठान्नथाल्यो । दासवर्गले भेदभावबाट मुक्त भएर समान मानवीय अधिकार र मर्यादा पाउनुपर्ने तर्क र माग अघि सार्न थाल्यो । यस द्वन्द्वको विकास क्रममा मालिक वर्ग भाग्यवाद र श्रमिक वर्ग समतावादको पक्षमा टक्करसाथ उभिँदै गए । अनि सबै प्राणीको भाग्य विधाता ईश्वर हो भन्ने तर्क र मानिसको भाग्य विधाता स्वयम् मानिस हो भन्ने तर्कले



मोदनाथ प्रश्रित

दर्शनका दुई विरोधी मूलधारा विकसित हुँदै आए ।

ती दुई धाराले दुईखाले धार्मिक सोच अघि सारे । एउटाले परिकल्पित ईश्वरको पूजामा जोड दिँदै परम्परागत असमान समाजलाई ईश्वरकै विवेकको जिम्मामा छोड्ने कुरालाई धर्म भन्यो । अर्काले-समाज र राज्यको व्यवस्थापन स्वयं मानिसले गर्ने हुनाले सबै मानिसप्रति समताको विचार, व्यवहार र कर्तव्य नै धर्म हो भन्ने कुरामा जोड दियो । यसरी दर्शन, धर्म र न्यायका दुई प्रवृत्ति समाजमा देखिँदै आए पनि दास-स्वामी समाज र सामन्तवादी समाजको युगभरि ईश्वरवादी र वर्गभेदवादी दर्शन र धर्मकै प्रभुत्व कायम रह्यो ।

भाग्यवाद र उद्योगवादको वैचारिक द्वन्द्व सामन्तवादी युगको अन्तिम समयतिर प्रखर बन्दै गएको थियो । जसले मानिसको बुद्धि र कर्मको क्षमतामा विश्वास गरेर विज्ञान, प्रविधि, अन्वेषण, उत्पादन र विविध व्यवसायमा पाइला चाले, तिनीहरूले नै क्रमशः सामन्तवादी विचार, दर्शन, व्यवहार र शासनसत्तालाई चुनौती दिएर औद्योगिक युगको सूत्रपात गरे । वर्तमान विश्वको समृद्धि तिनीहरूकै नेतृत्वको परिणाम हो । तर प्राचीन र मध्ययुगले मानव समाजमा विभिन्न धर्म-सम्प्रदायका जुन गहिरा जरा गाड्दै आए तिनमा दार्शनिक तर्क र विवेक ज्यादै न्यून छ भने रूढी र अन्धविश्वासको विशाल आहाल छ । हिन्दु, इस्लाम, इसाई, पारसी, यहूदी, सिख आदिले विभिन्न नाममा ईश्वरप्रति विश्वास र आस्था राख्छन् । तर्क गर्दा 'विश्वको सृष्टिकर्ता ईश्वर त एउटै हो' पनि भन्छन् तर पूजापाठ र आराधनाका आआफ्ना परम्परामा यति धेरै अल्झन्छन् कि क्याथोलिक र प्रोटेस्टेन्ट, सिया र सुन्नी आदि जस्ता एउटै धर्मका शाखाहरूमा पनि चरम विवाद र मारकाटसमेत चल्दै रहन्छ । पहिले हिन्दु धर्मभित्र शिव र विष्णु सम्प्रदायका मान्छे पनि झगडा गरिरहन्थे । लामो समय क्रममा त्यो विवाद प्रायः साम्य भयो । रूढी र सम्प्रदायवादबाट मुक्त मानवी विवेकका रूपमा स्थापित जैन र बौद्धचिन्तनलाई समेत समय क्रममा शाखा-सम्प्रदायका विवादले गाँज्दै ल्याए । यस्तै रूढी र सङ्कीर्णताले गर्दा एउटा धर्म मान्नेले अर्को धर्म मान्नेलाई अहिले पनि समान मानवीय भावले नहेरी विधर्मी, छुट्टै प्रक्रियाबाट जन्मेको, बिरानो जस्तो ठान्ने प्रवृत्ति कायमै छ । सबैले आ-आफ्नै धर्मलाई श्रेष्ठ र महान् ठान्ने आग्रह पनि जीवितै छ ।

पुँजीवादी औद्योगिक क्रान्तिले मानिसलाई कृषिमा आधारित गाउँले रूढीग्रस्त अवस्थाबाट शहर र औद्योगिक क्षेत्रहरूमा केन्द्रित गर्दै लग्यो । परिणामस्वरूप हिजो जात, वर्ण, धर्म, सम्प्रदाय आदिमा विभाजित मानिस एकाएक पुँजीवादी र श्रमजीवी दुई वर्गीय कित्तामा विभाजित र केन्द्रित हुँदै गए । यस परिवर्तनले र खासगरी श्रमिक आन्दोलनको बीचबाट मानवीय समानताको पक्षमा मार्क्सवादले वैज्ञानिक चिन्तन र समाजवादी झण्डा उठाएपछि मानिसमा धार्मिक रूढी, अन्धविश्वास र सङ्कीर्णता घट्दै गई धर्मनिरपेक्ष विचारको क्षेत्र फैलिँदै गयो । अर्कातिर विकसित साम्राज्यवादी मुलुकहरूले अविकसित मुलुकहरूमा प्रभुत्व जमाएर व्यापक शोषण दमन गरेकाले साम्राज्यवादविरुद्ध राष्ट्रवादी भावनाको विकास भयो । यसले धार्मिक आस्थाभन्दा माथि राष्ट्रिय एकताको भावना बढ्दै गयो । विकसित धनी शोषक राष्ट्र र अविकसित गरीब शोषित राष्ट्र पनि झण्डै वर्गीय विभाजन र द्वन्द्व जस्तै स्थितिमा पुगे ।

सामन्तवादी युगमा युद्ध, सरकार, राजा र सम्राटहरूले साम्राज्य विस्तारमा धर्मको आड लिएका थिए । त्यसैले फरक-फरक धर्मको प्रभावमा परेका राष्ट्र परस्पर विरोधी जस्ता देखापरेका थिए । आधुनिक पुँजीवादी व्यापार र साम्राज्यवादको विस्तारमा युरोपका कतिपय मुलुकहरुले इसाई धर्मलाई पनि एक माध्यमका रूपमा प्रयोग गरे । ईसाई र इस्लाम धर्ममा जुनसुकै जात, जाति र समुदायका मानिसलाई पनि सामेल गर्नसक्ने परम्परा रहेकोले तिनीहरूले शक्ति र पैसाको बलमा अहिले पनि धार्मिक विस्तार गर्दैछन् । बुद्धधर्म ज्ञान र मानवीय समतामा बल दिने चिन्तनधारा भएकाले र सबै जातजाति समेट्ने उदारता पनि त्यसमा हुनाले धन र राज्यशक्ति प्रयोग नगरीकन पनि त्यसको विस्तार भइरहेको छ । हिन्दु धर्ममा भने अरू धर्मका मानिसलाई समावेश गर्ने उदारता नहुनाले र यसलाई जातपात र छुवाछूतले गाँजेकोले यसको विस्तार सम्भव छैन । यस धर्मभित्रका गरिबहरू प्रायशः आर्थिक प्रभावले र दलित र जनजातिहरू प्रतिष्ठानको प्रभावले इसाई धर्मतिर बढी र केही मात्रामा (खास गरी दलितहरू) इस्लाम धर्मतिर आस्था सार्दैछन् ।

यसबाट हिन्दुधर्मका अनुयायीहरू चिन्तित छन्, तर उनीहरूमा यस धर्मलाई जातपात र छुवाछूत मुक्त बनाउन सक्ने तत्काल सामर्थ्य छैन । त्यसैले उनीहरू इसाई धर्मप्रति बढी आकृष्ट र भयभीत हुँदाहुँदै पनि आफ्नो धर्मको साँगुरिदो अवस्थाप्रति निरीह छन् ।

अहिले सिङ्गो विश्वको वैज्ञानिक विकास, शैक्षिक क्षेत्रमा असङ्ख्य व्यावसायिक विषयहरूको विस्तार, व्यापारको विश्वव्यापीकरण, मानिसहरूको द्वीप-द्वीपान्तरमा लगातार बढ्दो आप्रवासन, अन्तर्जातीय र अन्तर्राष्ट्रिय वैवाहिक सम्बन्धको आकर्षण, खानपिन र सांस्कृतिक क्षेत्रमा सामञ्जस्य आदि अनेक कारणले गर्दा मानिसमा परम्परागत साँगुरा धार्मिक आस्था र आचरणका सीमा भत्कँदैछन् । असङ्ख्य विश्व-ब्रह्माण्डहरूको ज्ञान विस्तारले पुराण, बाइबल र कुरानका सृष्टि वर्णनका भौगोलिक सीमाहरू भत्कँदै गएका छन् । मानिसमा विश्वविस्तारको व्यापक ज्ञान पाउने भोक बढ्दै गएको छ । समग्रतामा भन्दा धार्मिक आस्थाको युगलाई विज्ञान, व्यवसाय र चेतनाले ओझेलमा पार्दै गएको छ ।

प्राचीन र मध्य युगमा आआफ्नो मुलुकमा चलेका धार्मिक आस्था र नियमको आधारमा ऐन कानुन बन्थे र तिनकै आधारमा पुरोहित र राजाहरूले राज्य सञ्चालन गर्थे । धर्मले गुरु, पुरोहित र राजाहरूलाई ईश्वरीय सन्देशवाहक र राजकीय प्रतिनिधिको स्थान दिन्थ्यो । अधिकांश धार्मिक कानुन राजा महाराजा, भाइभारदार, गुरु, पुरोहित र सामन्तहरूका हित रक्षक थिए । सर्वसाधारण जनता माथि सामना र ठूलाबडाका मौखिक निर्णय र निर्देशन नै कानुनसरह लागू हुन्थ्यो । एउटा गरीबले आफ्नो सम्पत्ति हडप्ने सामना, मुखियामाथि उजुरबाजुर कुनै कानुन लाग्दैनथ्यो । उनीहरूका अत्याचारविरुद्ध कुरा सुन्ने कुनै अदालत हुँदैनथ्यो । सबै कुराको इन्साफ मरेपछि यमराजले गर्छ भनी जनतालाई पुराण सुनाएर छक्याइन्थ्यो ।

यिनै र यस्तै खाले अनगिन्ती अत्याचार र सामन्ती निरङ्कुशतन्त्र विरुद्ध सङ्गठित जनताले लोकतान्त्रिक क्रान्ति गर्दै आएका छन् । अहिलेको विश्व जननिर्वाचित प्रतिनिधिद्वारा ऐन कानुन बन्ने र त्यसैबाट देशको शासनसत्ता चल्ने युगमा आएको छ । त्यसैले विश्वका अधिकांश लोकतान्त्रिक र समाजवादी राज्यहरूले आफूलाई धर्मनिरपेक्ष घोषित गर्दै आएका छन् । धर्मनिरपेक्ष राज्य भन्नुको अर्थ अब राज्यहरू धार्मिक कानुनको आधारमा चल्दैनन् र कुनै एउटा धर्मको पक्ष या संरक्षणमा उभिँदैनन् भन्ने हो । यसको अर्थ अब जनतालाई धर्मकर्मका काममा स्वतन्त्रता दिइँदैन भन्ने हुँदैहोइन । यसको आदर्श हो- अब नेपालभित्र चलेका कुनै पनि धर्मप्रति राज्यले पक्षपात-भेदभाव गर्दैन । जुनसुकै धर्ममा आस्था हुनेहरूले पनि राज्यको लोकतान्त्रिक नियम-कानुनको पालन गरी आ-आफ्ना धार्मिक क्रियाकलाप स्वतन्त्र रूपले सञ्चालन गर्न सक्दछन् । तर धर्मको आधारमा कसैले पनि व्यक्ति, जनता र राज्यको हित विरुद्ध कुनै काम गर्न भने पाइँदैन ।

विश्वमा केवल एउटा धर्ममा मात्र आस्था राख्ने जनता भएका राज्यहरू पनि छन् । त्यहाँ पनि पहिले धार्मिक कानुनको आधारमा राज्य सञ्चालन हुन्थ्यो । लोकतान्त्रिक र समाजवादी आन्दोलनपछि त्यस्ता थुप्रै मुलुकलाई पनि धर्मनिरपेक्ष घोषित गरियो । त्यस्ता एउटै धर्म भएका कतिपय राज्यमा भने आधुनिक कानुन लागु भई राज्य र धर्मको परम्परागत सम्बन्ध तोडेपछि पनि धर्मनिरपेक्ष राज्य घोषित गरिएको छैन । किनभने त्यहाँ 'राज्यले यो धर्मलाई काख र यो धमेलाई पाखा' गर्‍यो भन्ने कुनै विवाद नै निस्केको छैन । त्यहाँ त्यो धर्म मान्न या नमान्न जनता स्वतन्त्र छन् ।

नेपाल अनेक धर्म मान्ने जनता भएको मुलुक हो । यहाँ हिन्दु, बौद्ध, जैन, तान्त्रिक (बोन पो), किरात, इसाई, इस्लाम, सिख आदि धर्म मान्ने जनता छन् । नेपालमा गौतम बुद्ध जन्मे । उनको वैचारिक धर्म मान्ने मुलुक विश्वमा अनेक छन् । तर नेपालले बुद्ध धर्मको सट्टा हिन्दुधर्मलाई बढी संरक्षण दिँदै र कहिले राज्यधर्म नै घोषित गर्दै आयो । हिन्दुधर्मको जन्म र विकास भारत-नेपाल दुवै देशमा साथसाथै जस्तो भएको हो तर यस धर्मका अधिकांश धर्मग्रन्थ र आचार पद्धति निर्माण गर्नमा भारतको ठूलो भूमिका छ । हिन्दुधर्मका अधिकांश तीर्थ भारतमा हुनाले पनि यसको पुष्टि हुन्छ । तर लोकतान्त्रिक क्रान्तिपछि 'हिन्दुस्तान' नाम पाएको भारतले आफूलाई धर्मनिरपेक्ष घोषित गर्‍यो । नेपालको सामन्तवाद र राजतन्त्रले हिन्दुधर्मलाई स्वतन्त्र आस्थाको विजय हुन नदिएर अहिलेसम्म पनि आफ्नो रक्षाकवचजस्तो बनाएको

थियो । हिन्दुधर्मले राजालाई 'ईश्वर (विष्णु)को अवतार' भन्दै उनीमाथि कुनै कानुन नलाग्ने र विधान र कानुन राजाबाट घोषित हुने परिपाटी चलाएको थियो । यसले गर्दा राजा जहिले पनि नियम कानुनभन्दा माथि हुने, उनले जति अवैध काम गरे पनि, जति अवैध सम्पत्ति कमाए पनि, उनका हुकुमले जति मान्छे मारे पनि उनीमाथि कुनै कारबाही हुनै नसक्ने परम्परा चलेर आएको थियो । २००७ को जनआन्दोलनपछि जति आधुनिक विधान कानुन बने पनि तिनले राजालाई छुन सक्दैनथे । हिन्दु राजाको आडमा बीसौं शताब्दीमा पनि, कानुनले कथित निषेध गरे पनि जातपात र छुवाछूतको भेदभाव खुलेआम चल्दै आयो । हिन्दुधर्मले प्रत्येक जातजातिलाई सिंढीका खुड्किला जस्तै माथिदेखि तलसम्म असमान मर्यादाक्रममा बाँधेको थियो र अहिलेसम्म पनि त्यो प्रचलन लगभग कायमै छ ।

त्यसैले नेपालले लोकतान्त्रिक युगमा खुलारूपले अघि बढ्नको लागि धर्म निरपेक्ष राज्य नीति लागू गर्न धेरै दृष्टिकोणले आवश्यक थियो । यो लागू नगरेसम्म जतिसुकै आधुनिक ऐनकानुन बनाए पनि तिनले विभिन्न धर्मावलम्बी जनतालाई समान मर्यादा दिन सक्दैनथे र जातपात छुवाछूतको युगौंको जकडबन्दीबाट जनता सजिलै मुक्त हुन सक्तैनथे । शिक्षादीक्षा जति बढे पनि बाहुन, ठकुरी, छेत्रीदेखि जनजाति र दलित जनतासम्म समान मर्यादा कायम हुनै सक्दैनथ्यो । सबै खाले पक्षपात र मानिसले मानिसलाई ठूलो र सानो, छूत र अछूत ठान्ने कुसंस्कारको महाजञ्जालबाट उम्कने कुनै बाटो छँदै थिएन । हिन्दुधर्मको नाममा पढिने, पढाइने वेद, उपनिषद्, स्मृति र पुराणहरूले वर्ण व्यवस्थाको भेदभाव र नारीलाई तल्लो स्तरमा राख्ने कुरा निरन्तर फलाकिरहन्थे । पन्ध्र प्रतिशत शिक्षित, साठी प्रतिशत साक्षर, र चालीस प्रतिशत निरक्षर भएको, जनजातिहरू कम शिक्षित, अधिकांश दलित जनता निरक्षर भएको र यातायातका साधन सबै ठाउँमा नपुगेको देशमा युगौंका जातीय भेदभावका बन्धन चुँडालेर मुक्त, स्वतन्त्र मानव हुने अवसर पाउन अझै शताब्दी लाग्ने थियो ।

हिन्दुधर्मले राज्य आश्रय पाएकोले र वर्णवादमा आधारित समाज हुनाले अरू धर्म मान्नेहरू सधैं असुरक्षित र त्रसित हुनुपर्ने वातावरण यथावत् रहेसम्म दलीय व्यवस्थामा आधारित लोकतन्त्रले पनि सामाजिक-संस्कृतिक रूपान्तरण गर्नसक्ने गाह्रो थियो । यो कुरा २००७ देखि अहिलेसम्मको इतिहासले प्रस्ट पारेको छ । 'अब हामी सिनो फाल्ने काम गर्दैनौं' भन्दा आजको युगमा पनि चमारहरू दलकै नेताबाट सामाजिक बहिष्कारमा पर्दैछन् भने दलीय व्यवस्थाले मात्र समाजको आमूल रूपान्तरण सजिलैसँग कहाँ गर्नसक्थ्यो र ?

समाजका सबै भेदभाव, मान-अपमान, धनी-गरिब, आदि सारा कुरालाई धर्म र ईश्वरसँग गाँसेर सही सावित गर्न खोज्दै आएको जरा जीर्ण समाजलाई नयाँ युगको बाटोमा हिंडाउनमा राज्यसँग सालनाल गाँसिएको हिन्दुधर्म एउटा प्रमुख बाधक तत्त्व थियो । वि.सं २०६३ को वसन्त क्रान्तिपछि पुनः स्थापित संसद्ले धर्मनिरपेक्ष राज्य घोषित गरेर त्यो बाधा पन्छाइदिएको छ । अब सबै जाति जनजाति, दलित या जुनसुकै धर्म मान्ने मानिसले पनि राज्यमा समान नागरिक मर्यादा पाउने युगमा हामी प्रवेश गरेका छौं । यस्तो बेलामा सबभन्दा बढी खुसी हिन्दु धर्म मान्ने जनतालाई लागेको हुनुपर्छ । किनभने हाम्रा पूर्वजले धर्मको नाममा मानवजातिलाई ऊँचनीच र छुतअछूतमा विभाजन गर्ने जुन अभूतपूर्व अपराध गरेका थिए त्यस कलङ्कलाई भविष्यमा मेटाउने ऐतिहासिक निर्णय गरेर हामीले त्यो अपराधी परम्परा तोड्ने साहस गरेका छौं । हामीले अमानवीय युगलाई मानवीय युगमा फर्काउने ज्यादै विवेकशील पाइला चालेका छौं । धर्मको नाममा चलेको अधर्मको कुबाटोबाट हामी सदाका लागि मुक्त हुँदैछौं । जुन सही बाटो गौतम बुद्धले २५०० वर्ष पहिले देखाएका थिए, बल्ल हामीले त्यसको महान् ध्येयलाई बुझ्न थालेका छौं ।

यस निर्णयबाट हिन्दुधर्मका अनुयायीहरूलाई ऐतिहासिक प्रायश्चित्तको ठूलो अवसर मिलेको छ । अब हामी सबै जाति र धर्मका मानिससँग या धर्ममा आस्था नराख्ने मानिससँग पनि समान मैत्री भावले अङ्कमाल गरेर अघि बढ्न सक्नेछौं । हामी श्रमजीवी, शिल्पकार, वास्तुकार आदि पेसा गरेर पनि अपमानित, दलित भएका देशबन्धुहरूको इज्जत र मर्यादा बढाउने नयाँ युगमा आइपुगेका छौं । धर्मनिरपेक्ष राज्य सबै धर्मका अनुयायीहरूलाई समान मर्यादा दिने राज्य हुनेछ । समग्रमा, हामी अब समाजवादी स्वर्णिम युगतिर अघि बढ्न समर्थ हुनेछौं ।




## गीतको सुवास

कविता लेखनमा समेत उत्कृष्टता हासिल गरिसकेका रमेश पौडेलद्वारा लिखित गीतहरूको सङ्ग्रहको नाम हो *आभासित आलाप* । मानवीय प्रेमलाई उजागर गर्नसक्नु पुस्तकमा सङ्ग्रहित गीतहरूको विशेषता हो । त्यसभन्दा अघि बढेर यी गीतहरूमा देश-प्रेमका शब्दहरू पनि प्रशस्त पाइन्छन् । सामान्यतया गीतलाई साङ्गीतिक विधासँग जोडेर हेरिने दृष्टिकोणले उनका गीतहरूमा लयात्मकताको भने केही अभाव भेटिन्छ । तथापि यही सङ्ग्रहभित्रैका सङ्गीतबद्ध केही गीतहरू जनमानसमा लोकप्रिय भएर भिज्नसक्नु रमेशका गीतहरूले कमाएको ठूलो उपलब्धि हो । गीति लेखनको यो प्रतिस्पर्धी समयमा त्यो उपलब्धिलाई जोगाएर राख्नेतर्फ उनको ध्यान केन्द्रित हुनुपर्छ ।




## कवितामा सशक्त भाव

युवा नारी हस्ताक्षर नीलम कार्की निहारिकाको कलम उपन्यास, कथा, कविता विधामा एकसाथ चल्दै आएको छ । दुई उपन्यास एक कथासङ्ग्रह र एक लामो कवितासङ्ग्रह प्रकाशित गरिसकेकी नीलमले भर्खरै मात्र आफ्ना ४४ वटा कविताहरूको सङ्ग्रह *नीलम कार्की निहारिकाका कविता* नामक पुस्तक साहित्यिक बजारमा सार्वजनिक गरेकी छिन् । वैचारिक मान्यतामा चिन्तनशील उनका शब्दहरू प्रत्येक कवितामा विस्तारित भएका छन् । उनको लेखनको बारेमा प्रा.डा. डीपी भण्डारी लेख्छन्- नीलम काव्य साधनामा अरू गम्भीरतासित लागिन् भने वर्तमान नेपाली कविता वा कथाको गुण धर्ममा गहन अभिवृद्धि हुनेछ ।

■ *शारदा*




## अनुवाद कथाहरू

प्रकाश प्रधानाङ्ग मूलतः नेवारी साहित्यमा कलम चलाउने नारीवादी स्रष्टा हुन् । नेपाल भाषामा उनका पुस्तक र फुटकररूपमा थुप्रै रचना प्रकाशित भैसकेका छन् । अहिले आएर नेपालभाषाका आफ्ना कथाहरूलाई नेपाली भाषामा अनुवाद गरेर ल्याएकी छिन् *अपवाद* कथासङ्ग्रह । *अपवाद* भित्र समयलाई नपच्ने स्वरहरू भएकाले होला सङ्ग्रहको नाम नै रहेको छ *अपवाद* । समाजलाई चुनौती दिँदै नारी स्वर शाश्वत रूपमा उठाउनसक्नु उनको लेखनको साहसिक पाटो मान्नुपर्छ । पुरुषप्रधान समाजप्रति विद्रोह गर्नु प्रकाशलाई चिनाउने एउटा अर्को पाटो हो । अर्को शब्दमा, उनको कलमले सामाजिक व्यवस्थासँग विद्रोह गर्दै नारी समानता र स्वतन्त्रताको पक्षमा आवाज बुलन्द गरेको छ । त्यति हुँदा हुँदै पनि प्रकाश नारीत्वभित्र सर्लक्क जमेकी छैनन्, उनी अलमलिएर पुरुषत्वभित्र हराएकी जस्ती देखिन्छन् । प्रकाशमा नारीचेत सबल भए पनि अन्ततः पुरुषचेतनामा बदलिएर बरालिएकी छिन् । यस प्रकार उनमा रचनात्मक वैचारिक अस्पष्टता देखिन्छ । साहित्यिक यात्रामा आवश्यक भाषिक कलात्मकता-निखारताको मागलाई समेत उनले आउँदा दिनमा ध्यान पुऱ्याउन जरूरी छ ।

■ *झमक घिमिरे*

कुराकानी

# साहित्य समृद्ध हुँदै आइरहेको छ



माधवलाल कर्माचार्य

**आधा शताब्दीभन्दा लामो समयदेखि नेपाली साहित्यमा क्रियाशील स्रष्टाको दृष्टिले हेर्दा नेपाली साहित्यको गोरेटो कुन मोडतिर अभिप्रेरित भएको पाउनुहुन्छ ?**

✍ आधा शताब्दीभन्दा अगाडि मैले नेपाली साहित्यमा पदार्पण गर्दा नेपाली शिक्षित जनमानस एउटा प्रतिबन्धित घेराबाट बाहिर उन्मुक्त वातावरणमा जान उकुसमुकुसाइरहेको थियो । त्यो बेला शारदा पत्रिकाले एकातिर शासक वर्गलाई संसारमा छापा, छापाखाना र मासिक पत्रिका दाल-भात तरकारीभन्दा आवश्यक भइसकेको कुरातिर ध्यान आकर्षित गराएको थियो भन लेखकहरूको हृदयमा टुसाएको उत्साहलाई भाँचिन दिनबाट जोगाउन मानिसले पढ्ने-लेख्ने काम गरेन भने पशुभन्दा तल हुन्छ भन्दै साहित्य रचना गर्नमा हौस्याइरहेको थियो । आज अवस्था त्योभन्दा धेरै पर पुगिसकेको छ । आज नेपाली साहित्य उन्मुक्त वातावरणमा विचरण गरी यथार्थ स्थितिलाई आत्मसात् गर्दै राष्ट्रिय जीवनलाई-सर्वाङ्गीण विकासको बाटोमा जाने अभियानमा हाम्रो योगदान जुटाउने प्रयासमा उन्मुख भएको देखिएको छ ।

**विधाको दृष्टिले कुन विधा समृद्ध र कुन विधा कमजोर छ ?**

✍ विधा भन्नाले भन्ने गरिएको हिसाबले नाटक, उपन्यास, कथा, निबन्ध र काव्यलाई लिएर भन्नुभएको हो भने, प्रकाशित कृति र कृतिकारको रचनाको सङ्ख्याको हिसाबले हेर्दा काव्य विधा समृद्ध र नाटक विधा कमजोर देखिएको छ । सालाखाला गुदीको हिसाबले यो समृद्ध, त्यो कमजोर भन्ने देखिंदैन, आ-आफ्नो क्षेत्रमा आ-आफ्नै हिसाबले समृद्ध हुँदै आइरहेका छन् ।

**हाम्रो साहित्यको स्तर - वृद्धि हुनका लागि के कुराको आवश्यकता छ ?**

✍ सामान्यतः स्तरवृद्धिको पूर्वशर्तको रूपमा प्रथमतः साधकले साधना गर्नका लागि पर्याप्त वातावरणको सुविधाको उपभोग गर्न पाउनुपर्छ । साथै दैनिक व्यवहारको चिन्ताबाट उन्मुक्त भई साहित्य साधनामा एकाग्र मनले लाग्न सक्ने हुनुपर्छ । अर्को कुरा, समाजमा घुलमिल गरी विचार विमर्श गरेर नौलो अनुभव बटुल्ने अवसर मिल्नुपर्छ । साथै, नयाँ तथा पुराना गतिविधिसित परिचित हुन त्यस्तै खालको साधन स्रोत र उपकरणको प्रयोग

गर्ने सुविधा हुनुपर्छ । साधकलाई यी र यस्तै कुराको सहयोग उपलब्ध भएमा साहित्यको स्तर वृद्धिलाई मद्दत पुग्न जाने हुन्छ । साधकको पारिवारिक वातावरण सहज नभएमा पनि प्रतिकूल प्रभाव परिरहेको हुन सक्छ ।

हामीकहाँ पूर्णकालीन लेखक वा लेखनबाट बाँचेको व्यक्ति पाउन मुश्किल छ । लेखन व्यवसाय बन्न नसक्नुमा दोष कसको ? देश, समाज, लेखक वा प्रशासक कसको कमजोरी ठान्नुहुन्छ ?

✍ दोष वा कमजोरी यसको वा उसको भनी कुनै एकलाई तोकेर त्यसको दोष वा कमजोरी भन्न मिल्दैन । लेखक कार्यले वा लेखकको पेसा- जुन तपाईले भन्न खोज्नुभएको हो- शृङ्खलाबद्ध रूपले एक अर्कासँग गाँसिएर रहेको छ । कुनै एकको प्रयासले यो समस्याको समाधान हुँदैन । एक वा दुईजनाको प्रयासले एक जना वा दुई जना लेखकको समाधान होला । तर सम्पूर्ण लेखक वर्गको समस्याको समधानको लागि, या भनूँ तपाईले भन्नुभएझैं लेखन कार्य नै 'व्यवसाय' बन्न सक्ने गर्नका लागि सङ्गठित रूपले, विभिन्न रूपले यसको व्यवस्था हुनुपर्छ । भनूँ, आधारभूत रूपले देशले लेखनकार्यको उपादेयतालाई अर्थात् महललाई बोध गर्नुपर्‍यो । अनि बोध गरेअनुसार त्यसको सदुपयोग हुने व्यवस्था वा वातावरण तयार गरिदिनु पर्‍यो । त्यो तयार भएको व्यवस्था वा वातावरणबाट लाभ बढाउने जमात, जस्तो; विद्यार्थी वा पाठकवर्ग हुनुपर्‍यो । त्यो विद्यार्थी वा पाठकवर्गको जमात पनि त्यो लाभ उठाउन आर्थिक वा यस हिसाबले सक्षम हुनुपर्‍यो । साथै त्यो जमातले त्यो लेखन कार्यबाट उत्पन्न भएको कुरा पुर्‍याइदिन प्रकाशक तयार र तत्पर हुनुपर्‍यो । यी सबैलाई आ-आफ्नो श्रेयबाट हुनुपर्ने काम सम्पन्न गर्न आवश्यक सुविधा सुगम हुनुपर्‍यो । यी सबै कुरा मिलेमा लेखन व्यवसाय फस्टाउन सक्नेछ । र, तपाईंले भन्नुभएझैं लेखक वा लेखन कार्यान्वयन गरेर बाँचेको व्यक्ति पाउन मुश्किल छ भन्नुपर्ने अवस्था आउने छैन ।

तपाईं समालोचनाको लागि कृतिको छनोट कसरी गर्नुहुन्छ ?

✍ एक त म पेसेवार लेखक होइन, दोस्रो समालोचना मात्र मेरो क्षेत्र होइन । कहिलेकाहीँ मात्र कसैको अनुरोधमा वा त्यस्तै कारण परेमा मात्रै मैले त्यो क्षेत्रमा हात हाल्ने गरेको छु । समालोचनाको लागि समालोचना नै लेख्छु भनेर त्यसैले कुनै कृतिको म छनोट गर्दिनँ, कुनै कृतिको विषयमा आफ्नो राय, धारणा वा विचार लेखेर दिनुपर्ने हुन्छ, लेखिदिन्छु, समालोचना बन्न जान्छ । त्यसैले कुन कृति कसरी छान्ने गरिन्छ भन्ने छैन ।

हाम्रा समालोचकहरूलाई विश्वविद्यालयका पाठ्यभूमि केन्द्रित र पूर्वाग्रहप्रेरित भएको आरोप स्रष्टाहरूबाट लगाइने गरिन्छ । यो आरोप कत्तिको सत्य हो ? तपाईं यसबाट मुक्त हुन सक्नुभएको छ ?

✍ यो कुरालाई अझ समालोचकहरूले कसरी लिएका छन्- त्यो त मलाई थाहा छैन । त्यसरी नै कति प्रतिशत विश्वविद्यालयका पाठ्यक्रममा केन्द्रित छन् र कति प्रतिशत मात्र बाहिरका कृतिहरूमा केन्द्रित छन्, त्यसको हिसाब मैले राखेको छैन । तर विश्वविद्यालयका पाठ्यक्रममा समाविष्ट कृतिहरू-सर्वमान्य सिद्धान्तअनुसार सबै कुराको विचारबाट उत्कृष्ट हुनु स्वाभाविकै हो र तिनको समालोचना गरी लेखिएका कुराहरुले विद्यार्थी र शिक्षकको लागि पनि उपयोगी नै हुने भएकोले तुरून्तै पाठक पनि पाउने र केही भए पनि आर्थिक लाभ हुने र प्रकाशक पनि पाइने भएकोले सीधा पूर्वाग्रहप्रेरित

भएको भन्न मिल्न मिल्दैन । मेरो कुरा भन्नुहुन्छ भने अघि मैले भनिहालें - मैले समालोचनाको लागि कृतिको छनोटको आधार विश्वविद्यालयको पाठ्यक्रम नभई अन्य नै भएको र यो कुरा मेरा प्रकाशित कृतिहरू मेरा 'आलोचना र साहित्य', 'तीन कवि र केही कविता' र 'साहित्य र जीवन'का विषयसूचीहरू हेरे पनि छर्लङ्ग हुन्छ ।

सफल समालोचक हुनका लागि के कस्ता गुणहरू आवश्यक पर्दछ ?

- सफल समालोचक हुनका लागि आवश्यक गुणहरू साहित्य शास्त्रहरूमा धेरै लेखिएका देखिन्छन् । तर जहाँसम्म लाग्दछ, समालोचक हुनुको लागि उसमा मूलतः तीनवटा गुण विद्यमान भएको हुनुपर्दछ । एक, कृतिमा प्रस्तुत गरिएको विषय तथा विषयवस्तु सम्बन्धमा पोख्त भएको हुनुपर्दछ । दोस्रो, लेखकमाथि पूरा सहानुभूति राखेर उसले प्रस्तुत गरेको कुरालाई पूरा ध्यान दिएर पढ्ने र मनन गर्न धैर्य भएको हुनुपर्छ । त्यसैगरी अर्को, आफूले बुझेको कुरा वास्तविक सूचना हो कि होइन भनेजस्तो गरी लेखकसामु तथा त्यसलाई पाठकको सामु 'लेखकले वास्तवमा प्रस्तुत गरेको यो हो' भनेर छर्लङ्ग हुने गरी प्रस्तुत गर्नसक्ने हुनुपर्दछ । भनाइको मतलब एकातिर लेखकले आफ्नो वास्तविक रूप देख्न सक्ने गरी ऐनाको रूपमा हुन सके तथा अर्कोतिर पाठक लेखकसम्म पुग्ने र लेखक पाठकसम्म पुग्ने पुल बन्न सक्नुपर्दछ ।

तपाईं समालोचना र सिर्जनाका साथै सिर्जनात्मक विधामा कविता, कथा, निबन्ध, अनुवादमा क्रियाशील हुनुहुन्छ । यसरी विविध विधामा छरिंदा विशिष्टीकरण बाधा उत्पन्न हुँदैन ?

- रूचि र सोखअनुसार, भनूँ मनस्थिति र आवश्यकताअनुसार, मन लागेको बेला मन लाग्ने अनुसारको विधामा लाग्ने गरिएकोले मलाई आफ्नो सिर्जनामा फरक पर्दैन । किनभने यी सबै विधाहरू एक किसिमले एक आपसमा सम्बन्धित भएकोले विविध विधाको साथमा मद्दतै हुन गएको महसुस हुन्छ ।

तपाईले लेख्दै आएको विधामध्ये कुनबाट सन्तुष्ट हुनुहुन्छ र किन ?

- घटी वा बढी सन्तुष्टिको कुरा त त्यस्तै हो तर कुनै विधाबाट असन्तुष्ट महसुस गर्नु परेको छैन ।

विधाअनुसार लेख्ने समय र मूड पनि निर्धारण गर्नुभएको छ कि ?

- भनिहालें, एक त म पेसेवर लेखक होइन । दोस्रो सोखअनुसार आफ्नो मनस्थिति र आवश्यकतामध्ये लेख्ने गरेको हुनाले यो समयमा यो मूडमा यो विधामा लेख्ने भनेर कुनै निर्धारण गरिएको छैन ।



प्रस्तोताः व्याकुल पाठक

*(२०६३, फागुन ३ गतेका दिन वरिष्ठ साहित्यकार श्री माधवलाल कर्माचार्यसँग उहाँकै निवासस्थानमा भएको छोटो कुराकानी)*

# वितृष्णा



अशेष बन्छन् प्रेमपरागहरू
हृदयका बन्द ढोकाहरू
खुलिरहन्छन् प्रत्येक क्षण
हो समवेदना मरेको बेला
म धेरै रोएकी छु,

देशले सन्तापको आगो तापेको बेला
म शून्यशून्य भएकी छु,

हृदयले स्वप्निल तरङ्गको
प्रतीक्षा गरेको बेला
म भावुक भएकी छु,

हातले कलमको मसी सुकाइरहेको बेला
म निस्तेज भएकी छु,

रक्त रेखा इन्द्रेणीले घेरेर
रातो नदी रोएको बेला
मैले आफ्नो सिन्दूर पुछेकी छु ।

त्यसैले,
बन्द छन् आज उल्लासका ढोकाहरू
छाडा र खुला छन् उन्मादका ढोकाहरू
खै, म कसरी गीत गाउँ उमङ्गको ?



सरस्वती शर्मा 'जिज्ञासु'

*– पर्वत, कुस्मा*

भत्कदै गैरहेको

समाजको मन्दिरलाई

जिर्णोद्धार गर्ने

सुअवसरबाट

*शारदा* का साहित्यिक

शब्दहरू

कहिल्यै नचुकुन् !

मङ्गलमय शुभकामना !!

**नेपाल चेम्बर अफ कमर्श**

चेम्बर भवन, काठमाडौं, नेपाल

# मेरो प्यारो तनहूँसुर



श्रीभद्र शर्मा

तनहूँसुरको डाँडाको पूर्वी काख - सिम्पानी, म जन्मे-बढे-हुर्केको गाउँ ! मेरो शरीर त्यहींको अन्न-पानीले बनेको हो र त्यहींको हावा-पानीले मलाई हुर्काएको हो । आफू जन्मेको र आफूले आफ्नो बाल्यकाल बिताएको ठाउँ कसलाई पो नरमाइलो लाग्ला र ? त्यसैमा पनि तनहूँसुरको सौन्दर्य त वास्तवमै वर्णनातीत छ ।

अब बयान गर्न लागौं तनहूँसुरकै । तनहूँसुर ! तनहूँ सेन राजाहरूको राजधानी ! यस डाँडाको शिर भागमा तीन थुम्का भएकाले यसलाई हाम्रो संस्कृतका पुराना कविहरू "त्रितुङ्ग" पनि भन्ने गर्थे । अब त त्यो नाम पुरानो भैसकेको छ र अचेल सबै त्यसलाई तनहूँसुर नै भन्ने गर्छन् । तनहूँ जिल्लाको नामकरण नै यसै डाँडाको नामबाट भएको हो । पहिले पहिले काठमाडौंबाट तनहूँसुर जान पैदलै जानुपर्थ्यो- हप्ता दिन लगाएर । तर अचेल पृथ्वी राजमार्ग बनेपछि भने सजिलो भएको छ । पृथ्वी राजमार्गको डुम्रे बजारसम्म काठमाडौं-पोखरा गर्ने बसमा जाँदा हुन्छ । डुम्रेमा पुगेर पोखरा जाने बस बदल्नुपर्छ र त्यहाँबाट चन्द्रावती जाने अर्को बस पक्रेर जानुपर्छ । यो बाटो भन्सार बजारबाट चूँदी फाँट ओर्लन पुग्छ । डुम्रेमा छोडेको चूँदी खोलालाई बाङ्गीरह भन्ने ठाउँमा यसले चूँदी खोलो पुनः भेट्न पुग्छ र त्यहाँ चूँदी तरी चूँदीको पश्चिमपट्टिबाट पश्चिमोत्तर दिशामा बस अगाडि बढ्छ र चूँदी फाँटको हेरिरहूँ जस्तो दृश्य हेर्दै सेपा बगैंचा पुग्न सकिन्छ । सेपा बगैंचा भानुभक्तको रम्घाको बेंसी । रम्घा जानेहरू बसबाट यहीं ओर्लन्छन् र चूँदी तरी भानुस्मृति सङ्ग्रहालय भएको ठाउँमा पुग्छन् । जसलाई रम्घा नै जाने इच्छा छ, उनीहरू त्यो रात त्यहीं बसी भोलिपल्ट उकालो लाग्छन् । रम्घा उक्लन नचाहनेका लागि भानु जन्मस्थल चूँदी बेसी नै हुन्छ । त्यहींको दृश्य हेरेर उनीहरू भोलिपल्ट फर्कन्छन् । भानुभक्तको गाउँ र बेसीमा के फरक भयो र ? यसैमा

सन्तोष गर्छन् । चूँदी फाँटको असली रमाइलो दृश्य त सेपा बगैंचाबाट नै शुरू हुन्छ । यो फाँटको दृश्य हेर्दै तपाईं अगाडि उपल्लो चूँदीको टुहुरे पसलसम्म जानुपर्छ । बस त टुहुरे पसलबाट पनि अगाडि जान्छ । तर तनहूँसुर उक्लनका लागि टुहुरेपसल नै अन्तिम टुङ्गो हो । अब यहाँबाट भने एक डेढ घण्टाको उकालो हिंड्न कस्सिनै पर्छ- मेरो गाउँ सिम्पानीसम्म १ घण्टा र त्यहाँबाट तनहूँसुर आर्को आधा घण्टा । हुन त दमौलीको घाँसीकुवाबाट पनि तनहूँसुर उक्लन नसकिने होइन, तर यहाँ नियमित बस सर्भिस नभएकोले आफ्नो प्राइभेट जीप भएमा भन्दा बाहेक यो बाटो पैदलै हिंड्नुपर्दा चूँदीको टुहुरे पसलबाट भन्दा अलि टाढै पर्छ । यस कारण टुहुरे पसलबाटै उकालो लाग्नु बेस हुन्छ । हो, यो बाटो उकालै भए पनि त्यति असजिलो चाहिं छैन । बीच बीचमा चौतारामा आराम गर्दै शीतल ताप्तै र थकाइ मार्दै सुविस्ताले जान सकिन्छ । त्यो रात सिम्पानीमै विश्राम गरेर भोलि पल्ट बिहान तनहूँसुर उक्लँदा सजिलो पनि हुन्छ । हुन त बिहानीको सूर्योदयको दृश्य सिम्पानीबाटै पनि नदेखिने हैन । अत्यन्तै रमाएलो दृश्य त्यहाँबाट पनि देखिन्छ । तर तनहूँसुरबाटै हेर्ने इच्छा भएमा सिम्पानीबाट बिहानै उकालो लाग्नुपर्छ ।

अँ, म त अहिलेसम्म त बाटो देखाउनेतिर मात्रै अल्मलिन पुगेछु । आउँ, अब उक्लौं तनहूँसुर र त्यहाँको सौन्दर्यको वर्णनतिंर लागौं । पहिले तपाईं सरासर तनहूँसुरको पुरानो दरबारक्षेत्रमा नै पुग्नुहोस् । त्यो दरबारको आँगनमा उभिएर पहिले त उत्तर दिशातिर नै दृष्टि लगाउनुहोस् । त्यहाँबाट पश्चिम धवलागिरि हिमशृङ्खलादेखि पूर्वमा लाङटाङ हिमालसम्मको जो हिमशृङ्खला तपाईं देख्नुहुन्छ, त्यो देख्तै तपाईं रोमाञ्चित बन्न पुग्नुहुनेछ । आफ्नो सामनेमा नजिकै त्यो हिमशृङ्खला देख्ता रोमाञ्चित हुनु स्वाभाविक हो र बरु रोमाञ्चित नहुनुलाई चाहिँ अस्वाभाविक मान्नुपर्छ । आफ्नो शिरमा हिउँको सागर नै बोकेर उभिएका ती पहाडलाई देख्ता रमाइलो नमान्ने को हुनसक्ला र ? अझ तपाईं त्यहाँ सूर्योदयको शोभा हेर्न बिहानै पुग्नुभएको छ भने त तपाईं अर्को सौन्दर्य पनि देख्न सक्नुहुन्छ । सूर्योदयका प्रथम किरण आफ्नो शिरमा पर्न पुग्दा ती चाँदीका सेता पहाड कसरी सुनौलो रङ्गमा बदलिएर सुनझैं नै टल्किन पुग्छन्, वास्तवमा नै यो दृश्य त अपूर्व नै हुन्छ । सूर्यका प्रथम किरणहरू हिमशिखरमा पर्न पुग्दा यता पहाड-बेसी भने अँध्यारै जस्तै देखिन्छन् । तपाईं हेर्दै जानोस्, ती किरणहरू विस्तारै विस्तारै कसरी तल तल सर्दै र झर्दै जान्छन् । पहिले अग्लो चुलीमात्र टल्किन पुगेकोमा विस्तारै पूरा हिमाल नै टल्किन थाल्छ । सूर्यका किरण यसरी तल झर्दै जाँदा विस्तारै तल अग्ला पहाडका टाकुरालाई चुम्बन गर्न पुग्छन् । हिमचुलीमा सूर्यकिरण पर्दा सारा हिमाल सुनौला हुन पुगेका हुन्छन् भने हरियो पहाडका टाकुरामा पर्दा तिनै सूर्यकिरण भिन्नै शोभा दिन पुग्छन् । यसरी हिमालबाट तल झर्ने क्रममा सूर्यकिरण जति जति तल झर्दै जान्छन् सामनेको दृश्यावली पनि विविधतापूर्ण बन्दै जान्छ । यसरी तल झर्ने क्रममा ती सूर्यकिरणहरू पहाडका पूर्वी काखमा बसेका गाउँहरूमा जब पुग्छन् गाउँका घरका झ्याल र ढोकाहरूबाट भित्र छिरेका ती किरणले घरभित्रै पनि यौटा रमाइलो दृश्यको सृष्टि गर्न पुग्छन् । आँखीझ्यालका प्वालहरूबाट छिरेका ती किरणहरूले भित्र डोरी तन्काए जस्तै गरी प्वालअनुसारकै अनेक सेता रेखा कोर्न पुगेका हुन्छन् र ती रेखाहरूमा सहस्र धुलिकण उडिरहेका देखिन्छन् । घरभित्रको यस्तो दृश्य हेर्नु पनि रमाइलै हुन्छ ।

अँ, म त कहाँ सूर्योदयको दृश्यको बयान गर्दागर्दै घरभित्र पो पसिसकेंछु त ! आऊ अब आफ्नो सन्दर्भ नै फर्कौं । तनहूँसुरको दरबार क्षेत्रबाट हेर्दामात्र तपाईंलाई थाहा हुनेछ पोखराबाट उत्तरको माछापुच्छ्रेलाई किन माछापुच्छ्रे भनेको । पोखराबाट हेर्दा त त्यो सीधा चुलिएको मात्र देखिन्छ । अनि यसको नाम माछापुच्छ्रे कसरी त ? तर तनहूँसुरबाट हेर्दा बल्ल यसको अर्थ खुल्छ । माछापुच्छ्रेको शिरमा माछाको पुच्छर जस्तै रहिरहेका दुई शिखर छन् नि त !

केवल उत्तर दिशाको दृश्यमात्र हैन, जता हेरे पनि दृश्य त्यत्तिकै रमाइलो देखिन्छ । पहिले पूर्वकै बयान गरौं । पूर्वमा तपाईं आफ्ना दृष्टि जति फैलाउन सक्नुहुन्छ, फैलाउनुहोस् । तपाईंका दृष्टिलाई छेक्न त्यहाँ कुनै वस्तु आउँदैन । उहिले उहिलेका मान्छे त भन्ने गर्थे

त्यहाँबाट काठमाडौंको धरहरा पनि देखिन्थ्यो रे । यो किंवदन्तीमात्र हुनसक्छ । तैपनि यो सत्य हो कि दृष्टिलाई छेक्ने त्यहाँ केही छैन र दृष्टि पर क्षितिजमा गएर आफैं ठोक्किन पुग्छ । अब अहिलेसम्म पूर्वतिर सीधा फैलिएको तपाईंको दृष्टिलाई तपाईं केही तल झार्नुहोस् । पहिले त तपाईं उत्तरबाट दक्षिण-पूर्व दिशामा लम्पसार परेर फैलिएको चूँदी फाँट नै देख्नुहुनेछ । तनहूँको प्रसिद्ध ठाउँ चूँदी । चूँदी फाँटको दृश्य पनि मौसमअनुसार फरक फरक देखिने गर्छ । यहाँको सबैभन्दा मनोरम दृश्य हेर्न त कि असार कि त कात्तिक-मङ्सिर नै पर्खनुपर्छ- खेती लगाउने र खेती थन्क्याउने बेला । खेती लगाउने बेलाको फाँटको विविधता त वास्तवमै मनलाई लोभ्याउने नै हुन्छ । टाढाबाट हेर्दा नदेखिए पनि नजीकबाट हेर्दा सबैभन्दा रमाइलो दृश्य त धानका बीउले बयेली खेलेकै हुन्छ । खेत रोप्न बीउ तयार पार्ने क्रममा ब्याडमा छरिएको धानको बीउ उम्रेर जब एक बित्ता जति अग्लो हुन्छ, त्यो बीउलाई सिरसिर हावाले हल्लाउँदा जस्तो मनोरम दृश्य देखिन्छ, बीउले बयेली खेलेको भनेर त्यसै दृश्यलाई त हो नि भन्ने । म त स्वास्नीमान्छेको नरम साडी हावाले सर्सर्ती हल्लाउँदा देखिने दृश्यलाई पनि साडीले बयेली खेलेको भन्न मन पराउँछु । अब तपाईंले फाँटको दृश्य हेर्न तल झुकाएका दृष्टि अलिकति माथि उठाउनुहोस् । अब तपाईं देख्नुहुने छ भानुभक्तको रम्घा । यो रम्घा गाउँ पनि विचित्रकै छ, पूर्व-पश्चिम लम्पसार परेर फैलिएको डाँडो ! यसका पनि तीनवटै थुम्का । तर तनहूँसुरका जस्ता नजिकै नजिकै भने होइन, अल्लि टाढै टाढै । त्यसैले त्रितुङ्ग भन्न नमिल्ने । पूर्वको थुम्को दोरदोर, माझको रम्घा र पश्चिमको तामाकोट । तनहूँसुरबाट पूर्वतिर दृष्टि फैलाउँदा देखिने रमाइलो तरेली तरेली परेर बसेका डाँडाहरू नै हुन् । नजिकै सामनेको केही होचो त्यसभन्दा परको अलि अग्लो- हेर्दै जाँदा यौटाले अर्कालाई नछेक्ने र अगाडि दृष्टि फैलाउन जति फैलाए पनि कुनै बाधा नपुग्ने । दोरदोरबाट पारी (मर्स्याङ्दीपारि) दृष्टि पुऱ्याउनासाथै छर्लङ्ग देखिन्छ- गाइखुर र गोर्खा । तपाईंले दुर्बिन लिएर हेर्नुभयो भने गोरखकालीको दर्शन त्यहींबाट छर्लङ्गसँग गर्न सक्नुहुन्छ । दोरदोरबाट अलिकति बायाँ नजर घुमाएर हेर्दा तपाईं देख्नुहुनेछ लिगलिग जहाँ उहिले इतिहासमा घले राजाहरू राज्य गर्थे । उनीहरूको राजा हुने परम्पराबाट फाइदा उठाएर त द्रव्य शाह लिगलिगको राजा हुनपुगेका हुन् नि ! लिगलिगभन्दा माथि अब सिरान्चोकको डाँडो पनि त्यत्तिकै सुन्दर देख्नुहुनेछ । गोर्खामा पुगेका तपाईंका दृष्टि अब अलिकति दाहिने घुमाउनुहोस् तपाईं मनकामनाको दर्शन त्यहींबाट गर्न सक्नुहुनेछ । मनकामनाबाट पूर्व लागेका तपाईंका दृष्टि पर क्षितिजसम्म नै पुगेर फर्कनेछन् । उत्तर र पूर्वको यो अवलोकनपछि अब आउनुहोस् दक्षिणतर्फ फर्कौं । दक्षिणतर्फ फर्कंदा पनि तपाईंका दृष्टिलाईं छेक्ने त्यहाँ केही हुनेछैन र तपाईंका दृष्टि पर क्षितिजसम्म नै पुगेर ठोक्किनेछन् । दृष्टि अलिकति तल झार्नासाथै पूर्व-दक्षिणमा तनहूँको पुरानो सुन्दर सदरमुकाम बन्दीपुर बजारको सौन्दर्य र पश्चिम-दक्षिणमा हालको नयाँ सदरमुकाम दमौली बजार देखेर तपाईं रमाउन थाल्नुहुनेछ । दमौली पनि निकै रमाइलो बजार पो छ त ! दमौली बजारको सीधा पश्चिम मानुङको डाँडो देखिनेछ भने बन्दीपुरको सीधा पूर्व तनहूँ जिल्लाभरिका डाँडाहरूमा सबैभन्दा अग्लो डाँडो छिंकाको लेक देख्नुहुनेछ । दुई कापे यस डाँडाको पूर्वी शिखरमा छिंकेश्वरी देवीको मन्दिर विद्यमान छ । भन्छन्-गोर्खाकी मनकामना र तनहूँकी छिंकेश्वरी दिदी-बहिनी हुन् रे ! त्यसैले यिनीहरू मर्स्याङ्दीको वारिपारि नजिकै नजिकै क्यै परिआएमा परस्पर सल्लाह गर्न मिल्ने गरेर अग्ला डाँडामा बसेका हुन् रे । यो किम्वदन्ती जे होस्, छिम्काको लेक ज्यादै सुन्दर पो छ त ! मधेश-पहाड, तराई-हिमाल सबैतिर नजर घुमाएर छर्लङ्ग हेर्न सकिने । अँ, मैले तनहूँसुरको दक्षिणी बेंसी सुन्दर बोर्धन फाँटको त कुरै गर्न बिर्सेछु । बोर्धन र बुल्दी पनि सुन्दर फाँट पो छन् त ! दक्षिणतर्फको दृश्य हेर्दा तपाईंले आफ्नो दृष्टि अलि परै पुऱ्याउनुभयो भने महाभारत पर्वत शृङ्खलाका अग्ला अग्ला शिखर देउचुली र बरचुली पनि देख्न सक्नुहुनेछ । अब पश्चिम । पश्चिमी दृश्य पनि निकै रमाइलो छ । नजिकै देखिनेछ कलेस्ती फाँट-चूँदीका प्रसिद्ध तीन फाँटमध्ये एक । पूर्व-पश्चिम लम्पसार परेर फैलिएको फाँट, निकै रमाइलो देखिन्छ ।

फाँटबाट दृष्टि माथि उठाउँदा देखिने दृश्यचाहिँ नजिकै पारिपट्टि क्यामिनको डाँडो, त्यस पारि छाङ, मनपाङ, गलेखामका लम्पसार परेर पूर्व-पश्चिम फैलिएका डाँडाहरू । त्यहाँबाट ढोर, राईपुर र राङरूङसम्मका डाँडाहरू छर्लङ्ग देखिन्छन् । त्यसभन्दा पर त क्षितिजले ढाकेको देखिन्छ, अनि के हेर्नु ? भन्न त भन्दछन्- तुयेंलले नछेकेको अवस्थामा तनहूँसुरबाट पोखराको फेवाताल पनि देख्न सकिन्छ । यो भने मैले सुनेको कुरा मात्र हो र आफ्नो अनुभवचाहिँ होइन । संक्षेपमा प्राकृतिक सौन्दर्यको वर्णन यही हो । अँ, अघि मैले उत्तरको दृश्यावलीको वयान गर्दा झन् आफ्नो नजिकैको रमाइलो डांडाको त चर्चै गर्न बिर्सेछु । उत्तरको हिमाली दृश्यको बयान गर्दा गर्दै यो त त्यसै बिर्सिएछ । पश्चिममा मादीदेखि पूर्वमा मर्स्याङ्दीसम्म नै फैलिएको यो डाँडोका क्यामिन, ठूलढुङ्गा, मिर्लुङ, ज्यामरूक चोक गरी पाँच शिखर यसका रहेका छन् । ती सबैमा अग्लो चाहिं मिर्लुङ नै रहेको छ । वास्तवमा मिर्लुङ त छिंकाको लेकपछि तनहूँमा दोस्रो अग्लो शिखर हो । बेसी फाँटदेखि नै दक्षिण फर्केर तर्पायां उठेको यस डाँडामा यति बाक्लो बस्ती छ कि वारिपारिबाट हेर्दा यो निकै रमाइलो देखिन्छ मानौं पूर्व-पश्चिम फैलिएर रहेको यौटा सुन्दर सहरै हो कि जस्तो । रमाइलो पनि किन नदेखियोस् त ? यो डाँडो त चूँदी खोलाको शिर पो हो त ! यसै डाँडाका छहरा र छाँगाबाट त चूँदीको उद्‌भव भएको हो ।

प्राकृतिक सौन्दर्यको यो बयान पछि लागौं क्यारे अब केही मौसमी बयान पट्टि पनि । मौसमी बयान गर्न लाग्दा म तपाईंहरूसित के अनुरोध गर्न चाहन्छु भने प्राकृतिक सौन्दर्य हेर्ने उद्देश्यले तपाईंहरू यहाँ आउँदा झुक्किएर पनि कहिल्यै फागुन-चैतको महिनामा नआउनुहोला । चैतको खडेरीको महिनामा यहाँ तुंयेलले डम्मै ढाकेको हुने हुनाले न कुनै प्राकृतिक दृश्य देख्न सकिन्छ न त कुनै मौसमी दृश्य नै । त्यसैले दृश्यावलोकनका लागि हिंडेका पर्यटकहरूका लागि चैतको महिना त साह्रै सुक्खा पो हुन्छ त । हो त्यसबाहेक भने जैले आए पनि हुन्छ । यदि मेरो परामर्शमा तपाईंहरू यहाँ आउने हो भने सबभन्दा बेस त कात्तिक-मङ्सिरको महिनामा आउनु नै हुनेछ । त्यस बखत यहाँको प्राकृतिक सौन्दर्य पनि र मौसमी दृश्य पनि अत्यन्तै सुन्दर र मनोरम हुन्छ । छर्लङ्ग खुलेको आकाश र चारै दिशाहरू तनहूँसुरबाट हेर्दा यति मनोरम दृश्य देखिन्छ त्यो मैले पहिले पनि भनिसकेको छु । त्यस बखतको मौसमी दृश्यको विशेषता भन्नु नै डाँडामा पाकेका सुन्तला र बेसी फाँटमा पाकेको धान नै हो । त्यस बखत चूँदी कलेस्ती र बोर्धन फाँटमा पहेलपुर भएर पाकेको धानको दृश्य त यस्तो देखिन्छ, मानौं प्रकृति स्वयं यहां आएर सुनको बिस्कुन नै सुकाएकी होउन् । फाँटको यो दृश्य मात्र हैन, डाँडाको त्यस्तै सुन्दर दृश्य देखिन्छ । पहेंलै पाकेका सुन्तलाले डाँडै पहेलो देखिन थालेको हुन्छ । कहीं हाम्रा पुराना बूढाहरूले सुनजस्ता तोला तोलाका दाना फल्ने हुनाले नै यसलाई सुनतोला (सुन्तला) भनेका त हैनन् ? अझैसम्म पनि कतिपय मानिसहरू त सुन्तला नभनेर सुन्तोला भन्दछन् नि त । यो त डाँडाको कुरा भो । मङ्सिर-पुस-माघसम्मको महिनामा बेसी फाँटको प्रभाती दृश्य माथि डाँडाबाट हेर्दा अर्कै रमाइलो देखिन्छ । कुहिरोले ढाकेर बेसी फाँट केही देखिन्न, तर त्यही कुहिरो फाँटमात्र नभै पहाडको पनि माथि माथिसम्मको भाग ढाकेर बसेको देख्ता मानिसको कल्पनामा अर्कै रमाइलो दृश्य देखिन्छ । केटाकेटीमा म बिहानमा आफ्नो घरको पिंढीमा बसेर जब फाँटतिर हेर्न लाग्थें, मेरो मनमा कल्पना आउँथ्यो: अहिले कुहिराले ढाकेजति भूभाग वास्तवमा नै सम्म फाँट हुँदो हो त कति रमाइलो हुन्थ्यो होला ? यो मेरो बालपनको कल्पना हुन्थ्यो । त्यस कुहिरामा पनि हेर्दा हेर्दै आफ्नो कल्पना अनुसारका अनेक दृश्य देखिने गर्थे । बिहानको त्यो कुहिरो हेर्दा हेर्दै बिहानको १० बज्दा नबज्दै उठिसकेको हुन्थ्यो र मेरो बिहानभरको कल्पना सबै भताभुङ्ग हुन पुग्थ्यो । बिहानको फाँटको यस कुहिराले माथिको दृश्य हेर्न त के प्रभाव पार्न सक्छ र ? कुहिरामाथिको आकाश र छर्लङ्ग खुलेका चारै दिशा हेर्न त बिहानीमा झन् रमाइलो हुन्छ । यहाँको असार-साउनको दृश्य पनि उल्लेखनीय नै हुन्छ । यदि तपाईं झरी-बादलको पर्वाह गर्नुहुन्न र पहाडको बर्खे रमाइलोको पनि अनुभव गर्न चाहनुहुन्छ भने लाग्दै असार वा ढिलोमा १५ असारसम्ममा यहाँ अवश्य आउनुहोस् । तपाईं टाढैबाट खेत-रोपाइँको

रमाइलो हेर्न चाहनुहुन्छ कि हली, बाउसे र रोपाहारहरूसित मिस्सिएरै रमाइलो गर्न चाहनुहुन्छ, त्यो तपाईंको खुशी हो । यदि रोपाइँमा नै सहभागी हुन चाहनुहुन्छ भने चूँदीको फाँट यति ठूलो छ कि त्यहाँ असार महिनाभरि कहीं न कहीं कसै न कसैको रोपाइँ भइरहेको हुन्छ । तपाईंलाई रोपाइँमा सामेल भएर रमाइलो गर्न हर्जा हुनेछैन । रोपाइँ पनि थरी थरीका हुन्छन् । कहीं एक-दुई हल मात्र गोरू नारेर रोपाइँ भैरहेको हुन्छ भने कतै हल-गोरू धेरै नै नारिएका हुन्छन् । कतै त अझ रोपाइँमा गाउने-बजाउने समेत हालेको हुन्छ । अर्थात् रोपाइँमा बाजा बजाउनेहरूसमेत बोलाइएका हुन्छन् । यसरी गाउने गाइरहेका हुन्छन्, बजाउने बजाइरहेका हुन्छन्, नाच्ने नाचिरहेका हुन्छन्, हली र रोपाहारहरू बाजाका तालमा नाच्दै र गाउँदै आपसमा हिलो छ्यापाछ्याप गर्दै आफ्नो काम गरिरहेका हुन्छन् । तपाईं पनि यो रमाइलोमा सामेल हुन चाहनुहुन्छ भने तपाईंलाई स्वागत छ । रोपाहारहरूले रमाइलो गर्दै तपाईंलाई 'असार मासको दब्दबे हिलो' ले पवित्र स्नान गराइदिने छन् । हुँदैन त रमाइलो ?

असार महिनामा तपाईं आउँदा बारी-बगैंचामा पाकेका आँप र कटहरले पनि तपाईंको स्वागत गर्नेछन् । जामुनो र फऱ्याँटले पनि स्वागत गर्ने मौका पाउनेछन् । आँप अलि चाँडो निखे पनि कटहर त साउनभरि जस्तै नै हुन्छ । केरा र भुइँकटहरको पनि त मौसम यही हो नि । कृषकहरूका बारी-बगैंचामा केरा र भुइँकटहरको के कमी ? तपाईं रोजी रोजी खान पाउनुहुन्छ । यता साउनदेखि नै पाखाबारीमा बेलौती पनि पाक्न थालेको हुन्छ र यो त साउनबाट पाक्न थालेको असोजसम्म पाक्तै रहन्छ । बेसीको गर्मीमा अल्लि चाँडो पाक्छ र माथि गाउँमा अलि ढिलो । असोजसम्म पाक्तै गर्ने बेलौती गाउँमा फल्ने चाहिं हो । अँ, तपाईंले बेलौती भन्दा चिन्नुभएन कि ? अम्बा । हो अम्बालाई बेलौती भन्छन् हाम्रो गाउँतिर । बेलौती ! - कति सुन्दर नाउँ हेर्नोस् त ? नामै गुलियो । नाम सुन्नासाथै जिभ्रो रसाएर आउने । पाकेर सेता भएका बेलौती टिपेर ताजा ताजा खान त असाध्य मीठो पो हुन्छ त ! म मेरो गाउँ-सिम्पानी, कुसुम्पानी, अर्चलस्वारा, भोटिनीथोकसमेतका गाउँका कुरा गर्दैछु । अर्थात् तनहूँसुरभरिका गाउँहरू । यहाँ त बेलौती यति फलेको हुन्छ कि भैंसीलाई कुँडो ख्वाउनसमेत पुग्छ । हो अचेल भने बाटो-घाटो अलि खुलेकाले गाउँका कृषकहरू बजारमा बेच्न पनि लैजाने गर्छन् । तैपनि तपाईं त्यहाँ जाँदा बोटबाट बेलौती टिपेर खान कुनै रोक-टोक कसैले गर्नेछैन । बेलौतीपछि अब मौसम सुन्तलाको सुरु हुन्छ । हुन पनि कात्तिक, मङ्सिर, पुस- यी तीन महिना त पहेंलपुर भएर पाकेका सुन्तलाले पूरै डाँडो छपक्कै ढाकिएको हुन्छ । हो, माघ र फागुनको महिनामा भने फल-फूलका दृष्टिले डाँडो शून्यजस्तै नै हुन्छ तर चैत-वैशाखमा त फेरि काफल पाक्न थालिहाल्छन् नि । काफलले त पूरै डाँडाभरि नै वन-जङ्गल सबै ढाकेको हुन्छ । चैत र बैशाख वनका काफल र ऐंसेलुको महिना हुन्छ । ऐंसेलु त जेठमा अझ बढी पाक्न थालेको हुन्छ । यसरी तपाईंलाई बाह्रै महिना तनहूँसुरले फलफूलले स्वागत गरेको तपाईं अनुभव गर्न पाउनुहुनेछ ।

बर्खाको मौसमको बयान गर्दा मैले तपाईंलाई हली, बाउसे र रोपाहारहरूसँग हिलोमा नचाएँ मात्र । अब म तपाईंलाई साउन महिनाको फाँटको दृश्य हेर्न आमन्त्रण गर्छु । साउनमा अब तपाईं फाँटमा बसेर होइन, फाँटभन्दा माथि पाहाडको कुनै चौतारामा बसेर शीतल ताप्तै दिउँसो फाँटतिर दृष्टि लगाउनुहोस् र फाँट कस्तो देखिंदो रहेछ, हेर्नुहोस्, तर यसरी हेर्दा फाँटको शिर-पुच्छार देखिने ठाउँमा बसेर तपाईंले हेर्नुपर्छ । तपाईं त्यहाँ सप्तरङ्गी इन्द्रेणीको दृश्य देख्न सक्नुहुनेछ । कतै हिल्याउँदै र जोत्तै गरेको ठाउँमा हिले माटोको खरानी रङ्ग त कतै रोप्ता रोप्तै रोप्न बाँकी रहेको बीउको हरियो-पहेंलो मिश्रित रङ्ग ! कतै भर्खर रोपेर रोपो सर्न नभ्याएकोले रोपो पहेंलै भएको दृश्य अनि कतै रोपो हरियो भएर पलाएर आइसकेको दृश्य, - यी सबै दृश्यले फाँटमा सप्तरङ्गी इन्द्रेणीको दृश्य उपस्थित गराएका हुन्छन् । चौताराको शीतलमा बसेर फाँटको यो दृश्य हेर्न पनि निकै रमाइलो पो हुन्छ त ? मलाई सम्झना छ म केटाकेटी छँदा कामका लागि बेसी फाँट झर्न नसक्ने बूढाहरू गाउँको छेउको मान्द्रे ढुङ्गाको चौतारामा बसेर दिनभर फाँटको दृश्य हेर्दै रमाउने गरेको । यसरी बसेर हेर्दा उनीहरूलाई दिन बितेकोसम्म पनि थाहा हुँदैनथ्यो । तपाईं पनि जाने होइन त यो रमाइलो दृश्य हेर्न ?

दिवङ्गत स्रष्टाको अप्रकाशित सिर्जना

# निर्वासन

– भैरव अर्याल

भो, अब मलाई भात नपस्क
म भोकै निस्कन्छु
यै भोकको तरवार लिएर
महाङ्काल सँग जिस्कन्छु
आमा, म बाहिर निस्कन्छु

(१)

कच्याक् कुचुकको यो ओडारमा
घाम कुनैदिन छिर्न सकेन
आँशुको भोल सिवाय अरू क्यै
दुइ गाँस माथि सितन मिलेन
लत्याई मिलेको जूठो सितामा
यो प्राण पखेरू करबल पाली
वाँच्नू पनि 'वाँच्नू हो र ?
आफूलाई आफ्नै धूप हाली ?
२ चौटा मासुको लागि श्यालले चिहान कुरेझैं
म २ गाँसको लागि यहाँ कुदिन
वरू हातै न जुठयाइ निस्कन्छु
म चील झैं हावामा कावा खाई
गिद्ध हरू सँग जिस्कन्छु
आमा म वाहिर निस्कन्छु

(२)

श्री खण्ड झैं यो मुटु घोटी घोटी
कला उपासें, प्रतिभा उकासें
जब आराध्य देवीले मुहार देखाइन्

शायद् वरदान माग्ला भनेर
विचैबाट मेरो शव्द खोसियो ।
गाएको गीत रूमलियो
पाएको जीत अलमलियो
तव मेरो समग्र साधना
सफल हुदा हुदै विफलभयो
वरदान केवल ग्लानी बन्यो
प्राप्ति भन्नु आँशु रह्यो
दीर्घ तपको प्रसाद चुस्न
हजार मुखको होड चल्यो
आमा, तर तिम्रो छोरालाई
मनमा सधैको घाह मिल्यो,
तनमा सधैंको घाउ मिल्यो
खालि चहराई र टन्काई नै
उसको जीवन वन्यो ।
अव यो सेलाएको रक्तलाई
कारवमा घुसारेर कतिदिन तताउली तिमीले ?
अव यो फाटिसकेको छातिलाई
कतिदिन अडयाउन सकौली ममताले ?
यो केवल तिम्रो नारीहठ हुनेछ
त्यसैले भो अव न लगाइदेउ लुगा
म अव नाङ्गै निस्कन्छु
यै नाङ्गो अवतारमा अव
आफूलाई शिव सम्भन्छु
आमा म अव बाहिर निस्कन्छु

(३)

म जान्छु खोज्दै खोज्दै
जीवन कतै पाइन्छ कि ?
वौलाहा भैं हिड्दा हिड्दै
कतै वाटो भेटिन्छ कि ?
चोरिएको जीवन पाएँ भने, ठगिएको वरदान
ल्याएँ भने
म फर्कुंला कुनै दिन, तिम्रा भिजेका गह
सुकाउन ।
नत्र म वाहिर वाहिरै हुदै
साँच्ची वाहिर अव घस्कन्छु
आमा म अव निस्कन्छु ।
नून नहालेको तिहुन जस्तो
उन्माद नपाएको जोवन
पींध फुटेको हाँडी जस्तो
आश निभेको जीवन
फल खोसिएको कर्म र
कर्ममा नलेखिएको आकाङ्क्षा ।
यी सवै वोकेर भिङ्गा भन्काउदै
घर कुर्नु
मुर्धाउनु हो
त्यसैले आमा
म निस्कन्छु

●

*(रचनाकाल: ३१ जेठ २०१८, डिल्लीबजार)*

*कवि भैरव अर्यालको हस्तलिखित यो कविता जस्ताको तस्तै प्रकाशित गरिएको छ ।*

(सौजन्य: विजय चालिसे)

लेख

# साहित्यमा पर्ने विज्ञानको असर

सोच पनि वैज्ञानिक हुनुपर्छ भन्छन् आजका पण्डित, टाई विद्वान(Tie Intellectual) । महाकवि कालिदास त उच्च सोच र नीच सोच भन्थे अफ, असांसारिक सोच भन्थे ।

असांसारिक सोच खालिल जीब्रानको छ, कहीं कहीं विश्वेश्वरप्रसादमा म भेट्छु त मदनमणि दीक्षितमा पनि ।

संसारमा छपाइ आउनु नै साहित्यलाई विज्ञानले असर पार्नु प्रत्यक्ष प्रमाण हो । छपाइ नभएको भए वेद कहाँ पुग्थ्यो ? विश्व के हुन्थ्यो ?

बिचरा साहित्य उसको परिभाषाको नै अत्तो पत्तो छैन संसारको दुःखमा कि सुखमा, सृजनामा कि विनाशमा ?

मैले व्यतीत गरेका हिजोका कुरा अक्षरमा रूपान्तर गर्नु नै साहित्य । म दङ्ग पर्छु मेरा पीडा साहित्य भए । म साहित्य निर्माण गर्न सक्ने भएँ...

यसै कारण म त्यहाँ साधनामा लागिपरेको छु, खोज्दो छ जीवन उद्घाटन जड अजडका कुरा, करवीर मसानका कुरा, पशुपति - भस्मेश्वरका कुरा ।


के देवता-देवीले साहित्य, कला पाएनन् ? वेदव्यास ऋषिलाई के थाहा साहित्य ? उपनिषद्का याज्ञवल्क्यलाई, उद्दालक मुचुकुन्दलाई ?

२०१६ मा प्रथम अन्तरिक्ष यात्रा सुरु भयो, यसले साहित्य र कलामा प्रभाव पार्नसम्म पाऱ्यो ।

त्यस बेलाका मान्छेको सोचाइमा पूर्ण परिवर्तन भनेको - मान्छे सृष्टिमा सर्वश्रेष्ठ हुन पुग्यो, मैले त पछि मात्र बुझें - हाँसो उठ्दो मान्छेको बुद्धि मान्छे आफू जाकिन खाडल खनिसकेको रहेछ ।

अन्तरिम यात्राको लागि जति पैसा खर्च भयो त्यसको आधा मात्र पनि संसारको उत्पादन खर्च हुंदो हो ।

सोचाइमा वैज्ञानिकता - समाजलाई काम लाग्ने, मान्छेलाई काम लाग्ने, कामको सोचाइ नै वैज्ञानिक हुनसक्छ ।


नृपेन्द्र पुरुष "यादि"

एकातिर एटम बम बन्नु अर्कोतिर निरस्त्रीकरणको संयुक्त राष्ट्रसंघमा विवाद हुनु जो निरर्थक छ । आज विश्वत्रसित विनासदेखि मान्छेलाई बाँचिरहन मन छ, दुःखै पाएर पनि । सुखले बाँच्ने कति छन् र दुःख त जन्मैदेखि लिएर आएको !

दुःख त साहित्य हो - कला हो, सुख एटम बम । निर्माण राम्रै हो, विनाश अकाट्य छ ।

वैज्ञानिक सोचले लेखकको तलब बढाउन सकेन, सम्मान दिन सकेन । विश्वयुद्ध, गृहयुद्ध, जीवनयुद्ध समाप्तको कुरो छौंडो, रोक्न सकेन ।

अब वर्षा हुन छोडेको छ । अनिकाल निश्चित छ। साहित्यको विषय या निबन्धको विषय भएन कि ?

म त संसारका प्रत्येक विषयमा लेख्छु, हेरूँ कसले रोक्न सक्छ ?

विज्ञानले न त मान्छेलाई मान्छे बनाउन सक्यो न त संसारलाई मान्छे बाँच्ने ठाउँ ।

गरिब र धनी या भाग्य र अभाग्य यी सब वैज्ञानिकका लागि अझै चुनौती छ । आजका फोटोकपी छ, कम्प्युटराइज दुनियाँ !

संसारको कुरा टेलिभिजनले बताउँछ र कम्प्युटरमा अङ्कित हुन्छ, यसलाई मैले साहित्यमा असरकै रूपमा लिएको छु ।

समाजको उँच र नीच वैज्ञानिकले हटाउन खोजेको पक्कै हो तर एटम बम पडकाएर हुँदैन । मान्छेको सोच हुनुपर्‍यो - नीच भनेको के हो, उँच भनेको के हो ? एउटा साह्रै ठूलो विद्वान् नीच बुद्धिको हुनसक्छ । आजकल त म सबै नीच मान्छे नै देख्छु, ढोंगी, फर्मल ।

सबै समान मान्ने रे, प्रायः असम्भव ! योग्यलाई तपाईं असल व्यक्ति बनाउनुस् !

वैज्ञानिक सोच - मान्छेले मान्छेलाई मान्छे ठान्नु, उसलाई बाँच्न दिनु, अर्कालाई दुःखबाट उतार्नु ।

प्राणीको हित, कर्म र उच्च - आदर्श नै वैज्ञानिक सोच । पानी नपरे संसारको पापको कारण, यो वैज्ञानिक सोच होइन भन्ने आजको चश्मावाल 'टाइ विद्वान्' लाई हेरेर म हाँस्छु ।

विज्ञानलाई त मैले अहिलेसम्म एउटा असफल शास्त्रको रूपमा लिएको छु - मान्छेले विज्ञानलाई विनाशकको अस्त्र बनाएको छ, सदुपयोग गरेन ।

संसारलाई विनाशबाट बचाउनु अब मान्छेकै काम छ ।

## कविता




आनन्दराम पौडेल



# बाँकी नेपाली

नयाँ नेपाल निर्माण गर्न
दलित
जनजाति
आदिवासी
अपाङ्ग
महिला
र मधेशी
सबै पठाइयो
मात्र नेपाली भेटिएन ।



58
एस अवकाश निक्षेप
• ५८ वर्ष वा सो भन्दा माथिको नागरिकका
• रु. ५०००/- मा खाता खोल्न
• १ वर्ष देखि ५ वर्ष सम्मको निक्षेप योजना
• ७.५०% सम्म व्याज आर्जन गर्न सकिने *
• आर्जित व्याज बचतखाता खोलि जम्मा गर्न सकिने
• व्यक्तिगत निशुल्क दुर्घटना विमा *
For further details please contact :
Ace Finance Company Limited (Bittiya Sanstha)
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था)
Narayanchour, Naxal, Kathmandu, Nepal. Tel: 4441110, Fax (977-1)4445554
Email : info@ace.com.np URL www.ace.com.np
* शर्त लागुहुने छ ।




अब रू. ५००/- मा नै बचत खाता
मेरै बचत खाता
साथमा
DCBL ATM Card सितैमा
SCT
डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड (वित्तीय संस्था)
Development Credit Bank Limited (Bittiya Sanstha)
पहिलो तल्ला, एक्स ब्लक, काठमाडौं प्लाजा, कमलादी, काठमाडौं
E-mail : info@dcbl.com.np, URL : www.dcbl.com.np
Helping Reach Destiny Together

कथा

# उस्तै छु म


रमेश क्षितिज

एउटा नेपाली दैनिक समाचारपत्रको ब्यानरन्युजमा सनसनीपूर्ण खबर छापियो जसको निचोड यस्तो थियो- आगामी असार १५ गते सबै भौतिक र मानवीय स्वरूपहरू तिनको पूर्वावस्थामा एकदिनको लागि परिवर्तन हुने ।

राजधानी सबैभन्दा बढी प्रभावित भयो यो समाचारले ! मानिसहरूबीच चर्चाको विषय यही नै थियो । केही मानिसहरूले समाचारको विश्वसनीयतामाथि आशङ्का प्रकट पनि गरेका थिए । जस्तो पटकपटक हुन्छ- यसपल्ट पनि तरकारी भाउ बढ्यो, मट्टितेल र ग्याँसको अभाव हुन थाल्यो, खाद्यान्नको कृत्रिम अभाव सिर्जना भयो बजारमा ।

'हजुर दैनिक पत्रिकाले कभर गरेको समाचार हामीले प्रसारण गर्ने कि नगर्ने, भविष्यवक्ता, खगोलशास्त्री, भूगोलशास्त्री, भूगर्भविद् र वैज्ञानिकहरूले एकमत भएर किटानी गरेका छन् असार १५ गते १० बजेदेखि ५ बजेसम्म ग्रहहरूको अवस्थाले गर्दा वस्तु र मानवीय स्वरूपको परिवर्तन भई सबै पूर्वावस्थामा फर्कनेछन् ।' राष्ट्रिय प्रसारण संस्थाका प्रमुखहरू सञ्चारमन्त्रीलाई सोध्दैथिए । सरकार नियन्त्रित सञ्चारमाध्यमले कुनै महत्त्वपूर्ण समाचार प्रसारणअघि सञ्चारमन्त्रीसँग अनुमति लिनुपर्ने परम्पराअनुरूप नै उनीहरू सञ्चारमन्त्रीको सरकारी निवासमा भेला भएका थिए ।

'हैन त्यो कसरी सम्भव छ ? के हो रूप परिवर्तन ?' सञ्चारमन्त्रीले बाहिर उनीहरूसँग सोध्यो र भित्री मनले समाचारको प्रसारणले पार्टीलाई खासगरी आफ्नो मतदान क्षेत्रमा पर्ने प्रभावको बारेमा मूल्याङ्कन गर्न थाल्यो ।

'समाचारमा आएअनुसार बरफ पानीमा, चामल धानमा परिवर्तन हुनेछ किनभने बरफको पूर्वावस्था पानी र चामलको धान हो ।' उनीहरूले व्याख्या गरे ।

'यसैबेला सञ्चारमन्त्रीलाई कहाँबाट फोन आयो,

प्रमुखहरूले देखे सञ्चारमन्त्रीको अनुहारको रङ लोकतन्त्र आउनु ठीकअघिको सडकजस्तो ध्वाँसे र अस्तव्यस्त भएर परिवर्तन भयो । हतारिँदै उसले भन्यो 'यो कुनै राजनीतिक समाचारजस्तो देखिएन, तपाईं हाम्रो पार्टीलाई जे गर्दा फाइदा हुन्छ, पेसागत हिसाबले निर्णय लिनुस् है । मलाई जरूरी काम पऱ्यो पार्टी कार्यालयमा ।'

तपाईं हाम्रो पार्टी भन्नाले सत्तासीन बुझिन्थ्यो । हाम्रो मात्रै नभई तपाईं भन्ने शब्दको प्रयोग भएको थियो किनभने एउटा सञ्चार संस्थानको अध्यक्ष मन्त्रीको जिल्लाको जि.वि.स. सदस्यको पराजित उम्मेदवार थियो भने अर्को चाहिँ पार्टीको बफादार कार्यकर्ता कर्मचारी थियो । प्रमुखहरूले ढाड कुक्र्याएर नमस्कार गरे, सायद मन्त्रीको सुझबुझ र पेसागत स्वतन्त्रताप्रतिको सम्मान देखेर होला !

निजी तथा सरकारी सबै सञ्चारमाध्यमबाट स्वरूप परिवर्तनको समाचार प्रसारणमा आए पछि देशभरि यो खबर डढेलोझैं फैलियो । घटना वा तथ्य एउटा मात्रै थियो । एकदिन सात घण्टाका लागि भौतिक र मानवीय स्वरूपमा परिवर्तन अर्थात् पूर्वावस्थामा गमन । तर त्यसको प्रत्यक्ष प्रभाव राष्ट्रिय जीवनका सबै क्षेत्रमा पर्न थाल्यो जस्तै-

- परिवारका सदस्यहरूमात्रै कार्यकारिणी सदस्य रहेको एक गैर सरकारी संस्थाले दाताहरूबाट १० लाख डलर सङ्कलन गऱ्यो र अँगाल्नुपर्ने सावधानीका बारेमा २ मिनेट १० सेकेन्डको सूचना ३ दिन लगातार रेडियोको प्राइम टाइममा प्रसारण गऱ्यो ।
- व्यापारीहरूले महँगो रूपमा परिवर्तन भएका सामान सोही स्वरूपमै बेचबिखन गर्ने र प्रशस्त कमाउने योजना बनाए ।
- वातावरणविद्हरू बाग्मती फेरि सफा हुने, सगरमाथाको फोहोर हट्ने विनाश भएको जङ्गल र लोप भएका जीवजन्तु र वनस्पति फर्किने भएकोले त्यसैबेला डकुमेन्ट्री खिचेर विदेशी संस्थाहरूमा पठाउने प्रस्ताव तयार गरे ।
- नेपालको सीमाना फैलिने र नेपाली जातिको वीरता, राष्ट्रप्रेम र एकता प्रत्यक्ष अनुभूति गर्न सकिने कल्पनामा एक गीतकारले राष्ट्रगान लेख्यो ।
- धर्म परिवर्तन गरेका केही व्यक्तिहरू द्विविधाग्रस्त देखिन्थे- त्यो दिन मन्दिर जाने कि चर्च ?
- सम्बन्ध विच्छेद भएका केही जोडी रमाए र केही जोडीले विषाद व्यक्त गरे ।

१० बज्न केही समय अझै बाँकी थियो । हातमा माइक्रोफोन बोकेका एफ.एम. रेडियोका समाचारदाताहरू बाटोभरि छ्याप्छ्याप्ती देखिन्थे । बाटोबाटोमा प्रत्यक्ष प्रसारणका लागि टि.भी. क्यामरा तयारी अवस्थामा थिए । वातावरण एकतमासको कौतुहलपूर्ण र एकप्रकारको भययुक्त पनि भएको थियो । अब के हुने हो- जनजीवनमा केही समस्या आइपर्ने हो कि जस्तो उत्सुकता जाडाको हुस्सुजस्तो यत्रतत्र व्याप्त थियो । एम्बुलेन्स, दमकल र बख्तरबन्द गाडी सडकमा उभ्याइएका थिए ।

पजेरोमा गुड्दै गरेको एक नेतातिर टि.भी. क्यामरा तेर्सियो - 'नेताज्यू, के आउँदो घटनाप्रति यहाँलाई विश्वास छ ?'

'हेर्नुस्, यस विषयमा केही भन्न सकिन्न, फेरि हाम्रो पार्टीको आधिकारिक निर्णय आइसकेको छैन । तैपनि म त केही फरक पर्दैन भनेर घुम्न निस्केको ।'

'कृपया १० बजेसम्म हामीसँग कुराकानीमा रहन सक्नुहुन्छ ?'

'हुन्छ' अधिकांश नेतालाई भएजस्तो उसका लागि पनि टि.भी. एक आकर्षक भाँडो थियो, कतिसम्म भने सुरुसुरुका दिनमा ऊ टिभीमा अन्तर्वार्ता दिने अभ्यास घरका भित्ता हेरेरसम्म गर्ने गर्दथ्यो । ऊ मख्ख पऱ्यो तर एकैछिन मात्र किनभने तुरुन्तै उसले सम्झ्यो - मन्त्री हुनुपूर्व उसको अवस्था दयनीय थियो, वर्षौं जागिर खोज्दै हिँड्दा पनि भेटिएन, व्यापार गर्न लगानी थिएन केही गरुँ हातमा विशेष कुनै सीप थिएन । सधैं घरमा कचकच कलह । एकदिन लहैलहैमा जुलुसमा हिँडेको बेला दैवको खेला त्यसैदिन पुलिसको मुठभेडमा परेपछि एकाएक उसको नाउँ चर्चामा आयो ।

यसपछिको कथा उतारचढाव निकै लामो र विस्मयपूर्ण छ तर निष्कर्षमा भनौं भाग्यले उसलाई भूपू मन्त्रीसम्म बनायो किनभने त्यसबेलाको मिलीजुली सरकारमा एक सांसदको मूल्य निकै महँगो हुने गर्दथ्यो ।

'ओहो ! माफ गर्नुहोला जरूरी काम सम्झेँ, म हिँडे है अहिले' उसको पजेरो जवाफसम्म नपर्खेर धुलो उडाउँदै हुइँकियो ।

यसपछि प्रत्यक्ष प्रसारण गरिरहेको क्यामरा एकजना व्यापारीतिर तेर्सियो । 'ओहो हनुमानदासज्यू नमस्कार, एकछिन कुराकानी गरौँ है ?'

'अरे, भइहाल्छ नि !' उसले पानको असरले कालाम्मे भएका दाँत देखायो ।

'आज धेरै मान्छेहरू पनि पूर्वावस्थामा फर्किने हल्ला छ, तपाईंको विचारमा नि ?'

'कुरा के छ कि .........' कुरा के छ उसले भनेन । ऊ भासियो विगतको गर्तमा - एउटा लोटा र गम्छाको साथ, सडकको बास । घोषित अघोषित धन्दा पार्टीलाई चन्दा । बैङ्कको ऋण र कालो सूची, एल्.सी. को कथा, एकहातले देना दुई हातले लेना ।

निधारमा चिटचिट पसिना आयो, ब्लडप्रेसर बढ्लाजस्तो भयो, उसले रिङ् नबजेको मोबाइल सुनेजस्तो गऱ्यो । हातले बाइबाई इशारा गरेर हुइँकिहाल्यो । अलिपर पुगेर उसले फर्केर हेर्दा क्यामराको तोप अर्कैतिर सोझिएको देखेपछि उसलाई हाँसो उठ्यो ।

१0 बज्नुअघि धेरैले सम्झे आफ्नो विगत ।

नेताले गाउँ सम्झ्यो, घिउ बेचेर गुजारा गरेको दिन सम्झ्यो, पहाडको जेठी स्वास्नी डल्लीलाई सम्झ्यो, सम्झ्यो दुःख गरेर हुर्काउने, पढाउने सरल निष्पाप वा आमा ।

प्रशासकले विद्यार्थी बेलाको भोक सम्झ्यो, महिनावारी भात खाएको, बाँकी तिर्न नसकेर हिँडेको घुमाउरो बाटो सम्झ्यो र सम्झ्यो घरबेटीको रातभरि बत्ती नबाल्ने चेतावनी ।

ड्राइभरले खलासी हुँदाको दुःख सम्झ्यो । वृद्धले जवानी सम्झ्यो । भनीसाध्य छैन धेरैले धेरै सम्झे- मानौँ समय नोस्टालजियाको वृत्ताकारमा परिक्रमा गरिरहेछ सबैलाई आफूसँगै हिँडाएर ।

□ □ □

अन्ततः १0 बज्यो, प्रतीक्षाको घडी सकियो । हिँड्दाहिँड्दैका मानिसहरू परिवर्तन भए, भौगोलिक स्वरूप पनि परिवर्तन भयो ।

सफा कञ्चन बाग्मती, शुभ्र हिमालहरूको मनोरम दृश्य, मन्दिरैमन्दिरहरूले सुसज्जित काठमाडौँ, गुञ्जिरहेका लोकभाका, उत्कृष्ट मौलिक कला र हरियालीले गर्दा उपत्यका एक पुण्यभूमि, देवभूमिजस्तो देखियो । र देखियो- खर्पनमा तरकारी बोकेर हिँडिरहेका ज्यापूहरूको ओठओठमा बिहानजस्तो मुस्कान ।

तर सबै कुरा राम्रैमात्र देखिएन । वातावरण एकतमासको त्रासमय, कौतुहलपूर्ण र अनुमान गर्न नसकिने किसिमको भयो ।

- ❖ गाडीमा चढिरहेको एकजना चर्चित भ्रष्टाचारीमा र पजेरो 'कालो धनमा' परिणत भयो ।
- ❖ एकजना वंशज नेपाली विदेशी नागरिकमा परिणत भयो ।
- ❖ काठमाडौँको एउटा भव्य महल 'लागू पदार्थ' मा बदलियो ।
- ❖ एउटा नेपाली चलचित्र हिन्दी सिनेमामा परिणत भयो ।
- ❖ एकजना शिक्षक दलालमा फेरियो ।
- ❖ एकजना सांसद गरिबमा परिणत भयो ।

प्रायः धेरै जनता भोटमा परिणत भए ।

धेरैधेरै परिवर्तन भएपछि मानिसहरूबीच अन्योलको सिर्जना भयो । को के हो, कुन कस्तो हो खुट्याउन नसकिने अवस्थाले भ्रमको सिर्जना गऱ्यो र जनजीवन अस्तव्यस्त होला जस्तो भएपछि आकस्मिकरूपमा सर्वदलीय बैठक बस्यो ।

'क' भन्ने पार्टीले भन्यो- 'यसका केही राम्रा पक्ष छन् केही नराम्रा, त्यसैले यसको समर्थन र विरोध दुवै गर्नु उपयुक्त होला । भोलि आधा दिन विरोध जुलुस निकाल्ने त्यसपछि विजयोत्सव ! यसले गर्दा सबै पक्षलाई समेट्न सकिन्छ ।

'ख' पार्टीले भन्यो- 'लोकतन्त्रमा जनता नै मालिक हुन् त्यसैले उनीहरूको जे निर्णय हुन्छ, हाम्रो पार्टीको पनि त्यही सिद्धान्त हुनेछ ।'

'ग' ले भन्यो- 'एकपल्ट छिमेकी देशसँग सम्पर्क र सरसल्लाह गरेर निर्णय लिनु राम्रो हुन्छ ।'

एकमत हुन सकेन र वादविवाद चर्केर हात हालाहालको स्थिति भयो । त्यसैबेला एकजना सहभागीको

मोबाइल फोनको घण्टी बज्यो 'हैन, हाम्रो कुरा मिलिसक्यो, खालि कुन मोडालिटीमा जाने भन्ने कुरा हुँदैछ ।'

उसले यसो भनेपछि एफ्. एम्. हरूमा भटाभट घण्टे समाचार आउन थाले । बैठक निष्कर्षमा पुग्न नसकेर बहसमा अल्झिरहको थियो । त्यसैबेला सुरक्षा प्रमुख हस्याङफस्याङ् गर्दै आफूतिर आइरहेको देखेपछि सबैजना आत्तिए ।

'हैन कु त भएन ?' एकजनाले भन्यो ।

'कु' को आशङ्काले सबैजनालाई 'लु' लागेजस्तो भएर होसहवासै हरायो ।

'पन्ध हजार मानिसको विशाल जुलुसले काठमाडौंका मुख्य स्थानहरू घेरेको छ, ट्राफिक पूरै जाम भइसक्यो, सुरक्षा व्यवस्था जटिल भइसक्यो । निकै अप्ठ्यारो स्थिति छ ।' उसका ओठमुख सुकेका थिए ।

'हैन को हुन् उनीहरू ? उनीहरूको माग के छ?'

'ती विगतको द्वन्द्वमा मारिएका दुवैतर्फका जनता रे, र उनीहरूको माग पनि निकै जटिल छ ।'

'के हो त्यस्तो माग ?'

'मारिएका मानिसहरू अहिले जिउँदो भएका छन् र यही अवस्थामै उनीहरू स्वतः स्थायी हुनुपर्‍यो रे तर उनीहरू निकै शान्त छन्, तोडफोड, आगजनी केही भएको छैन र पनि छिट्टै समाधान नभए एकैछिनमा विकराल स्थिति उत्पन्न हुनसक्ने सम्भावना छ हजुर ।'

सबै सोचमग्न भए, आआफ्ना राय प्रस्तुत भए र अन्ततः सर्वदलीय बैठकले उनीहरूसँग वार्ता गर्ने निधो गर्‍यो । उनीहरूका केही प्रतिनिधिहरू र यताका केही प्रतिनिधिबीच गम्भीर छलफल भयो । सरकारी पक्षले मृत मानिसलाई जिउँदो मानिसमा स्थायी गर्न नसकिने र यो माग प्राकृतिक नियमविरुद्ध भएको अडान राख्यो ।

'त्यसो भए एउटा विकल्प छ ।' उनीहरूले भने । 'पन्ध हजार सपनाहरू पूरा गर्ने' एकैछिन अघिको उत्सुकता निराशामा बदलियो सरकारी टोलीको । पन्ध हजार सपना पूरा गर्नु निश्चय नै कठिन होइन असम्भव नै थियो ।

'हैन यसको सजिलो उपाय छ ।' धर्ना पक्षधर प्रतिनिधिले नजिकै रहेको बोर्डमा लेख्यो, सम्भवतः रूखमा झुण्ड्याएर मारिनुअघि ऊ शिक्षक थियो ।

$H_2+O$ = पानी

अथवा १+१+१+१... सपना (पन्ध हजार सपना) समृद्ध नेपाल ।

अब भने सहमतिको सम्भावना देखियो । नयाँ नेपालको परिभाषा केही अमूर्त भए तापनि स्वतन्त्रता, समानता, समावेशीकरण, कानुनको शासन, आर्थिक समृद्धि, न्यायपूर्ण समाज आदि बुँदाहरूमा एकमत भएपछि सबैले हात मिलाएको दृश्य प्रत्यक्ष प्रसारण गरियो ।

पाँच बज्न केही समय बाँकी थियो । सहमतिले सबै प्रफुल्ल देखिन्थे । सहिदगेट गएर श्रद्धाञ्जलि अर्पण गर्ने, नयाँ नेपालको अठोट गर्ने प्रस्ताव पारित भयो । त्यसैबेला एकजनाले प्रस्ताव राख्यो 'चिल्ला कारमा गएर हैन, पैदल नै जाने तर माल्यार्पण चाहिँ सबै एफ्.एम्. रेडियो र टिभीबाट प्रत्यक्ष प्रसारण गर्ने ! यसले जनतामा एक राम्रो मेसेज जानेछ । राष्ट्रनिर्माणमा सबैले आ-आफ्नो भूमिका महसुस पनि गर्नेछन् ।'

'राम्रो विचार !' सबैले एकमतले समर्थन गरे ।

सबैजना सहिदगेटतिर लागे । सबैका आँखामा एकप्रकारको चमक, मनमा एक अठोट र उत्साह थियो । कम्ती आउँदा सन्ततिमा एक समृद्ध नेपाल सुम्पिन सकिने भयो भनेर सबै आल्हादित देखिन्थे । अबीर मालाको व्यवस्था गरियो, वरिपरि प्रत्यक्ष प्रसारणका लागि क्यामरा तयार गरियो, छेउमा एफ्.एम्. र रेडियोका संवाददातासमेत तयारी अवस्थामा थिए । फूलको माला चढाइयो र अबीर अर्पण गरियो सहिदहरूलाई । सबैले हावामा मुठ्ठी उठाएर प्रतिज्ञा गर्दैगर्दा पाँच बज्यो ।

□ □ □

पन्ध हजारको जुलुस गायब भयो एक्कासि । पाँच बज्नासाथ सबै पूर्वावस्थामा फर्किए अचानक । भौतिक मानवीय सबै स्वरूप परिवर्तन भए । तर अचम्म जुलुसको पछिपछि आएको एकजना मानिस उस्तै रहिरहेपछि क्यामराहरू उतै तेर्सिए क्लोज अप लिन । दुब्लो मरन्च्याँसे मान्छे, खुम्चिएको अनुहार, निस्तेज आँखा, ठाउँठाउँमै च्यातिएका, टालिएका मैला कपडा, झुस्स दारी, निधारमा पसिनाको टाटो । बस्, त्यत्रो हजारौंको जुलुसमा नफेरिने ऊमात्र थियो एकजना !

'तपाईंको परिचय ?' पत्रकारहरूले घेरे ।

'म साधारण जनता हजुर !' ऊ सुस्तरी बोल्यो ।

तपाईं एकजना मात्रै फेरिनु भएन हजारौंमा, साँच्चि को हो तपाईं ?'

'म एकजना गरिब हुँ ।' क्यामराहरूले क्लोजअप लिइरहेका थिए । माइकैमाइकले घेरिएको थियो ऊ ।


"उस्तै छु म किनभने पहिले पनि म गरिब थिएँ र अहिले पनि । ममात्रै होइन मेरो बा र बाजे पनि गरिब नै थिए हजुर । अन्न उब्जनी, रोजगारी, शिक्षा, विकास केही छैन त्यो दुर्गम गाउँमा, म त ओखती गर्न आएको राजधानीमा" ।

वातावरण एकतमासको विषादपूर्ण र करुणामय भयो । सबैजना स्तब्ध भए । योजनाकारहरू, प्रशासनविद्, राजनीतिज्ञ, समाजसेवी सबैसबैको बोली हरायो ।

पन्ध्र हजारमा फेरि एक सपना थपियो । तर यो सपनाको रङ पनि पन्ध्र हजार सपनासँगै मिल्दथ्यो । पन्ध्रहजार मानिस अदृश्य भए पनि हावामा कताकता एक नारा, एक गुञ्जन, एक समवेत स्वर गुञ्जिरहेको थियो 'समृद्ध नेपाल' ।

पाँच बजिसकेको थियो र स्थिति सामान्य रहेकोले मानिसहरू आ-आफ्नो घर फर्किरहेका थिए । ❖

# गीत



आफ्नो भागमा जति पर्छ
पोल्टाभरि जे हुन्छ
त्यही सातु सामल मीठो
अरू बाँकी के हुन्छ ?

पसारेर लामु हात झुक्याएर न्यानो साथ
कैंची मार्‍यो अरूलाई देखाएर खालि हात

हीरा चोरी घरमा आउँदा
साँझ आखिर भातै खान्छ
माना खान मुरी पाप
गर्दै मान्छे अघि बढ्छ ।

यो पुगेन त्यो पुगेन यस्को यति उस्को यति
थोरै भन्या हुँदै नभा' धेरै भन्या कति कति

दुवै हातले सोहोरे नि
आखिर एकै हातले खान्छ
भोलिलाई जोर्छ एउटा
अर्को आज भोकै मर्छ ।



नवराज लम्साल

लघुकथा

# पित्तलको साँचो

सिकिस्त बिमारी बाबु इन्तु न चिन्तु अस्पतालको बिछ्यौनामा पल्टिरहेको थियो । उसमा बल्झिएका रोगहरू देख्दा लाग्दथ्यो उसमा भिन्न-भिन्न समयमा बल्झिने भिन्न-भिन्न रोगले एकैचोटी भेट हुने सल्लाह गरेछन् । बिमारीको अवस्था सोध्दा डाक्टरको जवाफ हुन्थ्यो हेरौं दैवको इच्छा के छ ?

बिरामीका छोराहरू बाबुलाई केही हुँदाको परिस्थितिमा आमाको उमेर अवस्था, घरव्यवहारमा परिपक्व नभई सकेको आफूहरूको उमेर, पढ्दै र बढ्दै गरेकी बहिनी, फर्स्याउन बाँकी बल्झिएका घर व्यवहारमा चिन्तित थिए । उमेरले दुई भाइको चिन्ताको घनत्व र गहिराइमा फरक थियो होला तर मात्रामा फरक खोज्नु भाइलाई अन्याय हुन्थ्यो ।

तर पित्तलको साँचो खल्तीमा भित्रिएपछि कान्छो छोरा आफैमा मात्रै हराइरहेको हुन्थ्यो । बेला बेला विनाप्रसङ्ग एक्लै हाँस्दथ्यो । त्यसरी एक्लै हाँस्दै गरेको बेला ऊ मोटरसाइकल, केटी साथी, पार्क, रेस्टुराँ घुमफिरका भावी योजनामा हराइरहेको हुन्थ्यो । यस्तो योजना निर्माणको समयमा बेला बेला उसको नजर बाबुका अनुहारमा पनि दौडिरहन्थ्यो ।

□ □ □

केही दिन पहिलेको कुरा, यही अस्पतालमै बाबुले जेठालाई फलफूल किन्न बाहिर पठाएर उसको मायालु कान्छो छोरालाई नजिकै बोलाएको थियो । अनि पहिले उसको टाउको मुसारेको थियो, गाला सुम्सुम्याएको थियो, छोराको शिर आफ्नो छातीमा टाँसेको थियो र भक्कानो फोरेर रोएका थियो । बाबुसँगै छोरो पनि रोएका थियो, बाबुले छोराका आँसु पुछेको थियो, छोराले बाबुका आँसु पुछेको थियो ।

"बाबू !" त्यसपछि बाबुले मायालु स्वरमा भनेका थियो ।

कान्छो छोराले पनि मायालु पारामै भनेको थियो "हजुर बुबा ।"

छोरालाई एउटा पित्तले साँचो दिँदै बाबुले भनेको थियो "बाबु अब म धेरै बाँच्दिन जस्तो लाग्छ, बुइँगलमा एउटा बाकस छ, त्यसमा केही तोला सुन र केही लाख रुपैयाँ छन्, मैले तिम्रा लागि साँचेर राखेको । अब म धेरै बाँच्दिन जस्तो लाग्छ बाबू ।" त्यसपछि ऊ अरू बोल्न सकेको थिएन, बरु घोप्टो परेर मायालाग्दो गरी रोएको थियो । छोराले पित्तलको साँचो खल्तीमा राख्दै बाबु सँगसँगै सकी नसकी घुँक्क घुँक्क गर्दैथियो ।

यता पित्तले साँचोबाट बेखबर जेठो छोरा बाबुको सेवाबाट बेफुर्सद थियो ।



गोरख ब. सिंह

# नयाँ राष्ट्रगान


व्याकुल माइला

आधुनिक नेपाली साहित्यको विकासमा एउटा कोशेढुङ्गा बनेर रहेको *शारदा* को पुनः प्रकाशनले नेपाली साहित्य जगतमा खुशीको तरङ्ग सिर्जना गरेको छ । यसमा *प्रस्तावित राष्ट्रगानको रचनागर्भ* बारे केही शब्द लेख्न बस्दा मलाई अत्यन्त खुशी लागेको छ ।

म चमत्कारिक व्यक्तित्व भएको मान्छे होइन ता कि दुनियाँलाई रातारात चकित पार्न सकूँ । म एक आमनेपाली नागरिक हुँ, यही धरातलमा रहन चाहन्छु । सायद अस्तित्ववादी सोचकै कारणले होला साहित्यप्रति अधिक मोह र झुकाव राखेर विशेषगरी कविता, गीत, गजल, निबन्ध आदि विधामा थोरबहुत कलम चलाउने गर्छु । म भन्दिनँ कि मैले समाज र राष्ट्रलाई ठूलो योगदान दिइसकेको छु । बरु राष्ट्रमा आज जुन माया र लोकप्रियता पाएको छु, त्यसले 'केही गर्नुपर्छ' भन्ने कर्तव्यबोधलाई अझ तीव्र पारिदिएको छ ।

खुलस्त भन्नुपर्दा जीवनको यो मोडसम्म आइपुग्दा पनि अभाव र सङ्घर्ष उतिकै भोगिँदैछ । तथापि निकै महत्त्वपूर्ण युगमा जन्मिन पाएकोमा मलाई यो युगप्रति गौरव लाग्छ । मुलुकमा भएका महत्त्वपूर्ण राजनीतिक परिवर्तनहरू; ०४६ सालको जनान्दोलन, ११ वर्षे जनयुद्ध र जनान्दोलन - २ लगायतका महान् घटनाहरूले नै हाम्रो पुस्तालाई बढी परिवर्तनशील स्वभावको बनाएको हुनुपर्दछ भन्ने मलाई लाग्दछ । यस प्रसङ्गमा ०४६ सालको जनान्दोलनका लागि ओखलढुङ्गा जिल्ला लगिएका पर्चा, पम्पप्लेट सुनकोसीपारि तार्ने आफ्नो सौभाग्यप्रति म गर्व गर्छु । यसै सिलसिलामा मानवअधिकारकर्मी एक कार्यकर्ताको हैसियतबाट ११ वर्षे जनयुद्धलाई पनि नजिकबाट आत्मसात् गर्ने सुअवसर पनि मैले पाएँ । जसअनुसार प्रतिगमनविरुद्धको आन्दोलनमा सुरुदेखि नै मेरो संलग्नता रहनु स्वभाविक थियो । यो स्वाभाविकता यसकारण पनि कि गतिशील समयले सिर्जना गरेको

परिवर्तनको शक्ति अजय हुन्छ भन्ने म सोच्ने गर्छु । प्रस्तावित नयाँ राष्ट्रगान हाम्रो साझा प्रयास र बलिदानबाट भएको परिवर्तनकै ठोस परिणाम हो । यस अर्थमा यो हाम्रो साझा उपलब्धि हो र साथ साथै त्यसको चुनौती पनि साझा । एक्लो व्याकुल माइला आफैंमा केही पनि होइन । तथापि यतिखेर म आदिवासी जनजाति आन्दोलनमा समेत सक्रिय सहभागी छु ।

जनयुद्धको दौरानमा माओवादीले गाउँघरका स्कुलमा पुरानो राष्ट्रगान गाउन नदिइएको खबर सुनेपछि नयाँ राष्ट्रगान चाहिने रहेछ भन्ने कुरामा सहमत थिएँ । तर, आफूले पनि राष्ट्रगान लेख्न पाइएला भन्नेचाहिँ कमै सोचेको थिएँ । पछि, यही जनयुद्धको पृष्ठभूमि र ऐतिहासिक जनान्दोलन-२ को जनादेशबाट नै नयाँ राष्ट्रगानको खोजी कार्य भयो ।

नयाँ राष्ट्रगान चयनको लागि सरकारद्वारा कार्यदल गठन भइसकेपछि यसप्रति चासो राखेर राष्ट्रगान सम्बन्धमा प्रकाशित लेखहरूको कटिङ राखी राखी पढैं । तर, पुरानै कुनै राष्ट्रिय गीतलाई चयन गरिएला या पुरानो पुस्ताका स्वनामधन्यहरूको छानिएला भन्ने लागेर त्यतिखेर मैले राष्ट्रगान लेखेर पेस गरिनँ । कार्यदलबाट भएका विभिन्न अन्तरक्रियाहरूका कारण पुस्ता, जाति, वर्ग, आस्था आदि पक्षलाई नहेरी सिर्जनाको स्तरलाई आधार मानेर निष्पक्ष र पूर्वाग्रहरहित तवरले छनौट गरिन्छ भन्ने कुरा बुझेपछि, बल्ल गहिरिएर लेख्न थालें ।

गीत आत्मपरक विधा हो तर मैले यो राष्ट्रगान लेख्दा वस्तुपरक हुने प्रयास गरें जसमा म सहभागी भएका आन्दोलनहरू र जनयुद्धको भावनालाई समेट्ने कोसिस गरें ।

राष्ट्रगान राष्ट्रनिर्माणको लागि हो । आत्मनिर्णयको सवाल उठाउँदा विखण्डनकारीको आक्षेप लाग्ने गरेको भए पनि आदिवासी/जनजाति आन्दोलन राष्ट्रनिर्माणको पक्षपाती हो । त्यसैगरी जनयुद्ध पनि पुरानो सामन्ती राज्य संरचनाको विरुद्धमा हो, राज्य फुटाउन होइन । यसकारण नेपालीबीच एकता र अपनत्वको भावना बढाउनका लागि नै नयाँ राष्ट्रगान चाहिएको हो भन्ने लाग्यो । मेरो विवेकले भ्याएसम्म यही तथ्यलाई आधारभूमि बनाएर एउटा राष्ट्रगान लेखें र पेस गरें ।

नेपाली गीति साहित्यको स्तर वृद्धिको लागि विधागत इमानदारिता हुनुपर्छ भन्ने मान्यता राख्ने व्यक्ति भएकोले यो राष्ट्रगान लेख्दा मैले निकै मिहिनेत गरें । त्यो मिहिनेतमा राष्ट्रगानको गरिमालाई अनुभूत गरिएको मेरो ठूलो धैर्यसमेत मिसिएको थियो । त्यो राष्ट्रगान लेख्ने क्रममा एकजना गीतकार एवं गजलकार दाइले दशवटा पेस गर्नू त्यसमध्ये एउटा कसो नपर्ला भन्नुभएथ्यो तर एउटैमा सारा भावहरू सघन र सरल रूपमा व्यक्त गर्न मैले मुनासिब ठानें ।

आफू कानुनको विद्यार्थीसमेत भएको हैसियतले कानुनमा संविधान, ऐन, नियम, विनियम आदि हाँगाबिँगा भएझैं राष्ट्रिय गीतमा पनि अनेक आयाम र भँगालाहरू भएको महसुस गरें । त्यसमध्ये राष्ट्रगान संविधानको प्रस्तावनाजस्तो लाग्यो । जहाँ कथ्य र स्तरीय भाषामा सन्तुलनपूर्वक शब्दहरूलाई प्रयोग गरी धेरै कुरा भन्नुपर्ने तर सीमाभित्र रहेर । कुनै पनि अतिवादबाट बँचेर सहजरूपले राष्ट्रप्रेमलाई उजागर गर्नुपर्ने कर्तव्यप्रेरित सुखद बाध्यता थियो त्यहाँ । साइकलमा गुड्दा होस्, बिहान उठ्दा होस् या राष्ट्रगानै लेख्न बस्दा होस्, धेरै भाव र शब्दहरू कथेको थिएँ । तर, परिमार्जन गर्दैलग्दा यस रूपमा हुन आयो । अझै पनि यो राष्ट्रगानको यही नै अन्तिम रूप हो भन्दिनँ म । यसका लागि अमूल्य सुझावहरूलाई समायोजन गर्नुपर्ने आवश्यकता मैले देखेको छु ।

*सयौं थुँगा फूलका हामी एउटै माला नेपाली*
*सार्वभौम भई फैलिएका मेची-महाकाली ।*
*प्रकृतिका कोटीकोटी सम्पदाको आँचल*
*वीरहरूका रगतले स्वतन्त्र र अटल*
*ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल*
*अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल*
*बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल*
*अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।*

# बोटको अधूरो छाया





नवराज सुब्बा

यति धेरै अम्बकहरू
किन एकैसाथ
लटरम्म फल्छ हँ ?
न म सबै एक्लै टिप्न सक्छु
न म यी सबै एक्लै खाइसक्छु
कोठेबारी अर्थात् यो बोटमा
मलाई मात्र पुग्ने
अम्बक पाक्नु पर्दथ्यो

क-कसलाई बाँड्नु ?
बोटलाई थाहा हुनुपर्ने हो
बोट म एक्लैले रोपेको थिएँ
मैले नै स्याहारेको थिएँ बोट
यसैले फल खाने मान्छे
यहाँ केवल म मात्र छु ।

बोटको फेदमा बसेर
सायद म यसरी सोच्दैछु
आज मेरो देश अम्बकको बोटझैँ
सबैलाई पुग्नेगरी नै फुल्छ फल्छ
तर यी दरिद्र मनहरू
कसैलाई बाँड्नै खोज्दैनन्
सबैलाई पुऱ्याउनै सक्दैनन्
खै, किन हो बोटको मनसित मिलेन हाम्रो मन !
मनहरू आज जताततै फाटेको छ
भोको छायामाथि लटरम्म बोटै रोएको छ

नहान जोर लात्ती छातीमा
आज देश जहाँ छामे पनि साह्रै दुखेको छ ।

❖

# सीता एयर

## सफलतापूर्वक चौथो वर्ष पार गर्दै

## पाँचौ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा

## सीता एयर प्रति हामी

## हार्दिक वधाई ज्ञापन गर्दछौं ।

***शारदा* परिवार**

### साझा प्रकाशनबाट ०६२ सालमा प्रकाशित केही पुस्तकहरू:

| | | | |
|---|---|---|---|
| १. असिनाभूत | बालकथा | विमल भौकाजी | ३५।- |
| २. एउटा गन्तव्यको खोजिमा | कविता | विश्वविमोहन श्रेष्ठ | ७९।- |
| ३. एक्लो एकान्त | कविता | अशेष मल्ल | ११६।- |
| ४. गार्गीको गाँठो | निबन्ध | डा. माधवप्रसाद पोखरेल | १२९।- |
| ५. द्रव्यगुण विज्ञान | आयुर्वेद | श्यामममणि अधिकारी | ३६८।- |
| ६. धरहराको सहर | कथा | प्रदीप नेपाल | ८१।- |
| ७. नेपाली लोकगीतको झलक | लोकसाहित्य | सुवि शाह | १७७।- |
| ८. महिला समालोचक र समालोचना | समालोचना | सुधा त्रिपाठी | २६३।- |
| ९. राधा | उपन्यास | कृष्ण धरावासी | २१५।- |
| १०.सधैँभरि लुकामारी | बालकविता | प्रमोद प्रधान | २५।- |

**साझा प्रकाशन**

केन्द्रीय कार्यालय, पुलचोक, ललितपुर

फोन: ५५२२१३२, ५५२१११८, ५५२१०२३

फ्याक्स: ५५४४२३६, इमेल : Sajhap@wlink.com.np



**परम्परागत धारबाट अलग्गै हटेर स्वच्छन्द शैलीमार्फत नेपाली कवितालाई उँचो स्थानमा पुऱ्याउने कवि-साधक मोहन कोइरालाको ८० वर्षको उमेरमा फागुन १० गते देहावसान भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं ।**

***शारदा* परिवार**

# मष्टोका धामीसँग साक्षात्कार



सत्यमोहन जोशी

मष्टो' भन्नाले एक ग्रामीण देवताको नाम हो भन्ने बुझाउँछ । मष्टोको कुनै खास मूर्ति हुँदैन । मष्टोको प्रतिनिधित्व धामीले गर्दछ । जनसमाजमा अधिपछि धामी एक साधारण मान्छे नै भए पनि, उसमा मष्टो देवता चढ्दा (प्रवेश गर्दा) उसले एक अवतारी दैवी पुरुषको रूप धारण गर्दछ र मष्टोकै प्रतिनिधित्व गरेर पतुर्न (बक्न) थाल्छ । त्यसबेला गाउँघरमा मानिसहरू मष्टो देवता चढेको धामीमा अगाध श्रद्धा र विश्वास राख्छन् ।

हाम्रो देश नेपालको सुदूर पश्चिमाञ्चलमा भेरी, सेती, कर्णाली, महाकाली आदि अञ्चलका पाखा पखेरो र उपत्यकाहरूमा मष्टोको मान्यता र प्रभुत्व सर्वोपरि छ । यी अञ्चलहरूमा जुनसुकै भेकमा पनि ग्रामीण देवताहरूको क्रममा सर्वेसर्वा तत्वचाहिं 'मष्टो' नै भएको छ । मष्टोलाई 'मैथो' पनि भनिन्छ । मष्टोलाई (मष्टोदेवता चढेका धामीलाई) गोसाइँ, गोसाइँ नारान पनि भनिन्छ ।

२०२७ साल जेठ महिनातिरको कुरो हो । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको तत्त्वावधानमा सुदूरपश्चिमाञ्चलको दुर्गम क्षेत्र कर्णाली अञ्चलमा नेपाली भाषाको व्युत्पति थलो कहलिएको सिंजाखोला उपत्यकामा लोकसंस्कृति सर्वेक्षण गर्नखातिर पाँच (सत्यमोहन जोशी, स्थिरजंगबहादुर सिंह, विहारीकृष्ण श्रेष्ठ, डा. चूडामणि बन्धु र प्रदीप रिमाल) जना अन्वेषकहरूको एक टोली पठाएको थियो । त्यस टोलीले मष्टोका धामीसँग साक्षात्कार गरेको एक सङ्क्षिप्त विवरण यसप्रकार छ ।

हामीहरू जुमला खलङ्गा बजार छोडी तिलानदीको किनार किनार भई तातोपानी जर्मी गाउँमा बास बस्न आइपुग्यौं । तातोपानीको ठुलो मूल भएकोले यस ठाउँको नाउँ 'तातोपानी' को नामले प्रसिद्ध भएको रहेछ । यहाँको तातोपानीमा नुहाउन टाढा टाढाका मानिसहरू आउने रहेछन् । एक त यहाँ सधैं मेलाकै रूपमा मानिसहरू ओइरने रहेछन् । तर यहाँको मुख्य अर्को विशेषताचाहिं

'बाबिरा' मष्टो रहेछ । यो बाबिरा मष्टोको बनथलो तिलानदीपारि सुन्दरगाउँ (सुनार गाउँ, स्वर्ण ग्राम) को शिरानतिरको जङ्गलमा रहेछ । वारितिर रहेको जर्मी गाउँबाट पारितिर हेर्दा बाबिरा मष्टोको बनथलो लामो ढुङ्गेसिंढी र जुम्ली सल्लोको जङ्गलको र दृश्य ज्यादै राम्रो थियो । अनि बाबिरा मूल घरथलो पनि नजीकैको बाबिरा मष्टोको शाखाथलो रहेछ । हामी बसेको जर्मी गाउँमै पनि बाबिरा मष्टो रहेछ । त्यहाँ मष्टो रहेको घरको थाडामा (चेष्टो छानाको माझमा) २२ हाते लिङ्गो ठड्याइराखेको, त्यसको टुप्पामा चमर, घण्टा, ध्वजापताका झुण्ड्याइराखेको अनि सेतो पृष्ठभूमिमा बीचमा रातो धर्को भएको आलन (ध्वजा) फर्फराइराखेको थियो । थाडोको भागमा रहेको लिङ्गोको फेदमा काठ र ढुङ्गाका मूर्तिहरू थिए ।

बाविरा मष्टोको नाम लिनेबित्तिकै त्यहाँका चारपुस्ता अघिका मेदे धामीको कुरो चल्दोरहेछ । यिनी धामी मेदेले मृत्युबाट पनि बाँचेर पतुरेका थिए भन्ने चमत्कारपूर्ण किंवदन्ती रहेछ । त्यहाँ एकरात बास बस्दा गाउँलेहरूले हामीलाई बाविरा मष्टोको धेरै प्रभावकारी शक्तिहरूको कुरा सुनाए । मष्टोको परिचय लिने र अध्ययन गर्ने हामीहरूको आकाङ्क्षा झन् बढ्यो । हामीले जर्मी तातोपानी पञ्चायतका प्रधानपञ्चलाई मष्टो देखाउने अनुरोध गर्दा उनले सबै प्रबन्ध मिलाइदिए । उनले राती नै बाविरा गाउँका मूलधामी तुलाराम बूडाक्षेत्रीछेउ खबर पठाइदिए । यसो गर्नुको मुख्य मतलब त्यो धामीले धमेलोको निमित्त चोख्याएर आफ्नो विधिविधान बेलैमा गर्न पाउन् भन्नु हो । धामी देखाउनुको एउटा बनौटे कारणचाहिं "काठमाडौंबाट जुमला आएका मानिसहरूले आफ्नो घरतिर सञ्चो बिसञ्चो के कस्तो भैरहेछ सो कुरा धामीबाट बुझ्ने भन्ने बेहोराको थियो ।"

भोलिपल्ट बिहानदेखी जर्मी गाउँमा रमिता सुरु हुनथाल्यो । एक त एक कान दुई कान गर्दा गर्दै अघिल्लै दिन राती भोलि धमेलो हुने भन्ने कुरो गाउँघरमा फैलिसकेको थियो । हामीहरू तिलानदीको किनारमा रहेको तातोपानीको मूल धारामा नुहाइधुवाई गरी गाउँमा फर्किसक्दा त, तुलाराम धामी पनि नुहाइधुवाई गरी चोँख्याई आइसकेका रहेछन् । उनीसँग परिचय भयो । लगभग ५० वर्ष पुग्नलागेको मान्छे ठूलो फित्ता गुतेको, पटुका गे, ध्वाँसो रङको अनुहार भएको आखाँमा अलि प्रा परेको, जुँगाको मझौलो मुठ्ठा भएको मान्छे रहेछ । साधारणरूपले विचार गर्दा उनमा केही भिन्नता देखिएन । 'फलानो धामी' भ नलाई विशेष मान र ढोगभेट गरेको पनि देखिएन ।

हामी बसेको घरसँगै जोडिएको मुनितिरको बाविरा मष्टोको घरथलोमा डाङ्ग्रीले लिपपोत गरी पूजाआजाका सबै सरसामान तयार पारिसके भन्ने खबर आएपछि धामीकै साथमा हामीहरू त्यहाँ गयौं । हातखुट्टा धोई धामी थलोभित्र पसे र गादीको छेउमा बायाँतिर बसे । त्यसबेला डाङ्ग्री धूप बाल्नलागेका थिए, चोख्याएर बसेको हुनाले उनको ज्यूमा एक लँगौटी सिवाय अरू लुगा थिएन । धामीले चाहिँ तना फुकेको लाएका थिए ।

साँगुरो थलोमा मानिस भरिसकेका थिए । थलो बाहिरको खुल्ला थाडामा पनि मानिसहरू भरिसकेका थिए । हामीहरू थलोभित्रै गादीको सामुन्ने बसेका थियौं । हामी खावाको मार्फत सब कुरा सुन्थ्यौं ।

बाहिर दमाईहरूले ठूलठूला चार ढोलहरू बजाउन सुरु गरेपछि मष्टोस्थानको वातावरण नै अर्को भयो । गाउँलेहरूले धामीको सामुन्ने तीनखुट्टे आसनमा ठूलो हुक्का ठड्याउन ल्याए । जाजरकोटे बुट्टेनली हातमा लिई धामी तमाखु खानथाले । उनी कति पनि नबोलीकन बसे । थलोभित्र केन्द्रबिन्दु गरी जोडिएको लिङ्गोको फेदमा देउथलोमा देवताको प्रतीक भएको स्थानमा घण्टा, शङ्ख, रुद्राक्ष, काठका मूर्ति, चमर, राता ध्वजापताहरू, त्रिशूल, दियो, पाला, झलरी आदि छरिएका थिए । सञ्चो नभएकाहरू, भूतप्रेत लागेकाहरू, निःसन्तानहरू, मुद्दामामिला हुनेहरू, घर बनाउनेहरू, बिहेवारी भएकोमा जस दिन आउनेहरू (उपहार चढाउनेहरू), पानी माग्नेहरू (खेतीपातीलाई) पनि वरिपरि जम्मा भएका थिए ।

धामी एकाग्र भएर तमाखु तान्न लागे । यत्तिकैमा खावाले भने "देउता प्रसन्न भएमा आफैं आउँछ, अप्रसन्न भएमा नआउन पनि सक्छ ।" हामीहरू खावाको कुरामा विश्वस्त भई धामीकै मुख ताकेर बस्न लाग्यौं । उता मुग्लेरीहरू (मागल गीत गाउनेहरू) ले मष्टोलाई आह्वान

गर्दै सुरिलो भाकामा चुट्किला मागल गीतको सामूहिक स्वर गुञ्जायमान गर्न लागे ।

*गाब्या र आलन तोड गोसाइँ चढाऊँ*
*दे गोसाइँ चलेर आऊ ।*

(रातो र सेता कपडा भएको ध्वजा तपाईं मष्टो देवतालाई चढाउँला । हे मष्टो देवता, तपाईं प्रकट भएर आउनुहोस्)

*भोटबाट आयो गङ्गा जमुना*
*किनारो लागला ठाउँ*
*सुनका मुरती तुही मष्टा चढाउँला*
*दे गोसाइँ चलेर आऊ*
*शङ्ख र घण्ट तुही मष्टा चढाउँला*
*दे गोसाइँ चलेर आऊ*
*ज्वला र भुकूर तुही मष्टा चढाउँला*
*दे गोसाइँ चलेर आऊ*
*पञ्च र कलश तुही मष्टा चढाउँला*
*दे गोसाइँ चलेर आऊ ।*

हिमालबाट निस्की, भोटको बाटो गरी, तल बगी आउने कर्णाली नदी सस्तै पानी भएर मैदानमा सम्म भएर बग्न थाल्छ । तपाईं मष्टा देवतालाई सुनको मूर्ति बनाएर चढाऔंला, तपाईं मष्टा देवता साक्षात्कार (धामीमा प्रवेश गरी पतुर्न, बोल्ने र बक्ने) भएर देखा पर्नुहोस् ।

तपाईं मष्टो देवता प्रकट भएर आउनुभो भने, हामीहरू तपाईंलाई शङ्ख र घण्टा चढाऔंला, सुन चाँदी र बाजा चढाऔंला, पञ्चकलशहरू चढाऔंला ।

मष्टो देवतालाई यसरी आह्वान गर्दा अर्थात् साधना गर्दा अनगिन्ती लोकगीतका चुट्किला उद्गारहरू खोलानाला पहरा नै घन्किने गरेर निस्किरहन्छन् ।

अनि, हेर्दाहेर्दैमा धामी काम्न लागे । उनको टाउको हल्लिन थाल्यो । उनका दुवै आँखा रसाउँदै आए । आँशुका दाना झर्ला झर्ला जस्तो देखियो । धामी तमाखु तान्न नसकिने अवस्थामा देखा परे । उनी माथितिर हेर्न थाले । अब उनको आङ पनि काम्न थाल्यो । अब उनी अडीअडी तमाखु तान्न लागे । उनको मुखाकृति बदलिँदै गयो । उनका खुट्टाका फिलाका मासु बेसरी हल्लिन थाल्यो ।

सबैको दृष्टि धामीमै केन्द्रित भयो । सबैले देउता चल्न लागेको लक्षण अड्कल गर्न थाले । खावाले ठूलो स्वर गरी बाहिर बाजा बजाउन लागेका दमाईहरूलाई भने 'लौ अब देउता चल्ने बाजा बजाऊ ।" दमाहा बाजाले तिलानदीका बारिपरिका पहराहरू नै थर्काए । यत्तिकैमा धामी बुर्लुक्क उफ्रेर गादी (उच्चासन) मा बसे । बिन्तीभाव गरी सबजना एकै स्वरले "गोसाइँ नारान" भन्दै धामीतिर श्रद्धा भक्तिले झुक्न थाले, आशीर्वाद माग्न थाले । त्यसबेला मुग्लेरीहरू र भक्तजनहरू मष्टो देवता धामीमा प्रवेश गरेको चाल पाउनेबित्तिकै यसरी गाउन थाले-

*चल्यो गोसाइँ मुसौटाय*
*मेदिनी हल्लायो*
*हल्लखल्ल पाऱ्यो ।*

(अर्थात् हेर हेर मष्टोदेवता चढेका धामी काम्न थाले, पतुर्न (बक्न, बोल्न) लागे, मष्टा थानका ध्वजा पताका समेत हल्लिन थाले र मष्टोथानका भूतप्रेतहरू हल्लीखल्लीमा पर्नथाले ।)

*आफू गोसाइँ मुसौटाय*
*सिंहासन राज भयो*
*लायल पटमुनि खेल ।*
*पटमुनि खेलू लाया*
*क्यौ क्यौ बरु दिन्ना*
*लायल पटमुनि खेल ।*
*निपुत्यलाई पुत दिन्न*
*निर्धनलाई धन दिन्ना*
*लायल पटमुनि खेल ।*

(अर्थात् तपाईं मष्टोदेवता प्रकट हुनुभयो र गादीमा बस्नुभयो । अब देउताको चौथारो (चौतारी)मा रमिता हुन लाग्यो । यसरी चैतारीमा खेल लाएपछि, मष्टा देवताले (मष्टो देवता चढेका धामीले) वरदान दिन्छन् जस्तो अपुतोलाई छोरो, गरिबलाई धनको पोकों)

एवं रीतको जनभावना र आकाङ्क्षामा मष्टो देवताको साक्षात्कार धामीमा देखा परेपछि धामीले अक्षता छर्दै हँ हँ हँ हँ गरी पडेली (एक किसिमको सवाईजस्तो भाकामा, नबुझिने भाषामा बोल्ने) पतुर्न थाले । खावा-दोभाषेलेसम्म पडेलीका केही अंश बुझ्नसक्ने रहेछ ।

धामीले अक्षता छर्दै पालैपालोगरी टीका लगाइदिन थाले । उनी 'हँ हँ हँ हँ' गरी पडेली पढ्न थाले । उनले दुई हातले दुईतिर ध्वजापताकासहितका घन्टाहरू अटूट रूपले बजाउन थाले । धामीमा चढेकोले सबैको मुखमा प्रसन्नताले छायो । धामीले पढ्न थालेको पडेलीमा 'छितो-छितो..' भन्ने धुवा थियो । उनको बोली स्वर कम्पित रुपमा अनौठो सुनिन लाग्यो । धामीले घटीमा पनि आधाघण्टासम्म एकैनासले घण्टा बजाई पडेली पढे ।

खावाले धामीद्वारा पढिएको पडेलीको लाक्षणिक अर्थबोध तत्कालै साथमा मूल मूल कुरो टिप्दै भने- "अब अछाम डाँडाबाट मष्टो देउता उठेर आएको, बाटोमा ठाउँ ठाउँमा बास बस्दै आएको कुरो भन्न लागेका छन् । लौ देउता जाफेमा पुगेछन् रे, त्यहाँ राक्षससँग लडाइँ भएछ, लौ फेरि बाऱ्ह भाइ मष्टा र नौदुर्गा भवानीको कुरो आयो - लौ देउता भट्टेचौरमा आइपुगे, लौ चौथा खोलामा भूतसँग लडाइँ भयो- लौ त्यहाँबाट फेरि लामाथा नेवार गाडामा बास बसे... त्यहाँ तीनरात तीन दिन राक्षस र देवताको लडाइँ भयो... लौ फेरि देवता डाँफे लेकमा आइपुगे, त्यहाँ तेरे चौरमा तेरेको भूतसँग चार दिन चार रात लडाइँ भएछ इ. ।"

धामीले पढेका पडेलीमा बीच बीचमा धुवाको रूपमा भुमा, रोमा, परि, वरि शब्दहरू उच्चारित भएको सुनिन्थ्यो, तर घण्टाको चर्को स्वरले गर्दा शब्दको ठीक ठीक उच्चारणलाई निश्चित गर्न कठिन पर्दथ्यो ।

खावाले फेरि पडेली टिप्दै भने- "लौ जैमलेमा मष्टो देउताले जैमले लोहारलाई १ कुरियाबाट २१ कुरिया बनाइदिएछन् । तर जैमले लोहारकी एउटी दुष्ट आइमाईले चौतालाई वचन लाइछ । (चौताले रिसाई उसको खेदो खनेछन् ।)

धामी अटूटरूपले गऱ्हुंगो घण्टा एकनाशले बजाउँदै (थकित भाव कति नदेखाई) घरीघरी आँखा चिम्लन्छन् र उही 'छितो छितो' को धुवामा पडेली लम्ब्याउँछन् ।

फेरि "लौ देउता नाइको भाटोमा आइपुगेछन्" भनेर खावाले पडेली टिप्दै भन्छन् । प्रसङ्गवश "चौताले भैंसीको दूध नखाने" कुरो चल्छ, 'चौताले दामोदरकुण्डको जल' लिइआएको कुरो पनि उठ्छ । पडेलीमा 'धर्मा वर्मा लडेलो (प्यारो), मिंडे (राजा), पाली (जनता) शब्द उच्चारित भएझैं प्रतीत हुन्छ ।

घण्टाको शब्द मधुरो हुँदै जान्छ । अब धामीले घण्टा बजाउन छोडी रुद्राक्षको माला तीन मुठा पार्छन् । थालको अक्षता रुद्राक्षको मालाले घेर्छन् । अनि, बायाँ हातमा अक्षता राखी दायाँ हातले अक्षता केलाएर अक्षता खण्ड खण्ड पार्छन् र शुभ अशुभ विचार गर्न थाल्छन् ।

तेत्तिकैमा फेरि झस्केर धामी 'अहँ अहँ अहँ अहँ गर्न' थाल्छन र भविष्यवाणी गर्न थाल्छन् । खावा त्यसको भावार्थ बताउँदै भन्न थाल्छन् "लौ, कर्णाली सुकेर खोलो हुन्छ रे, सातवर्षे कन्या रजस्वला हुनेछ रे । २०२८ सालमा मान्छेको प्रलय हुन्छ रे ।"

देउथलोमा एकत्रित सबै गाउँलेहरू छक्क पर्दछन् र भयभीत भएर 'गोसाइँ नारान्' भन्दै सुरक्षाको निमित्त शरण माग्छन्, शान्ति स्वस्तिको कुरो चलाउँछन् ।

धामी टोपी फ्याँक्छन् र आफ्नो ५/६ हाते लट्टो पारेको मुसार्छन्, हातमा केही दाना अक्षता मिलाएर राख्दै टुपीले छुवाउँछन् र बोल्न थाल्छन् । यसबेला धामीले जे जति पतुर्छन् ती सब सामान्य ग्रामीण बोलचालीको भाषामा हुन्छन् ।

धामी ऐतिहासिक कुरो गर्दै भन्छन् "कलेलको बस्ती, जडेको बस्ती, श्री पाँचको, तीन राज्य, पृथ्वीमा के को भएछ, मेरो र पशुपतिकतिको दुई धर्म हो इ."

अनि खावाको कथनानुसार त्यस कर्णाली क्षेत्रमा कलेल राजाहरूको बस्ती भएको, उत्तरतिर बस्ती भएको र पछि शाहवंशको राज्य भएको कुरो आउँछ । मष्टो सम्प्रदाय र शैव सम्प्रदाय दुई अलग अलग अस्तित्व भएको धर्म देखा पर्दछन् ।

त्यसपछि हामीले गाउँघरमा किनेर लगेको माना जति अक्षता चामल धामीलाई चढाउनुपर्ने हुन्छ । धामीले एक मी अक्षता हामीलाई नै दिन्छ र त्यसमा केही कैफियत छ कि भनेर परीक्षण गर्ने काम हुन्छ । त्यो अक्षतालाई सबैले जाँची त्यसमा केही कैफियत छैन भनेपछि, त्यो अक्षता धामीकै हातमा पुग्छ । अनि धामीले त्यो अक्षता आफ्नो हातमा राखी लट्टोले छुवाउँछ र त्यसपछि दुवै हातले खूब माड्छन् । सबैको आँखा धामीको हातको मडाइमा एकत्रित हुन्छ । हेर्दा हेर्दै, धामीको हातको कापबाट गाजलुरडको तेलको धारा रसाएर चुहिन थाल्छ । यो देख्नेबित्तिकै सबजना कराउन

थाल्छन् "गोसाइँ नारानले, सत देखाउनु भो ।" सबको मुख धामीको हातको चमत्कारमा प्रफुल्लित हुन्छ । धामी पनि हर्षोल्लासले गद्गद् हुन्छ ।

खावाले हामीलाई भने "हेर्नुस्, देउताको सत । सिकापाती भनेको यही हो ।"

धामीले आफ्ना दुवैहात खुल्ला गर्छन् । उनका बायाँ हातमा रहेको अक्षता गाजुलु तेलले कालो भएको हुन्छ । अनि धामीले हामीलाई र अरूलाई पनि पालैपालो गरेर दायाँ हातले त्यही अक्षतासहितको छाप (सिकापाती) निधारमा लगाइदिए । सबको मुखको आकृति सिकापातीले अर्कै बनाउँछ, त्यसपछि, धामीलाई दक्षिणा चढाउने, जस बढाउने (ध्वजा पताका, मूर्ति, सूत आदि) काम हुन्छ । किनभने धामीले सबलाई आश्चर्यचकित पारी सिकापाती निकालेपछि, धामीको दैवी शक्तिमा सबैको आस्था र श्रद्धा झन् झन् बढ्न थाल्दछ । सिकापाती निकालिसकेपछि, धामीको अनुहारमा पनि झन् बढी ओजस्वीपना देखिन थाल्छ । यस सन्दर्भमा उहिले उहिलेका धामीहरूले प्रदर्शन गरेर गएका चमत्कारमा कुराहरू पनि उठ्छन्, जस्तो फलानो धामीले भतभती तातेको तेलमा हात चोप्लेर टाँद्या (रोटी) झिक्ने, फलाममा सिक्री चुँडाल्ने, दाँतले च्यापी बोका मार्ने इत्यादि ।

बीचबीचमा भक्तजनहरूले मष्टोका धामीसँग गर्ने अनेकथरीका प्रश्नहरू र धामीबाट दिइने उत्तरहरूको क्रम चलिरहन्छ । हाम्रा आफ्नै प्रश्नहरूको प्रसङ्ग पनि चल्छ । कति कुरा मिल्न खोज्छन्, कति कुरा भविष्यवाणीको रूपमा झुण्डिरहन्छन् । तर धामीप्रतिको आस्था र विश्वासमा भक्तजनहरू भने प्रफुल्लित भइरहन्छन् ।

यसरी तिलानदीको किनारामा अवस्थित बाविरा मष्टोका धामीसँग साक्षात्कार गर्ने कार्यक्रम सिद्धिएपछि, हामीहरू भोलिपल्ट बाविरा गाउँ छोडेर आफ्नै गन्तव्य स्थान सिंजाखोला उपत्यकामा लाग्यौ । त्यहाँ सिंजाखोला उपत्यकामा पनि ठाउँ ठाउँमा मष्टोदेवका घरथलोहरू रहेछन् । अनि हामीहरूलाई सिंजाखोला उपत्यकामा बसुन्जेल जुनसुकै गाउँमा (हाटसिंजा, लेकपर, बोताँ, ओखरमाल, लूम आदि) पुगे पनि, बसे पनि ती गाउँमा फरफराइरहने मष्टाका उच्च आलनहरूले (ध्वजापताका सहितका काठका लिङ्गाहरू) गाउँघरका शोभा बढाउनुको साथै मष्टो संस्कृतिको बिर्सिनसक्नुको प्रभाव पर्न थाल्छ ।

यसै प्रसङ्गमा मष्टोसम्बन्धी तपसिलका २ वटा तालिकाहरू सरसर्ती अध्ययन गर्दा पनि मष्टो र मानिसको सम्बन्ध, मष्टोको उत्पत्ति, मष्टोको परिवार र नाताकुटुम्ब, मष्टोको स्वभाव, मष्टोको करामत आदिको रोचक जानकारी लिन सकिन्छ ।

अन्ततोगत्वा सुदूर पश्चिमाञ्चलको गाउँघरमा मष्टो सम्प्रदायले यसरी गहिरिएर जरा गाडेको भए पनि दुर्गम क्षेत्रहरूमा आउन लागेका नयाँ नयाँ परिवर्तनहरूले (जस्तो आवागमन, शिक्षा, सामाजिक सेवा, राजनीतिक जागृति, सांस्कृतिक चहलपहल, सञ्चारका अनेकन माध्यमसम्बन्धी) जनआस्था र विश्वासमा, जीवनशैली र विचारधारामा नयाँ मोडहरू पनि सुरु गरेका छन् । यी सबले गर्दा मष्टो सम्प्रदायमा नयाँ पिँढीका मानिसहरूको श्रद्धा र विश्वास कम हुँदै जानलागेको सङ्केत पनि पाइन थालेको छ । पहिले पहिलेका धामीहरूले जसरी अनेकन् चमत्कार देखाई पतुर्ने गर्दथे, आज त्यस किसिमका पुरुषार्थी धामीहरू कम देखा पर्नथालेका छन् । फेरि बाहिरका जगत्सँग सम्पर्क बढ्दै गएकोले तथा बाहिरका मानिसहरू ती मष्टो सम्प्रदाय भएका भेकहरूमा आउन थालेकोले तथा बाहिर डुलफिर गरी अथवा आधुनिक शिक्षादीक्षा ग्रहण गरी आफ्नै भेकका गाउँघरहरूमा बाहिरी सांस्कृतिक प्रभावहरू बिस्तार बिस्तारै पैठारी हुन लागेको लक्षण पनि देखा पर्नथालेको छ ।

सांस्कृतिक नृतत्त्वशास्त्रको दृष्टिकोणले तथा लोकसंस्कृतिको आफ्नै विशेषताले भने यो मष्टो सम्प्रदाय अध्ययन, अन्वेषण, अनुसन्धानकै विषयवस्तु हुनुको साथै आफ्नै छुट्टै सांस्कृतिक पहिचान र जीवनशैलीको विषयवस्तु नै भइरहेको छ । अतः गाउँघरमा जतिसुकै सांस्कृतिक परिवर्तन र सांस्कृतिक समन्वय भए तापनि, मष्टाका आलनहरूचाहिं मष्टास्थानहरूमा परम्परागत रूपले शोभायमान भएर फर्फराइरहने छन् भन्नुमा कुनै अत्युक्ति हुनेछैन ।

## *तालिका १*

मन्ठ (मानिस)

- प्राकृतिक सेरोफेरोमा रहस्य चिन्तन
- सामाजिक परिपाटीमा सुख कामना
- शारीरिक र मानसिक प्रतिक्रियाहरूमा आत्मरक्षा

भावना

कल्पना

प्रतीक

ज्यूघाँड (सुनौलो घण्टा)

आकाशबाट खसेको, यसैबाट मष्टोको प्रादुर्भाव

मष्टो

- बाऱ्हभाइ मष्टा
  - १ बान्नि मष्टो
  - २ ढंणार मष्टो
  - ३ बुडू मष्टा
  - ४ थार्पा मष्टो
  - ५ बाबिरा मष्टो
  - ६ कवा मष्टा
  - ७ उखाडी मष्टो
  - ८ धवलपुरो मष्टो
  - ९ पुवालो मष्टो
  - १० बासपाल मष्टो
  - ११ बाओ मष्टो
  - १२ गुरा मष्टो
- प्रतिनिधित्व
- नवदुर्गा भवानी
  - १ कालिका
  - २ मालिका
  - ३ जालपा
  - ४ ठिंग्याल्नी
  - ५ पुगेल्नी
  - ६ दुलेल्नी
  - ७ तिप्रा (त्रिपुरा)
  - ८ खेसमालिनी
  - ९ कनकसुन्दरी

माध्यम

धामी (मष्टा महाराज, गोसाई नारान)

- डांग्री – मूल अधिकारी
- खावा – दोभाषे
- बामन (ब्राम्हण) – होम गर्ने
- धमेलो
  - ज्यूगाँठ (घण्टा बजाई पडेली भन्ने) मष्टोको गाथा सुनाउने, भविष्यवाणी गर्ने
  - हातको चमत्कार देखाई सिकापाती निकाल्ने, निधारमा छाप लगाइदिने
  - पतुर्ने,भीकदिने सोधिएका कुराहरूको जवाफ दिई समस्याहरू समाधान गर्ने, रोगको उपचार आदि गर्ने

*तालिका २*

**मष्टो (सर्वेसर्वा तत्व)**

- बनथलो (बनको बासस्थान)
- घरथलो (गाउँको बासस्थान)
- स्वभाव
  - रजवाली
    (दोषीलाई दण्डसजाय दिने तर ज्यान नलिने)
    उदाहरण ढँणार मस्टो
    ढँणार मष्टोका उपनामहरू
    दाङ्हे, भाइराजा, राजामष्टो, रजेलो, ढराला आदि
  - राक्षसी
    दोषीलाई दण्ड गर्दा ज्यान नै लिने
    उदाहरण - गुरा मष्टो
- भानहरू (मष्टोका प्रमुख कार्यकर्ताहरू, आज्ञापालकहरू)
  - फूटासिली (ढुंगो फुटी उत्पत्ति भएको)
  - छडी ढुस्के (छहराबाट उत्पत्ति भएको)
  - चामचुल्ठी
  - धाइढुंगे
  - भातेखोली
  - घोडा मौल्याय
  - लोरीसिमे
  - नौलीखोले
  - रूनुकाना
  - जवला
- धामीद्धारा प्रतिनिधित्व गराइएका ग्रामीण देवताहरू
  - महाद्यौ — ग्रामीण देवता
  - कुलद्यौ — कुलदेवता
  - लाटीद्यौ — प्रेत देवता
  - ह्याँकर — प्रेत देवता
  - लामाविष्णु — लामा देवता (पशुबलि नलिने)
- नाताकुटुम्बहरू
  - महाद्यौ — मष्टोका मामा
  - भुवानी — मष्टोकी बहिनी
  - लामाविष्णु — मष्टोका मामा
  - लाँखुरो — मष्टोको भतिजा
  - बाँडपाले — मष्टोको कान्छाभाइ

*द्रष्टव्यः मष्टाका भानहरूले विविध भेषमा काम गर्नसक्छन् जस्तो सर्प, घोडा, कुकुर, बाँदर, बिरालो आदिको भेषमा जान सक्ने । यी भानहरूले मष्टोको आदेशानुसार दोषी अपराधीहरूलाई समाउने (लाग्ने), चेतावनी दिने, चेतावनी दिंदा पनि मानेनन् भने पेट दुखाउने, जरो निकाल्ने, पक्षवात गराउने, महारोगी बनाउने, धन सम्पत्तिमा हानि नोक्सानी गराउने, पशुधनमा क्षति पुऱ्याउने, वैरभाव गराउने इत्यादि ।*

# द्रव्य प्रज्ञालङ्कार



चन्द्रप्रसाद भट्टराई

जाडोको मौसम थियो । रातिको भात खाएपछि पेटमा तातो पर्नासाथ सिरकभित्र गुटुमुटु हुन मन लाग्यो । निद्रा लागिहाल्ने बेला भएको थिएन, त्यसैले एउटा पत्रिका लिएर सिरकभित्र पसें । हिजोआज नेपालका वरिष्ठ साहित्यकारहरूको ध्यान साहित्य सिर्जनातिर कम र पुरस्कार, पदक, प्रशंसा पाउनेतिर धेरै जान थालेको छ भन्ने आसयको एउटा लेख पढ्दा पढ्दै निदाएछु ।

साहित्यमा विकृति-विसङ्गतिसम्बन्धी चर्चा पढ्दा पढ्दै निदाएको हुँदा सपना पनि त्यस्तै नै देखें । साहित्य, कला, संस्कृतिको उन्नयनका लागि काम गर्न गठन भएको एउटा सरकारी सहयोगप्राप्त संस्थाको बैठक बसिरहेको रहेछ । त्यो संस्थाले उपयुक्त वातावरण पाउँदा एक वर्ष भित्रमा नेपालका पुराना राजाहरूमध्ये पुरस्कार स्थापना हुन बाँकी रहेका सबैका नाममा पुरस्कार राखेछ । त्यति गरिसकेर पनि संस्थाका जोसिला साहित्यप्रेमी सदस्यहरूको धित मरेनछ र गोरखा राज्यका पनि तीन चार पुस्ता राजाका नाममा पुरस्कार, प्रज्ञालङ्कार राखेछन् ।

आजको बैठकको विषय रहेछ राजा द्रव्य शाहको नामको प्रज्ञालङ्कार पाउने साहित्यकारको नाम घोषणा गर्ने । यो विषय खासमा हिजोकै बैठकको विषय रहेछ र हिजोको बैठकमा एउटै नाममा समितिका सदस्यहरू सहमत हुन नसक्दा हात हालाहालको स्थितिमा पुगेर सारिएको बासी विषयमा आजको बैठक बसेको रहेछ ।

त्यतिबेला महाकवि, कविशिरोमणि र नाट्यसम्राट जीवितै रहेछन् । उनीहरूको उमेर र भेषभूषा आ-आफ्ना जीवनकालका अन्तिम बेलातिर जस्ता थिए त्यस्तै

रहेछन् । अर्थात् महाकवि २०१६ सालमा जस्ता थिए त्यस्तै रहेछन्, दौरा सुरुवाल, कोट लगाएका तर टोपी नलगाई जुल्फी लर्काएका पचास वर्षका अधबैंसे । कविशिरोमणि २०२२ सालमा जस्ता देखिन्थे त्यस्तै रहेछन्- सेतै फूलेका लामा दाह्री भएका वृद्ध । नाट्यसम्राट २०३८ सालमा जस्ता देखिन्थे त्यस्तै रहेछन् - उनको आफ्नै पाराको कोट स्टाइलको दौरामा सजिएका । यी तीनैजना हस्तीहरू जीवितै भए पनि उनीहरूले द्रव्य प्रज्ञालङ्कारमा कुनै चासो राखेका रहेनछन् ।

जस्तो कि हिजोआज हुने गर्दछ यत्रतत्र-एउटै नाममा सहमति हुन नसकेपछि आजको बैठक पनि त्यतिकै सकियो । यस विषयमा आफ्नो अन्तिम धारणा पर्सिको बैठकमा राख्ने कुरा गरेर समितिका अध्यक्षले बैठक विसर्जन गरे ।

भोलिपल्ट बिहान अध्यक्ष उठी नित्यकर्म सकेर चिया खाई संस्थाको थोत्रो गाडीमा डिल्लीबजारतिर लागे । महाकवि दाडिमको बोटमुनि बसेर कविता लेखिरहेका थिए तीव्र गतिमा । उनका दिमागबाट वर्षामा भेल फुटे जसरी फुटेर आउने भावनालाई लिपिबद्ध गर्न उनको दाहिने हातले भ्याइरहेको थिएन । अध्यक्षज्यूको उपस्थितिबारे महाकविलाई थाहै भएन । आँगनमा नाचिरहेकी छोरी मुनाले यो बुझिन् र बुबालाई झक्झक्याइन् । महाकवि बल्ल वास्तविक संसारमा आए र आगन्तुकलाई सोधें-

"ओहो, कति कामले पाल्नुभयो ?"

"हामीले सबै राजाहरूको नाममा पुरस्कार राखेर बाँडिरहेको कुरा त महाकविज्यूलाई थाहै छ । अहिले भने भर्खरै स्थापना भएको द्रव्य प्रज्ञालङ्कारको घोषणाको बेला भएको छ । त्यसै सन्दर्भमा एउटा सानो अनुरोध गरौं कि भनेर आएको ।"

"ओहो, पुरस्कार राखेर बडो राम्रो काम गर्नुभयो । योग्य साहित्यकार खोजेर दिनोस् !", महाकविले भने ।

"मेरो इच्छा त महाकविज्यूलाई नै दिने हो । महाकविज्यूलाई जहिले पनि द्रव्यको अभाव भैरहने- कहिले घोरपाके बगरेकहाँबाट ल्याएको खसीको टाउकाको पैसा बाँकी रहने, कहिले हलुवाइ पसलमा जेरी-स्वारी खाएको पैसा बाँकी रहने, कहिले चुरोट किनेको पैसा बाँकी भैरहेको हुन्छ । त्यसैले यो द्रव्य प्रज्ञालङ्कार महाकविज्यूलाई नै सबैभन्दा उपयुक्त हुन्छ भन्ने मेरो ठनाइ छ ।"

"त्यसका लागि धन्यवाद । तर मलाई स्वच्छन्द पाराले साहित्य रचना गर्नुपर्छ, त्यसैले पुरस्कारले नबाँध्नोस्, बिन्ती छ," ज्याँ पाल सार्त्रकै जस्तो विचार महाकविले व्यक्त गरे ।

"मैले त महाकविज्यूकै नाम राखेको छु तर मेरै सिफारिसमा भर्ना भएका साथीहरूले मानिरहेका छैनन् । महाकविज्यू भर्खर पचासको हुनुभयो, अझै बीस तीस वर्ष हामीसँग भइहाल्नुहुन्छ, यसपालि वृद्ध भइसकेका लेखनाथ बाजेलाई दिने भन्दैछन् । त्यसैले यस कुरामा चित्त नदुखाइदिनु होला भनी बिन्ती गर्न आएको ।"

महाकविको चित्त कुनै पुरस्कार नपाएर दुख्नेवाला थिएन । उनले यस्तो कुरामा ध्यानै दिएनन्, मुसुक्क मुस्काएर उडाइदिए र आफ्नो कविता लेखनमा फेरि लागे । अध्यक्षज्यू हिँडे र बाहिर अडिइरहेको गाडीमा गएर बसे ।

गाडी डिल्लीबजार पुगिसकेकै थियो, नजिकैको ज्ञानेश्वरतिर मोडियो । नाट्यसम्राट आफ्नो दरबारको अध्ययन कक्षमा भएको कलात्मक टेबुल-कुर्सीमा बसेर "जीवनदायिनी" भन्ने नाटक रचना गरिरहेका थिए । अध्यक्षज्यूले उनको दर्शन गरे । मालश्री धुनजस्तो मधुर साङ्गीतिक वाणीमा गाजलु आँखा झिम्क्याउँदै समजीले सोधे, "कति कामले कष्ट गर्नुभयो ? कसरी सेवा गरुँ यहाँको ?"

"हजुर हामीले द्रव्य प्रज्ञालङ्कारको घोषणा गर्न लागेका छौं । मेरो विचारमा त हजुर नै त्यस प्रज्ञालङ्कारका लागि सबैभन्दा योग्य पात्र होइबक्सिन्छ भन्ने हो । तर साथीहरूले लेखनाथ बाजेलाई दिनुपर्छ भन्दैछन् । हजुरलाई जाहेर भएकै कुरा हो, यस देशमा योग्य भएर मात्र हुँदो रहेनछ

अरू धेरै कुराले काम गर्दा रहेछन् । हजुरको शुभनाम घोषणा गर्न म सक्दो प्रयास त गर्ने नै छु, तैपनि केही गरी बाध्यतावश अरूकै नाम घोषणा गर्नुपर्ने अवस्था पऱ्यो भने ममाथि रिसानी नगरिबक्सेला भनेर बिन्ती गर्न आएको हुँ । हाम्रो संस्थाको पुनर्गठनको वक्तव्य लिएर कोही आए भने दस्तखत गरिबक्सने छैन भन्ने मलाई विश्वास छ । यो सानोतिनो रकम अरूले नै खाउन्, जे भए पनि हजुर त राणाजीको सन्तान, बिहानबेलुकाको भुजा ज्युनार गर्न दुःख छैन ।"

"मलाई चाहिँदैन पुरस्कार, म त्यसै खुशी छु, लेखनाथ गुरूलाई नै दिनोस्, मेरो शुभकामना छ उहाँलाई ।" यति भनेर अध्यक्षज्यूलाई बिदा गरेर पठाए ।

त्यसपछि अध्यक्षज्यू लागे ठमेल सल्लाघारीतिर । सफा राडीमाथि पलेटी कसेर कविशिरोमणि कविता रचिरहेका थिए । उनको कविताको शीर्षक थियो "खोरका बोका" । कविताको सन्दर्भ रहेछ परार साल वृद्ध नेता बलबहादुर राईसहित अरू थुप्रै नेताहरूलाई थापाथली धानगोदामको बोका थुन्ने खोरमा थुनिएको कुरा ।

अध्यक्षज्यूले आफ्ना कुरा राखे । यहाँ भने उनले कविशिरोमणिलाई द्रव्य प्रज्ञालङ्कार दिने आफ्नो इच्छा भएको तर साथीहरूले भाँजो हालेको कुरा सुनाए । भोलि अरू कसैको नाम आयो भने चित्त नदुखाइदिन अनुरोध गरे, संस्थाका अध्यक्ष फेर्ने अन्तर्वार्ता नदिन बिन्ती गरे । लेखनाथ बाजेलाई यस्ता कुराले के छुन्थ्यो, उनी आफ्नो कविता यात्रातिर लागे । पहिलो पङ्क्ति थियो,

"वृद्ध बिचरो हुँ म बलनामा, छु म परेको बोकाको खोरमा"

बाटोमा अध्यक्षज्यू सोच्दै आए, "यी तीनजनाको त चित्त बुझाएँ । यिनीहरूमध्ये कसैलाई नदिँदा जनताले विरोध गर्लान् भन्ने डर थियो, अब त्यो डर रहेन । अब मैले चाहेको मान्छेलाई सजिलैसँग दिन सक्छु प्रज्ञालङ्कार । सदस्यहरू कराउँदै गर्छन्, मैले नै भर्ना गरेका गल्ला त हुन् नि ।"

ड्राइभरले उनको ध्यान भङ्ग गऱ्यो, "हजुरहरूले यो वर्ष त्यत्रा त्यत्रा चौध-पन्ध्रवटा पुरस्कार बाँडिसक्नु भयो, एउटा मेरा बालाई दिनुभएको भए पनि त हुन्थ्यो नि, त्यो पैसामा अरू थपथाप गरेर म एउटा पुरानो ट्याक्सी किन्थें, गरिबको उद्धारै हुन्थ्यो । मेरा बा पनि कविता लेख्न नजान्ने थिएनन् ।"

भोलिपल्टको बैठकमा उनले एउटा अर्कै नाम प्रस्ताव गरे । प्रस्तावित नामको महिमा सुनाउँदै भने, "यिनी बहुमुखी प्रतिभाका धनी हुन् । यिनलाई भेट्ने कुनै साहित्यकार जन्मेकै छैनन् यस देशमा । यिनी महाकवि र कविशिरोमणिका स्तरका कविता कोर्छन्, नाट्यसम्राटले लेखेका भन्दा राम्रा नाटक लेखेर आफैं अभिनयसमेत गर्दछन् । यस देशमा भएका जुनसुकै पदमा पनि उपयुक्त हुने योग्यता राख्छन् यिनी । त्यस्ता बहुमुखी प्रतिभा भएका साहित्यकारलाई त्यो प्रज्ञालङ्कार दिनुपर्दछ । साँच्चै भन्ने हो भने यिनलाई त्यो प्रज्ञालङ्कार दिन पाउनु हाम्रो अहोभाग्य हुनेछ ।

"को हुन् यिनी ? हामीले चिनेका छैनौं यिनलाई । चिन्दै नचिनेका मान्छेलाई यत्रो पुरस्कार दिंदा भोलि लोकले हामीलाई के भन्ला ?" विरोधका एकाध स्वर निस्किए ।"

"उनीजस्ता बहुमुखी प्रतिभाका धनीलाई नचिन्नु उनको दोष होइन, तपाईंहरूको अज्ञानता हो । उनको त्यत्रो साहित्यिक देन नदेख्नु तपाईंहरूको दृष्टिदोष हो ।"

यति भनेर उनले सबैका स्वर् मिच्दै दृष्टिदोष विषयमा कविशिरोमणिका दुई पङ्क्ति कविता पहिला पढे, अनि तिनै बहुमुखी प्रतिभाका धनी व्यक्तिलाई द्रव्य प्रज्ञालङ्कार दिने कुराको औपचारिक घोषणा गरे ।

त्यत्तिकैमा मेरो जीउमा चिसो अनुभव भयो, ब्युँझेर हेर्दा सिरक तल झरिरहेको रहेछ ।



कसको भाग्य फुटेको छ, को हो भाग्यमानी
लेखा-जोखा कति गर्नु, कति कुराकानी

जिन्दगीको एउटा पाटो सधैं भिज्ने गर्छ
थाहा छैन भिजाउने त्यो, आँसु हो कि पानी

जति हाँस्न खोज तिमी, जति ढाँट्न खोज
तिम्रो पीडा खोली दिन्छ भिजेको सिरानी

हृदयको कुनाभित्र, लुकेकी पो छौ कि ?
या त बनी बसेकी छौ, आँखाभित्र नानी

पीर बोकी थिर मन कहाँ हुनसक्छ ?
कता-कता बरालिने बसि सक्यो बानी

थाहै नपाई यात्राभरि केही बिराएँ कि ?
भए जस्तो लाग्या छैन गल्ती जानी-जानी ।



ललिजन रावल

**_शारदा_ लगायत अन्य पठनीय कृति पाइने ठेगाना**

**पाठ्यसामग्री पसल**

जामे मार्केट, घण्टाघर काठमाडौं

तथा

**सन्देश गृह**

खिचापोखरी, काठमाडौं

किष्ट मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड (वित्तीय संस्था)

Kist Merchant Banking & Finance Ltd (Bittiya Sanstha)

Kist Building, Anamnagar, Kathmandu, Nepal

P.O.Box No. 8975 EPC 5157, Ph: 4232500, Fax: 4229588


E-mail: kistfinance@wlink.com.np, website: www.kistfinance.com.np

यस वित्तीय संस्थाले आफ्नो कार्यकालको
चार वर्ष पूरा गरी पाँचौं वर्षमा प्रवेश गरेको छ ।
यस अवसरमा यस वित्तीय संस्थाप्रति हामी
हार्दिक बधाइ ज्ञापन गर्दछौं ।
यस वित्तीय संस्थासँग प्रत्यक्ष सरोकार राख्ने
यसका ग्राहकहरुलाई गुणस्तरीय वित्तीय सेवा प्रदान गर्नमा
यस संस्थाले यति छोटो अवधिमै
महत्वपूर्ण सफलता हासिल गरेको छ ।
आगामी दिनहरुमा यस वित्तीय संस्थाको
अझै उत्तरोत्तर प्रगतिका लागि
शुभकामना व्यक्त गर्दछौं ।

**शारदा परिवार**

प्रस्तुत छ...

...अब मात्र रु. १,०००/- मा लोटस बचत खाता*




नेपाल इन्भेष्टमेण्ट बैंकले तपाईंहरुको विश्वास र चाहनालाई ध्यानमा राखि फेरि ल्यायो जीवनभरको लागि मात्र रु. १,०००/- मा लोटस बचत खाता । यो योजना नेपाल इन्भेष्टमेण्ट बैंकका सबै शाखाहरुमा लागू हुनेछ ।

*विस्तृत जानकारीको लागि नेपाल इन्भेष्टमेण्ट बैंकको शाखाहरुमा सम्पर्क गर्नुहोला ।*

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
*Truly a Nepali Bank*

DURBAR MARG Tel: 4228229, 4242530 SEEPADOLE Tel: 6615617, 6612832 BIRGUNJ Tel: 523327, 525277 PULCHOWK Tel: 5520346,5547858 BANEPA Tel: 662401 NEWROAD Tel: 4242858, 4230374 BIRATNAGAR Tel: 534523, 534524, 534525 BUTWAL Tel: 549991, 549992, 549993 JEETPUR Tel: 520297 POKHARA Tel: 538919 BHAIRAHAWA Tel: 526991, 526992 PUTALISADAK Tel: 4445302, 4445303 NARAYANGARH Tel: 532921, 532922, 532923, 532924 JANAKPUR Tel: 527331

# अन्ततः तिमी मेरो कथाको पात्र



नीलम कार्की निहारिका

म कथा लेख्थें । कहिलेकाहीं उसलाई सुनाउथें, ऊ भन्थी- कसरी लेख्छेस् कथा ?

म यसो हेर्छु, जुन कुराले मलाई बढी छुन्छ, त्यही लेख्छु, बस् कथा बनिदिन्छ ।

उसले भन्थी - कतै हामीलाई हेरेर पनि कथा लेख्लिस् नि ! साथी हो, योसँग डराउनु पर्छ है !

म भने उनीहरूलाई विश्वस्त पार्थें - तिमीहरूसँग के नै छ र त्यस्तो लेख्न लायकको ?

अठार वर्ष उमेर हुँदाका कुरा थिए यी ।

म तीस वर्ष हुँदासम्म हाम्रो भेटघाट भएन । ऊ अन्तै जिल्ला अन्तै अञ्चल म अन्तै । केही समय त देश नै फरक पऱ्यो हाम्रो बसाइको । जब पुनः भेट भयो, हाम्रो कर्म-थलो एकै परेछ राजधानी । ऊ मास्टर्स पढिसकेर मास्टर्नी भएकी रहिछ ।

एक पूर्व साथीको बिहे भोजले हामीलाई पुनः भेट गराएको थियो ।

आत्मीयता फेरि उस्तै भयो, तर १२ वर्ष पहिलाजस्तो दिनभरको समय हुन्थेन सँगै बस्ने, गफ गर्ने । निकाल्नु पर्थ्यो समयलाई - बिदाको दिनमा, त्यो पनि घरायसी कामबाट कटौती गरेर । तर हामी त्यति टाढा थिएनौं जति बीचका १२ वर्षमा थियौं । त्यति नजिक पनि थिएनौं जति त्यो बाह्र बर्ष अगाडि थियौं ।

यसै पनि म एक गृहिणी त्यसैले भेटघाटको लागि समयले उसलाई भन्दा मलाई साथ दिँदैन थियो ।

समय अलि फरक भएछ ।

पहिला म मेरा कथा सुनाउथें उसलाई । अब ऊ पत्र-पत्रिकाबाट आफैं खोजेर पढ्ने भइछ । कथामाथि टिप्पणी गर्नेसमेत भइछ । मैले भनें - 'तिमी मेरो राम्रो पाठक भइछौं, मित्र मात्र रहिनौ अब ।'

उसले भनी - 'अस्तिको कथाकी साइँली कति

कमजोर ? लालन-पालन गर्न सकिँदैन भनेर सन्तान नै नजन्माउनु । साइँलीमाथि कथाकारले गरेको अन्याय हो यो ।'

मैले भनें - 'कथाकारले अन्याय गरेको होइन । समाजको, गरिबीको विद्रूपरूप पस्केको मात्र ।'

म एक बच्चाकी आमा, दोस्रो बच्चा मेरो पेटमा चल्दैछ । ऊ तेत्तीस वर्षीय अविवाहित ।

'तनूको बिहे गर्न केटा खोज्नु पर्‍यो ।' हाम्रो सह-साथीले भनी । तनु र म, हामी दुवै मिल्ने साथी ।

'केटा त खोज्ने तर कस्तो खोज्ने ?'

हाम्रो मान्यता ठिङ्ग मेरो सामु उभिएको छ ।

- केटीभन्दा केटा उमेरमा पाको हुनुपर्छ, नभए सँगैको तर कम हुनु हुँदैन ।
- केटीभन्दा केटा शिक्षित हुनुपर्छ, नभए बराबर कम हुनु हुँदैन ।
- केटीभन्दा केटा आर्थिक-सम्पन्न हुनुपर्छ, नभए बराबर कम हुनु हुँदैन ।
- केटीभन्दा केटा उचाइमा केही अग्लो हुनुपर्छ, नभए बराबर कम हुनु हुँदैन ।
- केटीभन्दा केटा बढी आय आर्जन गर्ने हुनुपर्छ, नभए बराबर कम हुनु हुँदैन ।
- केटीभन्दा केटा प्रतिष्ठित हुनुपर्छ, नभए बराबर कम हुनु हुँदैन ।

बराबर हुनैपर्छ भन्ने कुरा जात-भातमा मेल खान आउँछ । उपाध्याय हो कि जैशी ? जैशीमा पनि तल्लो भात कि माथिल्लो भात ? यो मेल खानुपर्छ, बराबरीको हिसाबले । जब घरबाट बिहेको कुरा चल्छ यस्तै सुनिन्छ ।

हो, यहाँनिर एउटा कुरामा भने केटीभन्दा कमी भए हुन्छ, हेर्दाको सुन्दरतामा । केटाभन्दा केटी राम्री हुनुपर्छ, चिटिक्क परेकी सरलक्ककी ।

यत्तिका क्राइटेरिया छ मेरो सामु । म कहाँ कसरी खोज्नु केटा उसको लागि ?

वर्ष दिन बित्यो । मेरो आँखामा कोही परेन यसरी मिल्दो ।

उमेर चौतीस कटेको, माथिल्लो भातको जैशी बाहुन, उचाइ पाँच फिट तीन इन्चभन्दा बढी, कम्तीमा स्नातकोत्तर, मासिक आठ हजारभन्दा बढी आर्जन गर्ने । यही हो न्यूनतम योग्यता ।

केही कुरामा केही बुँदामा कम भएकोसँग कुरा चलाइदिउँ भने हेला गरेको भैदिने हो कि, डर लाग्थ्यो ।

मेरो श्रीमान्‌को दुई साथीहरू उहाँको सिफारिसमा परेका हुन् ।

एकजना लगभग छब्बीस वर्षको, पेसाले वकिल तर श्रीमती गुमाएका ।

अर्का, त्यस्तै पैंतीसका हाराहारीका तर उनको दाँया हात बाँयाको तुलनामा अलि मसिनो । अलि कमजोर पनि ।

'मेरी साथीलाई के सोचेर यो प्रस्ताव ल्याउन सक्नुभएको ?' म कड्केकी थिएँ श्रीमान्‌सँग ।

उहाँले भन्नुभएको थियो 'फरक पर्दैन होला भनेर ।'

'कस्तो फरक नपर्नु नि ! ल, तनूलाई उनीहरूको ठाँउमा,तनूको ठाउँमा उनीहरूलाई राखेर सोच्नुस् त !'

म नारीवादी कुरा गर्न थालें । एक्लै फत्फताए पनि उहाँ चुप लाग्नुभयो, गल्ती स्वीकारेझैं ।

म रिसाउनुको पनि कारण थियो । कारणमध्ये एक कारण मेरा श्रीमान्‌ले उसलाई 'हेपे' भन्नुभन्दा पनि उसलाई मैले 'हेपी' भन्ली भन्ने थियो । कसैगरी म यो प्रस्ताव लिएर उसको अगाडि जानसक्ने थिइनँ । जब मेरो रिस चिसियो, 'कि भनिदिऊँ एक बाजी ?' मनले भन्यो ।

'होइन, के ठान्ली, मेरो कस्तो मूल्याङ्कन गरिछ भन्ली । हुँदैन । यहीं बन्द गर्नुपर्छ यो च्याप्टर' फेरि मनले नै भन्यो ।

केही महिनापछि खबर सुनें पुरानो मित्रबाट, उसको बिहे हुने भएछ ।

उसले बिहे गर्ने निर्णय गरिछ ।

केही हप्तापछि थाहा लाग्यो, उसले बिहे गरिछ, सँगै पढाउने टिचरसँग ।

बिहे हुनु के थियो, ऊ एक डेराबाट अर्कोमा सरिछ । पहिला एक्लै बस्थी अब दुई भएछन् ।

एक दिन ढोका थुन्दै थिएँ बाहिरबाट, टेलिफोनको घण्टी बज्यो । श्रीमान्‌ले भन्नुभयो - 'छाडिदेऊ ! ल हिंड,

ढिलो भैसक्यो ।' तर मनले मानेन । 'एक मिनेट ल ।' श्रीमान्सँग अनुमति मागेर लगाइसकेको चाबी उघारें ।

'एक पटक तिमीलाई भेट्नु थियो' तनूको आवाज थियो ।

'ल हामी हिंड्नै लागेका बाहिर । श्रीमान्को पर्सि फ्लाइट छ, फ्रान्स जानु हुने । हामी सपिङ जान लागेका । साँझ फोन गर न ! अनि कुरा गरौंला ।'

मलाई टेलिफोनमा बोल्नसमेत फुर्सद मिलेन । ऊ केही बोल्दै थिई, मैले कुरा छोट्याएर टुङ्ग्याई पनि हालें । बाहिरबाट 'छिटो छिटो' भन्ने आवाज कानमा बढी नै ठोक्किरहेको थियो ।

न उसले नै साँझ सर्म्पक गरी न मैले नै गरेछु । सोझो अर्थमा, मैले बिर्सिएछु ।

तिहारको बेला थियो । लक्ष्मीपूजाको अघिल्लो दिन मैले देखें - बाटोमा ऊ सानो पोलिथिनको झोला झुण्ड्याएर हिंडेकी छ । मैले नै उसलाई बोलाएँ । बल्ल झ्वाट्ट सम्झिएँ पनि उसले टेलिफोन गरेको कुरा ।

मैले बोलाउँदा ऊ झस्की ।

'यता कता ?' यो मेरो टोल थियो ।

'म पर्दा पसल खोज्दैछु । यहीं कतै छ भनेका थिए ।'

'पल्लो चोकमा छ । अनि कता ?' मेरो प्रश्न मेरो सङ्केत फेरि पनि मेरो टोलप्रतिको थियो ।

'म हिजो मात्र यतै डेरा सरेकी । ढोकामा पर्दा हाल्नु थियो ।'

'हो र ! ल बस !'

स्कुटरमा बस्छे ऊ ।

'फोन गरेकी थियौ नि किन, ?' पर्दा रोज्दा बोलें ।

'अँ ... ।' अप्ठ्यारो मानी उसले ।

'के हो ?' मैले उसको शरीर हेरें जिस्काउने पाराले ।

'होइन !' फेरि अप्ठ्यारो मान्छे ।

'अनि किन त ?'

'पछि कुरा गरौंला ।'

'भन न !' म ढिपी कस्छु ।

'ऊ अल्कोहोलिक छ ।' ऊ खुल्छे ।

'आजभोलि कस्ले खान्न ?' मेरो प्रतिक्रिया ।

'ज्यादै ड्रङ्कर छ ।'

'भन्नाले ?...'

'अलि बढी नै । खाएपछि दिन रात खान्छ ।'

'हो र ?' आश्चर्य मेरो ।

पर्दा रोजियो । उसले भनी - 'यो अलि अँध्यारो रङ्गको छ यही लिऊँ । फोहोर हुँदैन ।'

'फोहोर नहुने होइन्, फोहोर देखिन्न ।'

'हो, फोहोर नहुनु बेग्लै कुरा, फोहोर नदेखिनु बेग्लै ।'

उसको कोठामा सँगै जान मलाई एक पटक उसले अनुरोध गरी । म पनि तयार भएँ । त्यो अनुरोध, अनुरोधकै लागि मात्र थियो वा साँच्चैको ? सोच्दै सोचिनँ ।

ढोकामा चाबी झुण्डिएको मात्र थियो, लागेको थिएन । नलागेको चाबी खोलेर उसले ढोका उघारी ।

एउटा खाट एक कुनामा । पक्की चिसो भुइँमाथि प्लाष्टिकको गुन्द्री । त्यही छेऊमा एउटा ब्रिफकेसमा लुगा कोचिएको र खुल्लै पनि । त्यही छेउमा केही किताब, विद्यार्थीको उत्तर - पुस्तिका ।

अर्को कुनामा सानो टेबल, टेबलमाथि ग्याँस-चुल्हो, झ्यालतिर सिलिण्डर । टेबलको तल प्लाष्टिकका विभिन्न रङ्गका डिब्बा अर्थात् खाद्य सामग्री ।

चामलको अन्दाजी तीस किलोको बोरा । बोराको मुख खुल्लै । कागज ओछ्याएर राखिएका हरिया तरकारी, तर सुकेर चाउरी परेका । झ्यालको उचाइ नमिलेको पर्दा । यही देख्यो आँखाले ढोकादेखि पलङसम्मको दूरी तय गर्दा ।

'बस न !' उसले पलङतर्फ सङ्केत गरी ।

म बसें ओछ्यानमा ।

सँगै बस्दै उसले भनी - 'ज्यादै खान्छ बिहोस नै हुनेगरी । आफ्नो कार्यालयनजिक बस्दा सबैले थाहा पाउने भए भनेर, हिजो मात्र डेरा सरेको ।' अस्तव्यस्त सामान तर्फको सङ्केत हो भनेर बुझें मैले ।

'धेरै जसो होस्टलमै बस्नुहुन्छ भनेको होइन ?'

'हो, विदाको बेला यहाँ ।' उसले वाक्यलाई विस्तार गरी-'यहाँ दशैंको बिदामा त के भनुँ ? रोकिएकै होइन । उठ्यो मुख नधोईं खान सुरु गरेको साँझसम्म खायों

निदायो, उठेर फेरि सुरु । कुनै होस नै नहुनेगरी, ओछ्यानभर भोमिट गरेर ... ।'

उसको अनुहारमा घीन लत्पत्तिएको छ । मुख बिगार्छे ।

'होस्टेलमा बस्दा के गर्ने त त्यसरी खानुपर्ने मान्छेले ? त्यो बेला कसरी नखाई बस्न सक्छ ?'

'खैनी खान्छ बेस्कन ।'

'खैनीबाहेक केही त्यस्तो नगन्हाउने खानुहुन्छ कि रक्सीभन्दा फरक ?'

'कहिलेकाहीँ गाँजा खान्छ । आमाले नै बन्दोवस्त गरिदिन्छन् । त्यही गएर खाएर आउँछ ।'

'आमाले ?'

'हो, उनीहरूलाई चाहिने कुरा सबै आमाले बन्दोवस्त गरिदिन्छिन् । जेठो पनि खान्छ ऊभन्दा बढी ।'

'कहाँ बस्छन् ?'

'कान्छो छोराको अफिसनजिकै ।'

सोचमा परें म ।

'छुटाउने औषधी हुन्छ भन्ने सुनेकी थिएँ । त्यही सोधुँ भनेर तिमीसँग ।'

'मैले पनि सुनेकी थिएँ, त्यो औषधी खाएपछि रक्सी खायो भने धेरै उँधो-उँभो हुन्छ रे, डाएरिया भोमिटिङ क्या ! अनि कहिल्यै रक्सी हेर्न पनि मन लाग्दैन रे । तर त्यो खुवाउनुभन्दा आफू त्यो सबै सफा गर्न तयार हुनुपर्छ ।'

'त्यस्तो सफा नगरेको हो र ?'

उसको अनुसारमा घीन छ, घृणाभन्दा ।

'बरु रिह्यावलिटेसनमा लगे भैगो नि !' मैले थप कुरा गरें ।

'उसलाई त्यो सबै थाहा छ । ७ वर्ष त्यहीं काम गरेको रे यहाँ गर्नुअघि ।'

'के आफैंले ड्रग्स खानु हुन्थ्यो पहिला ?'

'हो धेरै पहिला । त्यो छाडेर नै यहाँ काम गरेको रे ।'

'खाने मात्र हो कि सुई पनि लाउने ?'

'खोई, थाहा भएन त्यो त । दाजुले गर्दा त सिकेको रे सबै लत, इन्डिया हुँदा नै । दाजुले चाहिँ त अहिले पनि लगाउँछ ।'

यति बेला भने उसको अनुहारमा घृणा छ, श्रीमान्को दाजुप्रतिको ।

किताबमाथि एल्बम र केही तस्बिरहरू छन् ।

'तिम्रो श्रीमान्को फोटो हो यो ?' मैले उसको श्रीमान् देखेकै थिइनँ । देख्ने मन भयो साह्रै नै ।

एल्बमका पानाहरू पल्टाउँदै जान्छु म । उसले श्रीमान् चिनाइदिन्छे तस्बिरमै । एक तस्बिरमा दुईजना छन् । म त्यसैमा रोकिइरहन्छु ।

'पहिलाकी श्रीमती ।' उसैले प्रष्ट पार्छे ।

'के पहिला विवाह भैसकेको थियो ?' मेरो आश्चर्य ।

'हो बङ्गाल्नी थिई रे, बानी राम्रो थिएन रे । जोसँग पनि हिंड्ने घुम्न जाने । पछि भागी रे अर्कैसँग । त्यै पीरले त खान लाग्या रे ।'

तस्बिर हेर्दै जाँदा, एक अर्को तस्बिरमा उनै महिलालाई देखें मैले । नौ महिनाको गर्भ भएजस्तो शरीर । म रोकिएँ त्यहीं तस्बिरमा । प्रश्न राख्न सकिनँ । त्यसपछिको दोस्रो तेस्रो तस्बिरमै मेरो कौतुहल मेटिन्छ, तीन जनाको तस्बिर थियो, सानो बच्चालाई काखमा राखेको फोटो ।

तर पनि म यकिनमा पुग्न सकेकी थिइनँ । अझै पछाडि पुग्दा बच्चाको एक्लो तस्बिर । साह्रै राम्रो बच्चा । म धेरैबेर नै रोकिन्छु । प्रश्नविना ऊ जवाफ दिन्छे- 'उसको छोरा ।' अन्दाजी चार वर्षको बालक ।

'अहिले कहाँ छ ?'

'होस्टेलमा ।'

'आमाले नलगेको ?'

'उसैले खोसेर ल्याको रे ।'

'बिहे गर्दा सबै थाहा थियो ।'

'केही थियो, केही थिएन ।' उसले विवरण दिंदै गई- 'मैले जब सबै कुरा थाहा पाएँ तब सासूसँग भनें, म कसैकी छोरी थिएँ, किन मलाई नभनेर छल गरी आज यस्तो पार्नुभयो । उनले भनिन् - चार पाँच महिनापछि बिहे गर अहिले नगर भनेकै थिएँ, मानेनौ तिमीहरूकै मर्जीले गऱ्यौ । किन अर्कालाई दोष लाउछौ ?'

म यति बेला गर्न सक्ने भनेको सहानुभूतिका केही शब्द बोल्न सक्थें, बोलें र निस्किएँ ।

जाँदाजाँदै मैले भनें -'पीर नगरी सुत्नू !'

उसले भनी-'बानी भो, थकाई लाग्छ, निदाउदिनँ भने पनि निंद आफैं आउँछ ।'

मैले मेरै सानो बुबालाई सम्झें, छोरा बिग्रियो भनेर बिहे गरिदिएको बुहारीले सम्हाल्छे भनेर ।

त्यो समाजसेवीलाई सम्झें, उसले पनि आफ्नो कुलतमा लागेको छोराको निम्ति मेरै सानो बुबाको बाटो समातेको थियो ।

मेरी सानीआमा बुहारीलाई भन्नुहुन्छ - यसले त्यति जाबो लोग्ने सम्हाल्न सकिन ।

स्कुटरलाई गेटभित्र विश्राम दिएँ । मेरो मनले विश्राम पाएन । धेरै गाह्रो भो ।

आइतबार घरमा खाना खाने गरी केही पाहुना डाकेकी थिएँ ।

दिउसोदेखि खाना बनाउनमा जुटेकी थिएँ ।

टेलिफोन बज्यो, बजिरह्यो । धेरै बेरमा बल्ल उठाएँ - 'हेलो'

'हेर न, फेरि त्यस्तै भयो । आज स्कुल-समयमै खाएछ । रमिता भा'छ यहाँ, अस्पताल लानुपर्छ कि ? लग्यो भने भोलि फेरि मलाई के भा'थ्यो र लगेको भन्छन्, रिसाउँछन् । ...ल म पछि फोन गर्छु ।' आफैंले सम्पर्क विच्छेद गरी ।

तरकारी पकाउन तेल तताउँदै थिएँ ।

फेरि फोनको घण्टी बज्यो । चुल्हो निभाउँछु ।

'ल न, म कोठामा लिएर जाँदैछु । एकैछिनको लागि भए पनि आऊ न मेरो कोठामा !'

पुनः चुल्हो खोलेर चिसिएको तेल तताउँछु, प्याज भुट्छु रातो पारेर, मसला भुट्छु र ओइरन्छु काउली ।

तरकारी चलाउँदै गर्दा पनि उही अनुरोधको स्वर गुन्जिएको महसुस भैरहन्छ । ग्यास बन्द गर्छु ।

सासू-आमाको आँखाले मलाई हेरिरहन्छ । सायद भनिरहेको छ, दुनियाँभरको ठेक्का तैले नै लिएकी रहिछस् ।

उसको ढोका अघिल्तिर पुग्छु ।

ढोकाबाट बाहिरिँदै हुन्छु, रक्सीको गन्धसँग म ठोकिन्छु ।

उ अर्धचेत पल्टिरहेछ त्यै खाटमा । सिनेमामा मात्र देखेकी थिएँ त्यस्तो दृश्य । साँच्चै सिनेमाका कलाकारले ठ्याक्कै गरिदिने रहेछन् अभिनय । साँच्चै गर्दारहेछन् नक्कल । खुम्चिएको सर्ट, जिङरिङ परेको कपाल, बढेको दाह्री, रसिला राता-राता आँखा । त्यो सिनेमामा देखेको र अहिले देखेको दृश्यमा थप अहिले मुखबाट चर्को गन्ध पनि छ ।

'आर यू श्रेया ?'

'या ।' हाम्रो परिचय यसरी भयो ।

'आई वान्ट टु टक विथ यू याज अ डक्टर, श्रेया आई एम नट् ड्रङकर, आई एम नट् ड्रिंक...।' उसले वाक्य बीचमै छोड्यो र फेरि बोल्यो - 'के म जँड्याहा हूँ ?'

'होइन' भनी तनूले ।

उसले धेरै कुरा गऱ्यो । कति बुझें कति बुझिनँ । उसले मसँग बोल्न हुने वाक्य पनि बोल्यो नबोल्ने वाक्य पनि बोल्यो ।

'म तनूको नजिक जाँदा, मलाई पहिला तिमी ब्रस गर भन्छे ।'

ऊ रुन्छ । आँसु बग्छ गालाबाट तलतिर । यहाँनिर के रोयो थाहा भएन । सुनेकी थिएँ, रक्सी पनि रुन्छ कुनै बेला ।

'अस्पताल जाऔं !' तनू भन्छे ।

'मलाई के भा'छ ? के म बिरामी छु ?' सिरक ओडेर सुत्छ ऊ । केही बेरमा उठ्छ र बोल्छ - 'मलाई अस्पताल नलैजाने ? म बाँचोस् भन्ने चाहना छैन ?' उठेर हिंड्छ, लड्न खोज्छ, तनू उसलाई दौडेर समात्न जान्छे, ऊ चिच्चाउँछ - 'के म आफै हिंड्न सक्दिनँ ?' ऊ लड्खडाएर भित्ता समाउँछ ।

ज्यादै दुब्लो मान्छे, मात्र अस्थिपञ्जर छ ।

ऊ ढोकामा उभिन्छ । तनक्क तन्किएर बोल्छ- 'मे आई कम इन ?' ऊ लड्खडाउँदै आउँछ ।

'एक सर्तमा अस्पताल जान्छु, तपाईं पनि सँगै जाने भए ।' उसको प्रस्ताव ।

'म ? साँझ घरमा पाहुना आउँदैछन् । केही पाकेको छैन ।' उम्कने कोशिस गर्छु । व्यस्तता देखाउँछु ।

उ कान समातेर उठबस गर्छ । रक्सी पिएकोमा श्रीमतीसँग माफी माग्छ । तनू हीनताका हेराई हेर्छे । म किच्च हाँस्छु । मेरा दाँत मात्र हाँस्छन् ।

'तिमीलाई पछुतो छ मसँग बिहे गरेकोमा ? हसिना पनि पछुताएकी थिई, छाडेर गई मलाई, तिमी पनि जान्छौ ? उसले त एक छोरा दिएर गएकी छ ।'

ऊ बतुराउन थाल्छ । ओच्छ्यानमा पल्टन्छ ।

घरपेटी आइपुग्छन् । मलाई डाक्छन् बाहिर ।

'तपाईंको चिनजानको भन्ने थाहा पाएका'थ्यौं । यहाँ रात दिन यस्तै हुन्छ । मारपिट पनि । कुन दिन मर्ली भन्ने डर । केही बन्दोवस्त गर्नुपर्‍यो, आफन्तलाई खबर गरिदिनु पर्‍यो ।'

'मैले उसको घरवाला कोही चिनेकी छैन ।'

'माइतीमा त चिनजान होला नि ?'

'अँ !' यत्ति मात्र बोल्न सक्छु म । अरू शब्द मनभित्रै चल्छन् - माइती, को छ र ? आमा छैनन् उसको, बाबु भएर पनि छैनन् ।

अस्पताल पठाउने निर्णय हुन्छ । घरपेटीले ट्याक्सी खोजेर सहयोग गरिदिन्छ ।

केही आवश्यक सामान म झोलामा हालिदिन्छु । ट्याक्सी चढाउनुभन्दा पहिला म भन्छु - 'सबै टेस्ट गर्नू, सबै परीक्षण गराउनू । तिम्रो पनि रगतको जाँच गर्नू है डाक्टरलाई भनेर । हामी पढेलेखेकाले पनि सतर्कता अपनाउनै पर्छ ।'

तनू ट्याक्सी चढ्दै बोल्छे - 'फर्केर आएपछि बस्न एउटा कोठाको बन्दोबस्त गरिदेऊ ल !'

□ □ □

... र, यसरी आज मेरो कथाकी पात्र बनी तनू ।

# गजल




सुनील पुरी

सहरमा यौटा सानो चोक रै' छ !
यसैमाझ हाम्रो सबै थोक रै' छ !

इमानको किनबेच देख्छु अब,
मसँग त तिम्रो जस्तो रोग रै' छ !

सहरको साहु बनी बस्ने तिमी ,
मेरो भने गाउँलेको भोक रै' छ !

अरूबाट आफैँलाई हेर्न बिर्स्यौ,
किनभने त्यहीं स्वर्गलोक रै' छ !

जतिसुकै घुमेफिरे पनि यहाँ,
तिम्रो मेरो भेट त संयोग रै' छ !

# स्वतन्त्रताको परेड



बतासमा गोली चलाएर
उसले भन्यो–
नाथे बतास !
मेरो बन्दुकभन्दा बलियो कसरी भयो ?

बतास
उसकै सामुन्ने उभियो
र गीत गायो स्वतन्त्रताको
जङ्गिएर उसले भन्यो
नाथे बतास !
मसँग पौँठेजोरी खेल्ने कसरी भयो ?

बतास,
जब हुन्डरी भयो
र उसकै शिरको मुकुटमा पुग्यो
हल्लिँदै गरेको मुकुट समातेर
उसले भन्यो–
यो हुन्डरी नामको बतासमा
आतङ्कको घुसपैठ भयो !

बतासमा
मान्छेका सपनाहरू थपिए,
मान्छेका आक्रोश र पीडाहरू मिसिए
जब थेग्नै नसक्ने गरी
हल्लाइदियो बतासले– उसको मुकुटलाई
उसले भन्यो–
'हुन्डरीसँग मिसिएर
यो मुलुकको जम्मै बतास आतङ्कवादी भयो ।'

'युगौंदेखि
को मच्चाइरहेछ आतङ्क यो मुलुकमा ??'
बतासले चिच्याएर भन्यो–
एकदिन
यही मुकुटको चिहानमाथि
मैदान बनाउँछु म
जहाँ परेड खेल्नेछ– स्वतन्त्रताले !



सोमनाथ सुवेदी

# क्रिस्टल फाइनान्स लिमिटेड (वित्तीय संस्था)

चाइना टाउन सपिङ्ग सेन्टर, चर्चिल कम्प्लेक्स
बागदरबार, काठमाडौं, नेपाल
पो.ब. बक्स: १९३५०,
फोन: ४२१८२६९, ४२१८२७०, ४२१८२७१
फ्याक्स: ९७७-१-४२१९०५८,
E-mail: crystal@htp.com.np, Website: www.crystalfinance.com.np

ग्राहक वर्गलाई
आफ्नो लगानीको जोखिमबाट
मुक्त राख्ने विश्वास दिलाएर
यो संस्थाले
सफलतापूर्वक चौथो वर्ष पार गर्दै
पाँचौ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा
संस्थाप्रति हामी
हार्दिक वधाई ज्ञापन गर्दछौं ।

– *शारदा* परिवार

# नेपाली र नेपाल भाषासाहित्यमा अविस्मरणीय 'मोतीलक्ष्मी'



निर्मलकुमार आचार्य

मोतीलक्ष्मी तुलाधर 'उपासिका' नेपाली र नेपाल (नेवारी) भाषा, साहित्यका क्षेत्रका अविस्मरणीय र स्तुत्यनाम हो । भाषा, साहित्य र समाजसेवाका क्षेत्रमा उनले पुऱ्याएको योगदान सराहनीय मात्रै होइन, अनुकरणीयसमेत रहेको छ ।

मोतीलक्ष्मी तुलाधरको साहित्यिक यात्रामा शारदा पत्रिकाको विशेष भूमिका रहेको छ । वि.सं.१९९० देखि नेपाली भाषामा लेख्नथालेकी मोतीलक्ष्मीका रचनाले सर्वप्रथम शारदा पत्रिकाबाट झुल्कने अवसर पाएको हो । उनको पहिलो नेपालीकथा 'रोदन' हो र दोस्रो कथाचाहिँ 'पुनर्विवाह' हो ।

जहानियाँ राणाशासनको निरङ्कुश परिपाटीमा लेख्ने, छाप्ने र प्रचारमा आउने काम निकै कठिन र भययुक्त रहेकाले उनका प्रारम्भिक रचनामा 'एम. लक्ष्मी' नाम राखिएको देखिन्छ । शारदा बाहेक अन्य केही पत्रिकामा पनि उनका रचना यही नाममा छापिएका छन् ।

नेपाली साहित्यमा सम्भवतः प्रथम नेपाली महिला आधुनिक कथाकार मोतीलक्ष्मीबारे धेरैले नलेखेका होइनन् तर उनका सम्बन्धमा पूर्ण जानकारी अझै अध्ययन, अनुसन्धानकै विषय बनेको छ । समालोचक ईश्वर बरालले आफ्नो कृति 'झ्यालबाट'मा मोतीलक्ष्मीबारे यसो लेखेको पाइन्छ-

नेपाली कथामा आधुनिकता प्रवेश गराउने श्रेय शारदा पत्रिकालाई प्राप्त छ । यसरी शारदा को प्रकाशनपछि अर्थात् वि.सं.१९९२ यता आधुनिककाल मानिन्छ । यसैकालको थालनीमा एम.लक्ष्मी देखापर्छिन् ।

यसैगरी समालोचक बराल अर्को ठाउँमा लेख्छन्- अर्को शैलीविशेष एम.लक्ष्मीको रोदन (१९९४) देखिन्छ । पत्राचारको यो प्रथमकथा हो र नारीहृदयको सहज कोमलता, आवेगको उद्वेलन तथा कारुणिकता पाइन्छ ।

नेपाल (नेवारी) भाषातर्फ कथा तथा निबन्ध विधामा

हात चलाउने महिला साहित्यकारमा मोतीलक्ष्मी नै प्रथम रहेकामा दुईमत रहन्न । नेपाल भाषाको कविता फाँटमा पनि उनी पछि परेकी देखिँदैन । नेपाल भाषामा उनका अनेक कथा देखिन्छ । उनको कथायात्रामा थालनीकथा चाहिँ 'लँ' (बाटो) हो । यसबाहेक ब्यकुँ, कुर्लिम, निनि, स्मृतिया मूर्ति, पौ, समाप्ति, छ्याक कथा रहेका छन् ।

मोतीलक्ष्मीको नेपाल भाषामा लिखित निबन्ध कम छैनन् । 'आँसु' उनको पहिलो निबन्ध हो भने विभिन्न पत्रपत्रिकामा एघारवटा जति निबन्ध प्रकाशित भएका छन् । उनको पहिलो निबन्ध-सङ्ग्रहचाहिँ 'सङ्घ' हो । 'धौबजी' पनि निबन्ध-सङ्ग्रह नै हो । यसबाहेक जातककथाहरूको विश्लेषणात्मक अनुवादप्रस्तुति रहेको कृति हो- 'उत्पलवर्णा' ।

मोतीलक्ष्मी कथाकार, निबन्धकार तथा अनुवादक मात्रै नभई कवयित्री पनि हुन् । उनी गद्य तथा पद्यमा कविता लेख्न समर्थ थिइन् । उनको 'चाया सल्लाह' (रातीको सल्लाह) पद्यकविताको विशिष्ट नमुना हो भने 'यः दाइ,.....आजिँ छुयाये' (ए दाइ, अब म के गरूँ) गद्यकविताको नमुना हो । उनको कविता संग्रहचाहिँ 'चखुन्चिया सर्वे' हो ।



मोतीलक्ष्मी तुलाधर

उनी लेख लेख्न पनि त्यत्तिकै समर्थवान् थिइन् । उनको 'समानताको विषयमा' शीर्षकीय लेख एसएलसीको नेपाल भाषातर्फ पाठ्यपुस्तकमै समावेश हुनुले पनि वाङ्मयसेवा निकै व्यापक रहेको स्वतः झल्कन्छ ।

उनका रचना नेपालबाट प्रकाशित हुने पत्रिकामा मात्रै सीमित रहेन । भारतबाट प्रकाशित हुने पत्रिकामा पनि उनका रचना छापिन्थे । भारतको सारनाथ, बनारसबाट छापिने 'धर्मदूत' र कालिम्पोङबाट छापिने 'धर्मोदय' पत्रिकाले उनका रचनालाई स्वदेश तथा विदेशमा परिचय गराएको छ । 'धर्मोदय' नेपाल भाषामै छापिने पत्रिका थियो भने हिन्दीमा छापिने बौद्धधर्मसम्बद्ध मासिक 'धर्मदूत'मा चाहिँ पछाडिपट्टि चारपृष्ठ नेपाल भाषाका लागि राखिएको नेपाल भाषा परिषद्का अध्यक्ष फणीन्द्ररत्न वज्राचार्यबाट जानकारी पाइएको छ ।

नेपाल संवत् २०२९ मा नरदेवी, काठमाडौँमा जन्मिएकी मोतीलक्ष्मीकी माता ज्ञानलक्ष्मी तुलाधर र पिता द्रव्यधर तुलाधर हुन् । नेपाल भाषाका महाकवि चित्तधर 'हृदय' उनका दाजु हुन् । बेटीलक्ष्मी र न्हुच्छेलक्ष्मीचाहिँ बहिनी हुन् ।

पण्डित पूर्णप्रसाद ब्राह्मण उनका दाजुलाई पढाउन आउँदा उनले पनि संस्कृत व्याकरण तथा साहित्यको अध्ययन गर्ने मौका पाएकी हुन् भने भिक्षु अमृतानन्दसँग उनले पालिभाषा पढेकी हुन् ।

पिता ल्हासाका व्यापारी भए तापनि दाजु भाषासेवी भएकाले मोतीलक्ष्मीको प्रवृत्ति पनि सुरुदेखि नै दाजुजस्तै रह्यो । साँच्चै भन्ने हो भने दाजु नेपाल भाषाका 'महाकवि' हुनाका पछाडि मोतीलक्ष्मीको ठूलो हात रहेको छ । राणाको कैदमा पर्दा दाजुले चुरोटको बट्टामा लेखेर दिएका कुरा खाना पुऱ्याउन जाँदा बडो होसियारीसाथ ल्याउँदै विधिपूर्वक सारेर राख्ने काम मोतीलक्ष्मीबाट हुन नसकेको भए पक्कै 'सुगत सौरभ' महाकाव्य तयार हुन सक्दैनथ्यो । सर्वविदितै यथार्थ हो, यही 'सुगत सौरभ' नै चित्तधर 'हृदय'को सर्वोत्कृष्ट कृति हो । यस कृतिको अनुवाद नेपालीमा मात्रै होइन, अङ्ग्रेजीमा समेत भइसकेको छ ।

यसबाहेक दाजुले जहिले पनि आफ्ना रचना तयार भएपछि बहिनीलाई सुनाउने गरेका र त्यसमा केही यताउता हुँदा परामर्शसमेत दिने भएकीले 'हृदय'को काव्यविकासमा अप्रत्यक्षतः मोतीलक्ष्मीको पनि देन रहेकामा शङ्का रहन्न ।

सात, आठवर्षकै उमेरमा उनको विवाह काजीमान सिंह तुलाधरसँग भए तापनि दाम्पत्यजीवन भने सुखकर तथा लामो समयको रहेन । पछि, सम्बन्धविच्छेदसमेत गर्नुपऱ्यो । यसपछि उनी आफ्नै माइतीमा अन्तिमकालसम्म दाजुकै सेवा गर्दै बसिन् । भाउजूको देहान्तपछि दाजु चित्तधर पक्षघातबाट पीडित हुनपुगी व्यथित रहेकाले उनले पछिसम्मै सेवा गरेको देखिन्छ ।

नेपाल भाषाको उन्नति, महिला विकास र समाजसेवामा उनी सदैव अग्रसर रहिन् । वि.सं.२००७ साल फागुन २० गते स्थापित 'नेपाल भाषा परिषद्'को कार्यकारी सदस्य रहेकी मोतीलक्ष्मी दाजु चित्तधरको निधन (नेपाल संवत् ११०२) पछि परिषद्को कोषाध्यक्ष बन्नपुगिन् र अन्तिम बेलासम्म सोही पदमा रहेर काम गरिन् । यस परिषद्का संस्थापक अध्यक्ष चित्तधर 'हृदय' हुन् ।


वि.सं.२००९ सालमा सर्वप्रथम आयोजित 'बृहत् नेपाल भाषा साहित्य सम्मेलन'मा सहभागी भई 'पासा' (साथी) निबन्ध सुनाएकी मोतीलक्ष्मी 'नेपाल भाषा मिसा खलः'की संस्थापक अध्यक्ष हुन् । २०१२ सालमा आयोजित नेपाल भाषा महिला साहित्य सम्मेलनको सभापतित्व ग्रहण गरेकी मोतीलक्ष्मी 'नेपाल भाषा एकेडेमी'को पार्षद पनि बनिन् ।

मोतीलक्ष्मीको जीवनको उत्तरार्द्धकालचाहिँ विशेषतः अध्यात्मक्षेत्रसँग नै सम्बद्ध रह्यो । उनी नेपाल तथा भारतका विभिन्न बौद्धतीर्थमा भ्रमण गर्न गइन् । धार्मिक विधि व्यवहारमा पनि उनी परम्परा भिन्न रूपमा देखापरिन् । उनको पुर्ख्यौलीधर्म 'महायानी' बौद्ध परम्परा भए तापनि उनले 'थेरवाद' अँगालिन् । नेपालमा थेरवादको प्रचारमा उनको विशिष्ट योगदान मानिन्छ । उनको उपनाम (उपासिका)ले पनि उनको धर्मप्रियता नै झल्काउँछ । बौद्धदर्शनमा भिक्षु, भिक्षुणी, उपासक र उपासिकालाई धर्मरथका चारपाङ्ग्रा मानिन्छ र चारपाङ्ग्राविना रथ गुड्नै नसक्ने भएकाले उनले आफूलाई पनि एक अङ्गका रूपमा धर्मप्रति समर्पित गरेको प्रस्ट छ ।

२०५४ साल माघ १९ गते यस संसारबाट बिदा लिएकी मोतीलक्ष्मीका सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान, मूल्याङ्कन तथा चिरस्मृतिको चाँजोपाँजो मिलाउनेतर्फ ध्यान जानु अति जरुरी देखिएको छ ।

मोतीलक्ष्मीको सम्मानका सम्बन्ध विगतमा केही काम भएको पनि नदेखिएको होइन । नेपाल नारी साहित्य सेवा केन्द्रले २०४९ मा उनको अभिनन्दन गरेको थियो भने उनी ८० वर्षकी हुँदा 'मोतीलक्ष्मी उपासिका समारोह समिति'बाट ने.सं.१९०९ मा विशेष सम्मान गरिएको थियो ।

# गजल





ईश्वरी कार्की वर्षा

जीतसँगै हार हुन्छ कैले
हाँसोखुसी अपार हुन्छ कैले

निकम्मा नभन्नु कसैलाई
काम मारामार हुन्छ कैले

वर्षौंवर्षको कुरै नगर
एकै नजरमा प्यार हुन्छ कैले

महँगीको यस्तो बजारमा
दिलकै कारोबार हुन्छ कैले

घोच्नु केवल काँडाको धर्म हो
फूलमा पनि धार हुन्छ कैले ।

समालोचना

# समकालीन नेपाली कवितामा सशस्त्र द्वन्द्वजन्य प्रभाव



लक्ष्मणप्रसाद गौतम

## समकालीन नेपाली कविता:

परिवर्तित समयअनुसार आज / अहिलेको वर्तमान / सम्प्रतिसँग सम्बद्ध अभिलक्षण र विशेषता भएको कविता नै समकालीन कविता हो । समकालीन कवितामा युगीन परिवर्तित राजनीतिक, सामाजिक आदि विविध सन्दर्भको प्रतिविम्बन पाइन्छ । अहिलेको वर्तमानसँग सम्बद्ध हुनु, परिवर्तित समयसँग सम्बद्ध हुनु र वर्तमानका अभिलक्षण र विशेषताले युक्त हुनु समकालीन नेपाली कविताको सबैभन्दा पहिलो पहिचान हो । त्यसकारण समकालीनतामा समयसापेक्षताको महत्त्वपूर्ण भूमिका हुन्छ । यस आधारमा हरेक युग र समयको सबैभन्दा पछिल्लो कवितालेखन नै समकालीन कविता हो । आज लेखिँदैमा कविता समकालीन हुँदैनन् । आज लेखिएका वा लेखिने सबै कविता समकालीन होइनन् । कविता समकालीन हुन कवितामा समकालीन चेतना हुनुपर्छ ।

नेपाली कविताका सन्दर्भमा वर्तमानमा उभिएर हेर्दा खास रूपमा २०३६ को सडक कविता क्रान्तियताका कवितालाई समकालीन नेपाली कविता मानिन्छ । सडक कविता क्रान्तिले नेपाली कवितालाई पूर्ववर्ती प्रयोगवादी प्रवृत्तिका जटिलताबाट मुक्त गरेर कवितालाई सडकमा उतारेपछि नेपाली कविताले नयाँ मोड लियो । यस प्रारम्भिक मोडले कविताको वस्तु र शैली दुवैमा पूरै नवीनता ल्यायो । २०४६ को सडक कविता आन्दोलनले समकालीन नेपाली कवितालाई केही नवीन प्रवृत्तिका साथ देखायो । यो समकालीन नेपाली कविताको दोस्रो मोड हो । २०५२/०५३ यताको सशस्त्र द्वन्द्वग्रस्त परिस्थितिले नेपाली जीवन र समाजलाई अत्यन्त प्रभावित पाऱ्यो र यसको परिणतिस्वरूप कवितामा अर्को नयाँ मोड आयो । यो मोड समकालीन नेपाली कविताको तेस्रो मोड र यही नै सबैभन्दा पछिल्लो समकालीन नेपाली कविताका प्रवृत्तिको आधार पनि हो । यसै तेस्रो मोडका कवितामा सशस्त्र द्वन्द्वजन्य प्रभाव र परिणतिको यथार्थ प्रतिबिम्बन पाइन्छ ।

## सशस्त्र द्वन्द्वजन्य परिवेश र नेपाली कविता:

समकालीन नेपाली कवितामा २०५२/०५३ यताको सशस्त्र द्वन्द्वले एउटा विशिष्ट मोड ल्याएको देखिन्छ । एकातिर बहुदलीय प्रजातान्त्रिक व्यवस्थाका आडमा रहेर नेताहरूले सत्ताको चरम दुरुपयोग गर्नु र अर्कातिर आन्तरिक द्वन्द्वजन्य प्रभावले धनजनको क्षति हुनथाली देशमा अराजक परिस्थितिको सिर्जना हुनुजस्ता घटनावलीले नेपाली जनजीवन अत्यन्त कष्टकर हुँदै गएको देखिन्छ । सशस्त्र विद्रोही समूह र सरकारी सैन्यबलजस्ता दुई बन्दुकका बीचमा नेपाली जनताले भोग्नुपरेको पीडा र भोगाइ नै पछिल्लो समयका समकालीन नेपाली कविताका विषयवस्तु रहेका छन् । नेपाली समाजभित्रकै द्वन्द्व र द्वन्द्वको कारक तत्त्वका रूपमा रहेका सरकारी र विद्रोही पक्ष एवम् द्वन्द्वको कष्टकर परिणतिलाई देख्ने र भोग्ने नेपाली समाज र जीवनको प्रतिविम्ब द्वन्द्वग्रस्त समयका नेपाली कवितामा पाइन्छ । यस आधारमा द्वन्द्व परिवेशका निम्नलिखित तीन पक्ष देखिन्छन्:

(क) सशस्त्र द्वन्द्वको आयोजक/सञ्चालक विद्रोही पक्ष,
(ख) सशस्त्र द्वन्द्वलाई बल प्रयोग गरी दबाउने सरकारी पक्ष,
(ग) सशस्त्र द्वन्द्वका सञ्चालक विद्रोही पक्ष र त्यसलाई दबाउने सरकारी पक्षको दोहोरो मारमा परेर पीडा भोग्न विवश भई दुवैका हत्या हिंसाप्रति विमति जनाउने पक्ष ।

यी तीन पक्षमध्ये सशस्त्र द्वन्द्वलाई अनिवार्य आवश्यक ठानेर विद्रोह गर्ने विद्रोही पक्ष र विद्रोही शक्तिलाई परास्त गर्न विद्रोही शक्तिले झैं हत्याहिंसाको बाटो अपनाउने सरकारी पक्ष दुवै अतिवादी सोचबाट ग्रस्त देखिन्छन् । विद्रोही पक्ष सशस्त्र द्वन्द्वको सञ्चालक हो र यसले सर्वहारा वर्गको मुक्तिका निमित्त मार्क्सवादी चिन्तनअनुरूप सशस्त्र द्वन्द्वको सञ्चालक विद्रोही पक्षलाई आतङ्ककारी शक्ति ठानेर त्यसलाई दबाउनैपर्ने आवश्यकता देखेको पाइन्छ । यी दुवै पक्षका हत्या, हिंसाको चपेटामा परेको तेस्रो पक्ष भनेका सर्वसाधारण नेपाली जनता हुन् । दुई बन्दुकका बीचको पीडालाई अभिव्यक्त गर्दै हत्या हिंसाको विरोध र शान्तिको कामना गर्ने पक्षका रूपमा यो तेस्रो पक्ष देखिन्छ । समकालीन नेपाली कविताको यस पछिल्लो मोडमा सबैभन्दा बढी यही तेस्रो पक्षको पीडाबोध पाइन्छ ।

सशस्त्र विद्रोहबाट उत्पन्न आन्तरिक द्वन्द्व र तज्जन्य परिणतिले नेपाली जीवन र समाजमा पारेका प्रभावहरूका केन्द्रीयतामा अहिलेको समकालीन नेपाली कविता प्रवाहित देखिन्छ । यसबाट आजका कवितामा निम्नलिखित स्थितिहरू आएको पाइन्छ:

(क) जनवादी शासन व्यवस्थाको स्थापनाका लागि सशस्त्र द्वन्द्वको आवश्यकता र औचित्य भएको भावयुक्त कविता लेखिनु,
(ख) सशस्त्र द्वन्द्वको समर्थन, विरोध र दोहोरो द्वन्द्वमा परेका नेपालीहरूको पीडाका द्रष्टा र भोक्ता अनुभूतिमा केन्द्रित कविता लेखिनु,
(ग) सशस्त्र द्वन्द्वजन्य रक्तपातको विरोध गर्दै शान्तिस्थापनको चाहना र आग्रह व्यक्त गरिएका कविता लेखिनु,
(घ) असुरक्षा, भय, हत्या-हिंसा, आतङ्क, सन्त्रास, मानवअधिकारको हनन् आदि युगीन सन्दर्भले ल्याएका विकराल स्थितिको भाव व्यक्त भएका कविता लेखिनु,
(ङ) निरङ्कुश राजतन्त्रको विरोध र लोकतन्त्र गणतन्त्र पक्षमा आधारित कविता लेखिनु आदि ।

सशस्त्र द्वन्द्वग्रस्त परिवेशमा द्वन्द्वको तीव्र विरोध र तीव्र समर्थनमा लेखिएका कविताहरूको प्रकाशन त्यति सहज नभएको र त्यस्ता कविता दुवै पक्षको डरका कारण न्यून मात्रामा प्रकाशित भएकाले सशस्त्र द्वन्द्वजन्य हत्या, हिंसा, आतङ्क, सन्त्रास, अशान्ति आदिको विरोध तथा शान्ति र सुव्यवस्थाको कामना गरिएका एवम् मानवअधिकारको संरक्षणमा जोड दिइएका कविता बढी लेखिनु स्वाभाविक देखिन्छ ।

## द्वन्द्व कविता : तथ्याङ्क र विश्लेषण:

सशस्त्र द्वन्द्वबाट सन्त्रास एवम् आतङ्कमय परिस्थिति सिर्जना भएको र यसबाट नेपालीहरू आक्रान्त भई असुरक्षित जीवन बाँच्नुपरेको एवम् द्वन्द्वजन्य आक्रान्त मानसिकताले पीडा भोग्नुपरेको यथार्थलाई पनि समकालीन नेपाली कवितामा अभिव्यक्त गरिएको पाइन्छ । सशस्त्र द्वन्द्वबाट नेपाली जीवन र समाजको भविष्य अन्योलग्रस्त भएको र सङ्कटग्रस्त परिस्थितिको सिर्जना भई सशस्त्र द्वन्द्वका नकारात्मक पक्षप्रति विमतिको भाव व्यक्त भएका कविता पनि प्रशस्त लेखिएका छन् ।

द्वन्द्वजन्य संहारका कारण सशस्त्र द्वन्द्वको अन्त्य हुनुपर्ने भाव व्यक्त गरी युद्धविरामका दागि आह्वान गरिएका र शान्तिकामी चेतनाको अभिव्यक्ति प्रकट गरिएका कविताहरूले युगीन यथार्थलाई विभिन्न किसिमले प्रस्तुत गरेको पाइन्छ । द्वन्द्वजन्य परिवेशका त्रासद र ि यथार्थलाई अभिव्यञ्जित गर्ने कविताका क६। तथ्याङ्कहरूले समकालीन नेपाली कवितामा प्रतिविम्बित युगचेतना/युगबोधलाई यस प्रकार देखाएको पाइन्छ :-

*'हिजोको वर्षजस्तै यो वर्ष पनि*
*डढिसकेको छ बारुदले हाम्रो मूल्य र मान्यता ।'*

*(उपेन्द्र श्रेष्ठ ,*
*'सहिनसक्नु छ...')*

यस कवितांशमा द्वन्द्वपीडित नेपालीहरूको पीडाबोधलाई प्रस्तुत गरिएको छ । हत्या, हिंसा र सन्त्रासका कारण हाम्रो मूल्य र मान्यता डढिसकेको युगीन यथार्थलाई अभिव्यक्त गरी बम र बारुदहरूले नेपालीहरूको अस्तित्व नै सङ्कटमा परेको कुरा पनि प्रस्तुत गरिएको छ र जसबाट वर्तमानको पीडाजन्य अनुभूतिलाई अभिव्यञ्जित गरिएको पाइन्छ ।

*चुलिदैं चुलिदैं गइरहेछ लासहरूको हिमालय*
*मसानघाट जस्तो देश ।*

*(मीनबहादुर विष्ट,*
*'लासहरूको सगरमाथा')*

नेपालको सशस्त्र द्वन्द्वले ल्याएका नकारात्मक परिणति र नरसंहारको कुरूप यथार्थलाई यस कवितांशमा अभिव्यक्त गरिएको छ । लासहरूको हिमालय चुलिँदै जानु र देश मसानघाटजस्तो हुनुजस्ता प्रसङ्गले सशस्त्र द्वन्द्वका कारण व्यापक रूपमा नरसंहार भई लासहरूको हिमालय चुलिएको र देश मसानघाटजस्तो भएको यथार्थलाई अभिव्यक्त गरेको देखिन्छ ।

*वर्तमान सशस्त्र उभिँदा*
*यो समयले सुरक्षा कोसित माग्ने ?*

*(गोपाल पराजुली,*
*'अवस्थाको मौन परिणत')*

सशस्त्र द्वन्द्वजन्य संहारले संसार असुरक्षित भएको र वर्तमानको द्वन्द्वले नेपाली जीवन र समाज असुरक्षित भएको कुरा प्रस्तुत गरेर आज वर्तमान नै सशस्त्र उभिइरहेको परिस्थितिमा यो समयले कोसित सुरक्षा माग्ने ? भनी प्रश्न गरिएको छ । यसरी कवितांशमा नेपाली युग जीवनले भोग्नुपरेको असुरक्षा, सन्त्रास र भयलाई प्रस्तुत गरिएको छ ।

*फेरि शङ्ख फुकेर को गर्दैछ युद्धको घोषणा ?*
*...रे चुरचुर छु अब म युद्ध सकिए हुन्थ्यो ।*

*(अशेष मल्ल,*
*'अब त भाले बासे हुन्थ्यो')*

...तुत कवितांशमा युद्धविरोधी चेतना मूल कथ्य बनेर आ... ो छ । फेरि शङ्ख फुकेर युद्धको घोषणा गर्ने तत्वलाई युद्ध रोक्न आह्वान गरी नेपालीहरू युद्धजन्य पीडाबाट आहत भएकाले तिनको शान्तिकामी चेतनालाई पनि यहाँ प्रस्तुत गरिएको छ । यसप्रकार प्रस्तुत कवितामा अभिधाका स्तरमा वर्तमान नेपाली जनताले भोग्नुपरेको युद्ध पीडाको सन्दर्भ रस व्यञ्जनाका स्तरमा विश्वमा बढ्दै गएको युद्ध विभीषिकालाई देखाइएको छ ।

*दिनका दिन मानिस आगो र*
*बारुदले डढ्यो भन्छन् अहिले त...*
*नानी केटाकेटीका हातमा फूल सल्किसक्यो ।*

*(ईश्वरवल्लभ,*
*'निरन्तर/निरन्तर')*

आगो र बारुदले मानिस डढ्नु र नानीहरूका हातको फूल सल्कनु द्वन्द्वजन्य संहारको त्रासद र विद्रूप यथार्थ हो । यस कवितांशमा वर्तमानको द्वन्द्व, सन्त्रास र आतङ्कमय परिवेशले संहार मात्र भएको र सानासाना बालबालिकाको भविष्य अन्योल, अन्धकारमय, दिशाहीन एवम् अस्तव्यस्त भएको कुरा देखाइएको छ ।

*रक्तपात, संहार, युद्धको सुन्दरता*
*सुखमदमा मस्त/युद्ध उल्लासमय छ ।*

*(मुकुल दाहाल,*
*'युद्धपीडा')*

युद्ध रक्तपात, संहार र सुन्दरताको भोको हुन्छ अनि अरूलाई रुवाएर सुखमदमा मस्त रही उल्लसित हुन्छ भन्ने देखाएर यस कवितांशमा युद्धका कार्यव्यापारलाई मानवीकरण गरी प्रस्तुत गरिएको छ । यसरी नेपालको द्वन्द्वग्रस्त परिवेशमा युद्ध मात्र उल्लासमय भएको तर नेपाली जीवन र समाज अत्यन्त त्रासद परिस्थितिमा रहेको कुरा यहाँ देखाइएको छ ।

*हामीहरू आजै छापामार भए कसो होला ? ..*
*बारुद पड्काउँदै*
*जनयुद्धकै भयानक गीत गाइदिए कसो होला ?*

*(पूर्णविराम,*
*'कसो होला')*

यस कवितांशमा नेपाल कम्युनिस्ट पार्टी माओवादीद्वारा भूमिगत भई सुरु गरिएको सशस्त्र विद्रोहप्रति समर्थन गरिएको भाव व्यक्त गरिएको छ । यसक्रममा रासायनिक हातहतियार निर्माण गरेर सशस्त्र विद्रोह वा जनयुद्धलाई उच्चतामा पुऱ्याउन छापामार भएर बारुद पड्काउँदै जनयुद्धका भयानक गीत गाउने सन्दर्भ प्रस्तुत गरेर क्रान्ति चेतनालाई समेत अभिव्यञ्जित गरिएको छ ।

*अति भयो बहादुरी नदेखाऊ साथी*
*आफ्नै भाइ मारी खुसी नमनाऊ साथी ।*

*(सरस्वती शर्मा 'जिज्ञासु',*
*'अति भयो बहादुरी')*

यस कवितांशमा सशस्त्र द्वन्द्वरत पक्षहरूलाई आफ्नै बन्धुबान्धवको हत्या गरेर बहादुरी नदेखाउन र आफ्नै भाइलाई मारेर खुसी नमनाउन खबरदारी गरिएको छ र यसका माध्यमबाट हत्याहिंसा बन्द हुनुपर्ने सङ्केत पनि गरिएको छ । आफ्नै नेपाली दाजुभाइलाई मारेर बहादुरी देखाउन तम्सने द्वन्द्वरत पक्षहरूप्रतिको तीव्र व्यङ्ग्य पनि यहाँ देखाइएको छ ।

*उनीहरू आए मेरो हातको किताब कापी खोसे*
*र सट्टामा हातमा बन्दुक थमाइदिए ।*

*(मनोज न्यौपाने,*
*'युद्धमा बुद्ध मन पराउने मान्छे')*

सशस्त्र विद्रोही समूहले दुर्गम क्षेत्रका साना साना बालबालिकाहरूका हातबाट किताब कापी खोसेर सट्टामा हातमा बन्दुक समाउन लगाएर जबर्जस्ती युद्धमा लगाएको यथार्थ सन्दर्भलाई यस कवितांशमा अभिव्यक्त गरिएको छ । सशस्त्र द्वन्द्वका कारण धेरै बालबालिकाहरू पढाइबाट वञ्चित हुनुपरेको युगीन यथार्थको प्रस्तुतिका दृष्टिले कविता प्रभावपूर्ण देखिन्छ ।

*प्रत्येक साँझ बिहान छोपेर नानीहरूका आँखा*
*त्यो बगैंचामा बारुद प्रक्षेपण घुमिरहेको छ ।*

*(ठाकुर बेलबासे,*
*'भाग्दै नरमेघबाट पुनः नरमेधमा')*

सशस्त्र द्वन्द्वजन्य सन्त्रास, असुरक्षा, भय र आतङ्कलाई यस कवितांशमा मूल कथ्य बनाइएको छ । बम, बारुद, एम्बुसजस्ता रासायनिक हतियारहरू प्रत्येक साँझबिहान साना साना बालबालिकाहरूका आँखामा घुमिरहेको कुरा देखाएर सशस्त्र द्वन्द्वका कारण बगैंचामा खेल्ने स-साना नानीहरू पनि प्रभावित भएको युगीन यथार्थलाई यस कवितांशमा अभिव्यक्त गरिएको छ ।

यसप्रकार समकालीन नेपाली कविताको यस पछिल्लो समयावधिमा लेखिएका धेरैजसो कविता नेपालको द्वन्द्वग्रस्त आक्रान्त परिवेशबाट प्रभावित छन् । सशस्त्र द्वन्द्वको समर्थन र विरोधभन्दा पनि यसको दोहोरो मारमा परेर नेपाली जनताले भोग्नुपरेको पीडा, भय, असुरक्षा, सन्त्रास, आतङ्क आदिको भोगाइ एवम् पीडाबोध र अनुभूति नै यी द्वन्द्वकविताका केन्द्रीय कथ्य हुन् । यी कथ्यहरूबाट शान्तिकामी चेतना प्रकट हुन्छ । यहाँ दिइएका उदाहरण केही नमुना मात्र हुन् र यस्ता धेरै उदाहरण लिन सकिन्छ ।

**निष्कर्ष**:

समकालीन नेपाली कविताको पछिल्लो चरणको एक दशकभन्दा बढी समयको यस अवधिमा नेपाली जीवन र समाजले सशस्त्र द्वन्द्वजन्य पीडा र भोगाइको दारुण परिस्थितिबाट आक्रान्त हुनुपरेको यथार्थ एकातिर छ भने अर्कातिर द्वन्द्वजन्य त्रासद परिस्थितिलाई भोगेर, देखेर वा अनुभव गरेर आजका कविहरूले युगीन यथार्थलाई प्रस्तुत गरेको सन्दर्भ पनि छ । यसबाट समकालीन नेपाली कविताको २०५२/०५३ यताको मोडमा युगबोध बढी टड्कारो भएर देखापरेको पाइन्छ । कवितामा युगचेतनाको सशक्तताका दृष्टिले पुरानो पुस्ताका सापेक्षतामा नयाँ पुस्ताका कविहरूका कवितामा यो चेतना अझ सशक्त भएको पाइन्छ । नेपालमा चलेको सशस्त्र द्वन्द्वले सबै वर्ग, उमेर, लिङ्ग, जाति, स्थिति आदि सम्पूर्ण किसिमका मानिसहरूलाई प्रभावित पारेको हुनाले पनि सबै स्रष्टाहरूले आफ्नो भोगाइ र अनुभूतिलाई कवितात्मक अभिव्यक्ति दिएका छन् । समग्रमा यी द्वन्द्वकविताहरू अन्याय, शोषण, दमन, हत्या, हिंसा, आतङ्क, अशान्ति, सन्त्रास आदिका विपक्षमा र शान्ति, सद्भाव, सहअस्तित्व, मुक्ति, स्वतन्त्रता आदिका पक्षमा उभिएका छन् ।

# यस्तो एउटा दौड



विमल भौकाजी

• • दौडिरहेछौं हामी
• हाम्रो अगाडि आफ्नै साथी/पछाडि पनि साथी
• दायाँ दाजु/बायाँ भाइ
तर सबै पराई/सबै शत्रु
• बस्, यही सोचमा दौडिरहेछौं ।

• • दौडनू, केवल दौडनू
• हाम्रो दिनचर्या दौडनू
• र, केवल दौडनू मात्रै होइन
दौडेर सबैलाई जित्ने हाम्रो महत्त्वाकाङ्क्षा बनेको छ ।

• • सायद, दौडमा प्रायः जित्छौं पनि
• भेल गरेर पनि जित्छौं
• जितेकोमा क्षणभर सन्तुष्टि भोग्छौं
• र, फेरि अर्को जीतका लागि दौडन्छौं ।

• • थाहा छैन, चराहरूको राज्यमा यस्तो हुन्छ कि हुन्न
• थाहा छैन, जनावरको राज्यमा यस्तो हुन्छ कि हुन्न
• तर हामी मान्छे हुनुको गर्वमा
यस्तै भइरहेका छौं, यस्तै गरिरहेका छौं
• बस् दौडिरहेछौं...... निरन्तर दौडिरहेछौं ।

• • औंलाहरूमा तीखा तीखा नङ्ग्रा लिएर
• मनमा ईर्ष्याको आँधी बोकेर
• मस्तिष्कमा लोभको ज्वारभाटा उचालेर
खोइ, कहिलेसम्म दौडिरहन्छौं हामी यस्तो निकृष्ट दौड ?

• •

• • साँच्चै दौडनू नै छ भने 'प्रेमको दौड' दौडौं !
• • प्रेममा जित्नु जस्तो ठूलो अर्को जीत कुन हुन्छ ??

२०६३/११/१०


SERVING NEWARI & NEPALI CUISINES
Happy Hours
From 5pm to 7pm
BUY 1 COCKTAIL
GET 1 FREE
Special Offer
WEDNESDAY & SATURDAY
Ladies Night
5 PM Onwards
(1 Cocktail Free only for Ladies)
Rush Bar
Lazimpat, Kathmandu (Infront of Hotel Radisson)

## तपाईंले सोचेजस्तो विभिन्न कर्जाहरू उपभोग गरी लाभान्वित हुनुहोस् ।




उपयुक्त ब्याज

सुरक्षित बचत

सुगम कर्जा सुविधा

पाको, न्यूरोड, पो.व.नं. ६९४२, काठमाडौं
फोन: ४२४०१३४, ४२४२३०२, ४२२८३८०
फ्याक्स: ४२२२९२०
Email: nfc@nfcl.www.com.np
website: nationalfinanceltd.com.np

नेशनल फाइनान्स लि.
National Finance Ltd

**तपाईंको सन्तुष्टि, हाम्रो सफलता**



We are here for your non-life insurances
Since Ashwin 8, 2004 (1947, September)




CAR/EAR, Computer and other

Personal Accident, Burglary & house Breaking, Household, Cash in Transit, Medical & Health, Fidelity Guarantee, Bankers Indemnity and Other

NEPAL INSURANCE COMPANY LIMITED
Head Office:
NIC Building, 35 Kulratna Marg-3453 (Kamaladi)
P.O.Box: 3623, Kathmandu, Nepal
Tel: 4221353, 4228690, 4245565, 4245568
Fax: 977-1-4225446
E-mail: nic@wlink.com.np, www.nepalinsurance.com

*Ensure a Secure Future*


गर्वले भनौं -

नेपाली भाषा हाम्रो

मान हो

*शारदा* हाम्रो शान हो ।

- दिब्य दास हाडा
अमेरिका



50th
1953 - 2003
GOLDEN JUBILEE
Be at the top with
EVEREST
BEER
EVEREST
BEER
EVEREST
BEER
GOLDEN JUBILEE
Special
Limited Edition
EVEREST
Premium Lager Beer
"The Great Nepalese Beer" from Mt. Everest Brewery (P) Ltd.



IMAGE
CHANNEL
Available in over 70 countries | On-Air 24 X 7